जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२
२१ फागुन
अब ११ दिन बाँकी

वर्ष २७ • अंक २६५ • २०८२ साल फाल्गुन १० गते आइतबार (22 February, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## नेपाल–भारत सीमा बन्द गर्ने निर्णय

**टुडे समाचारदाता**

वीरगञ्ज। नेपाल- भारतका सुरक्षा अधिकारीहरुको शनिबार वीरगञ्जमा भएको सीमा समन्वय समितिको बैठकबाट प्रतिनिधिसभाको निर्वाचनभन्दा ७२ घण्टा अघिदेखि नै भारतसंगको सीमा पूर्णरुपमा बन्द गर्ने निर्णय गरिएको छ।

वीरगञ्जमा शनिबार भएको दुई देशीय बैठकबाट निर्वाचनको समयमा हुन सक्ने क्रस बोर्डर अपराधको सम्भावनालाई मध्यनजर गर्दै आवश्यक सतर्कता अपनाउने तथा सीमामा हुन सक्ने मदिराको खरिद बिक्री एवं सेवन तथा नक्कली नोटको कारोबारमा पनि आवश्यक निगरानी बढाउने सहमति भएको बताइन्छ।

उक्त बैठकमा पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र र भारत बिहार पूर्वी चम्पाराण जिल्लाका डिक्सट्रिट मेजिस्ट्रेट सौरभ जोरवाल र पश्चिम चम्पारणका जिल्लाका मेजिस्ट्रेट धर्मेन्द्र कुमारको नेतृत्वमा दुवै देशका मातहतका सुरक्षा अधिकारीहरुको समेत उपस्थिति रहेको थियो। नेपालतर्फका नेपाली सेनाबाहेक सम्पूर्ण सुरक्षा निकायका अधिकारीहरुको पनि सहभागिता रहेको थियो।

### गौरमा तनाव कायमै

# अनिश्चितकालीन कर्फ्यू, झडप र आगजनीपछि सेना परिचालन

**सञ्जय मिश्रा**

रौतहट। रौतहटको गौर नगरपालिका-६ स्थित सवगढामा शुक्रबार दिनभरिको दुई समुदायबीचको झडप भएको थियो। सो झडपपछि जिल्ला प्रशासन कार्यालयको पहलमा ६ बुँदे सहमति भएको थियो। तर सो सहमति प्रति बेवास्ता गर्दै शनिबार दिनभर गौर तनावग्रस्त रह्यो।

गौरको अवस्थालाई नियन्त्रणमा लिनका लागि जिल्ला प्रशासन कार्यालय रौतहटले अनिश्चितकालीन कर्फ्यू आदेश जारी गरेको छ। दुई समुदायबीचको तनावपूर्ण अवस्थालाई नियन्त्रणमा लागि जिल्ला सुरक्षा समिति रौतहटले शनिबार दिउँसो १ बजेदेखि अर्को आदेश नभएसम्म गौर नगरपालिकामा कर्फ्यू आदेश जारी गरेको छ।

गौर नगरपालिकाको पूर्वतर्फको मुडवलवा गेट, पश्चिमतर्फको ललवैया बाँध, उत्तरतर्फको बम नहर र दक्षिणतर्फको गौर भन्सार कार्यालय गेटसम्म कर्फ्यू आदेश जारी गरिएको छ। कर्फ्यू आदेशको उल्लंघन गर्नेलाई कानून बमोजिम कारबाही गर्ने प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले चेतावनी दिए।

दुई समुदायबीच भएको ६ बुँदे सहमतिलाई बेवास्ता गर्दै शनिबार बिहानदेखि नै योजनावद्ध तवरले झडप भएको थियो। झडपका क्रममा गौरमा ३ वटा गाडी र २ वटा मोटरसाइकलमा आगजनी गरिएको छ। यसका साथै एक पेट्रोल पम्पमा तोडफोडसमेत भएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता विष्णुप्रदीप वस्यालले आगजनी र तोडफोड भएको पुष्टि गर्दै स्थिति नियन्त्रणमा लिनलाई सुरक्षाकर्मी परिचालन गरिएको बताए। झडपले उग्र रुप लिएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसहितको सुरक्षाकर्मी परिचालन गरिएको छ। यस अघि शुक्रबार स्थिति नियन्त्रणका लागि सुरक्षाकर्मीले १२ राउण्ड हवाइफायर र ४० राउण्ड अश्रुग्यास प्रहार गरेको थियो।



गौरमा शुक्रबार दुई समुदायबीच भएको सामान्य भनाभनले उग्ररुप लिएपछि दंगामा परिणत भएको थियो। सो क्रममा तोडफोड, आगजनी र ढुंगामुढा हानाहानका घटना बढेपछि स्थानीय प्रशासनले कर्फ्यु आदेश जारी गरेको छ।

गौर नगरपालिकास्थित विभिन्न धार्मिक स्थल र सवारी साधन लक्षित आक्रमण भएपछि सुरक्षा अवस्था अत्यन्त संवेदनशील बनेको छ।

सो क्षेत्रमा अहिलेसम्म ५ वटा मोटरसाइकल, २ वटा स्कुटर, १ वटा स्कार्पियो गाडी र १ वटा ई-रिक्सा गरी जम्मा ९ वटा सवारी साधन पूर्ण रूपमा जलेर नष्ट भएको जनाइएको छ।

त्यस्तै २ वटा मोटरसाइकल र १ वटा ई-रिक्सा गरी ३ वटा सवारी साधन तोडफोड गरिएको छ।

ढुंगामुढा हानाहानका क्रममा गौर नगरपालिका-६ का अन्दाजी ४६ वर्षीय भगरिथ साहको टाउकोमा चोट लागेको छ। यसअघि घाइते भएका ६ जना स्थानीय उपचारपछि डिस्चार्ज भइसकेका छन्। घटनामा घाइते भएका २ जना प्रहरी कर्मचारी पनि डिस्चार्ज भइसकेका छन्।

रौतहट प्रशासनले दंगा भड्काउने आरोपमा जनमत पार्टीका नेता शेख जमशेद र गौर नगरपालिका-६ का वडाध्यक्ष अवध विहारी प्रसाद तेलीलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ। यससंगै थप २० जनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको बताइएको छ। सामाजिक सद्भावमा खलल पुऱ्याउनेहरुलाई नियन्त्रणमा लिइ प्रशासनले अनुसन्धान अघि बढाइएको प्रमुख जिल्ला अधिकारी भुसालले बताए।

संवेदनशील क्षेत्रमा अतिरिक्त प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनासमेत परिचालन गरिएको छ।

## उच्च संयमता अपनाउन केन्द्रीय सुरक्षा समितिको आग्रह

**टुडे समाचारदाता**

गौर। रौतहटमा कायम तनावलाई दृष्टिगत गरी दुबै पक्षलाई उच्च संयमता अपनाउन सरकारले आग्रह गरेको छ।

रौतहटमा दुई समुदायबीच भएको विवादले उग्ररुप लिएपछि उत्पन्न परिस्थितिबारे छलफल गर्न शनिबार केन्द्रीय सुरक्षा समितिको बैठकले निर्णय गर्दै दुबै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ।

सुरक्षा निकायका चारवटै प्रमुखसहित बसेको बैठकले रौतहटमा सद्भाव कायम गर्न आग्रह गरिएको गृह मन्त्रालयका सहसचिव आनन्द काफ्लेले जानकारी दिए।

गृह मन्त्रालयकी सहप्रवक्ता रमा आचार्य सुवेदीले जारी गरेको विज्ञप्तिमा सबै पक्षलाई संयमता अपनाउन, कुनै पनि प्रकारका अवाञ्छित गतिविधि नगर्न-नगराउन तथा सबै धर्म र समुदायबीच पारस्परिक सम्मान र सहिष्णुता कायम राख्न सादर अनुरोध गरिएको छ।

रौतहट, दाङलगायतका क्षेत्रमा धार्मिक सहिष्णुता र सामाजिक सद्भावमा असर पर्ने गतिविधि, सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा आगजनी र तोडफोड, राजनीतिक दलका झण्डा जलाउने जस्ता कानूनविपरीत कार्य भएका छन्। यस्ता गतिविधिले सामाजिक मर्यादा र आपसी विश्वासमा आँच पुऱ्याएको ठहर गरिएको जनाइएको छ।

त्यस्तै केन्द्रीय सुरक्षा समिति बैठकद्वारा नेपाल प्रहरीका एआइजी उमाप्रसाद चतुर्वेदीलाई मधेशमा पछिल्लो समय भएको र हुनसक्ने सम्भावित गतिविधिको विश्लेषण गर्न खटाउने निर्णय गरेको छ।

गृह मन्त्रालयमा बसेको समिति बैठकले एआइजी चतुर्वेदीलाई प्रतिवेदन पेश गर्नका लागि खटाउने निर्णय गरेको प्रवक्ता एवं सहसचिव आनन्द काफ्लेले जनाए।

रौतहटको घटना र चुनावी प्रचारप्रसारको क्रममा झण्डा जलाउने लगायत गतिविधि हुन थालेपछि गृह मन्त्रालयले समितिको बैठक बोलाएको थियो।

# कृषियोग्य जमिन, रोजगारी, सीप र बीउ पूँजीको पहल गर्न किसानको माग

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रतिनिधि सभा निर्वाचनका लागि अब ११ दिन मात्र बाँकी रहँदा उम्मेदवारहरू उत्साहका साथ चुनाव प्रचारमा व्यस्त छन्। सो क्रममा विभिन्न रंगिचंगी सपना बोकेर मतदातालाई रिझाउन उम्मेदवारहरु कस्सिएका छन्।



तर आम मतदातालाई भने यसपटक कसलाई मत दिने भन्नेमा अन्योल देखिन्छन्। वर्षौंदेखि अनेक समस्याले पिरोलिरहेका मतदाता कुनै पनि दल र उम्मेदवारलाई हतपत विश्वास गर्न तयार देखिएका छैनन्।

ग्रामीण क्षेत्रमा अहिले यसपटक मत कसलाई दिने ? भन्ने बारे मौनता साँधेको देखिन्छ।

दैनिक कामकाजसंगै मतदाताहरू उम्मेदवारको विगत, प्रतिबद्धता र पहुँचको समीक्षा गरिरहेका छन्। मतदाताको प्रमुख गुनासो नै हार जित भएर गएपछि निर्वाचन क्षेत्र फर्किएनन् भन्ने छ। खानेपानी, सडक स्तरोन्नति, कृषि बजार व्यवस्थापन, रोजगारी र स्वास्थ्य सेवा जस्ता आधारभूत विषयमा ठोस काम नदेखिएको उनीहरूको गुनासो छ।

उम्मेदवारहरू घरदैलो, सभा-सम्मेलन र सामाजिक सञ्जालमार्फत मत माग्न उत्साहित देखिए पनि मतदातामा भने खासै उत्साह झल्किएको छैन। अघिल्ला निर्वाचनका वाचा पूरा नभएको अनुभवले धेरै मतदाता यसपटक सतर्क र मौन देखिन्छन्।

कतिपय मतदाता विकल्प खोज्ने मनस्थितिमा छन् भने केही अझै अन्योलमा रहेका छन्। निर्वाचनका बेला अनेक आश्वासन बोकेर मतदाता भेट्न आउने उम्मेदवारहरू विजयी भएपछि भने गाउँ-टोलमा फर्केर नआउने प्रवृत्ति पुरानै समस्या भएको पाका मतदाताहरू बताउँछन्।

त्यही भएर यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूसंग कृषियोग्य जमिन, रोजगारी, सीप र बीउ पूँजीको पहल गर्न किसानहरुले माग गरेका छन्।

मुक्त हरवा चरवा अधिकार मञ्चका केन्द्रीय अध्यक्ष दशन मण्डलले राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरुले हाम्रो मागलाई प्राथमिकतामा राख्नुपर्ने माग गरेका छन्।

लोकतान्त्रिक प्रणालीलाई सुदृढ गर्ने महत्वपूर्ण अवसरको रूपमा हुन गइरहेको निर्वाचनका उम्मेदवारहरूलाई प्रतिबद्धतासहित भूमिहीन कृषि मजदूरको रूपमा रहेका हरवा चरवा परिवारलाई कृषियोग्य जमिन, रोजगारी, सीप र बीउ पूँजीको पहल गर्न अध्यक्ष मण्डलले माग गरे।

आगामी आर्थिक वर्षभित्र मधेश प्रदेश अन्तर्गतको आठ वटै जिल्लामा पर्ने पालिकाहरूमा मुक्त हरवा चरवाको यथार्थ तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र वितरण गरिनुपर्ने, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मस्यौदा तयार गरेको कार्यविधिलाई अन्तिम रूप दिइ मन्त्रिपरिषद्बाट पारित गरी तत्काल कार्यान्वयन गरिनुपर्ने माग उनले माग गरे।

त्यस्तै मुक्त हलिया, कमैया-कम्लहरी तथा हरवा चरवाको वस्तुस्थिति अध्ययन समितिको सिफारिशसहितको प्रतिवेदन कार्यान्वयन, हरेक मुक्त हरवा चरवा परिवारलाई कम्तिमा १० कठ्ठा कृषियोग्य जमिन, बैकल्पिक रोजगारीका लागि अल्पकालीन र दीर्घकालीन सीप विकास तालिम, एक लाख रुपैयाँसम्मको बीउ पूँजी र आवश्यक औजार उपलब्ध गराइनु पर्ने उनको भनाइ छ।

सडक, बिजुली, शुद्ध खानेपानी, शिक्षा, स्वास्थ्य, सिचाइँ लगायतका आधारभूत पूर्वाधारसहित एकीकृत पुनःस्थापना कार्यक्रम लागु गरिनु, नागरिकता तथा अन्य परिचयपत्रको अभावमा सेवा र सुविधाबाट वञ्चित हरवा चरवाहरुको नागरिकता प्राप्ति प्रक्रिया सरल र सहज बनाउँदै विकासका नाममा हुने अवैध विस्थापन तत्काल रोकिनुपर्ने अध्यक्ष मण्डलले माग गरे।

उच्च व्याजदरको ऋण प्रणाली अन्त्य गरी सहुलियतपूर्ण ऋण तथा वित्तीय सेवामा पहुँचको सुनिश्चितता, पुनःस्थापना विनाहरवा चरवाको बसोवास स्थानबाट बिस्थापन तत्काल रोकिनुपर्ने माग गर्दै उनीहरुले सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधि तथा सरोकारवालाहरूलाई संविधानको मर्म र भावनाअनुसार हरवा चरवाको सम्मानजनक पुनःस्थापना, सामाजिक न्याय र समतामूलक विकास सुनिश्चित गर्न दृढ प्रतिबद्धता व्यक्त गर्न आग्रह गरेका छन्।

२०७९ साउन २ गते नेपाल सरकारबाट हरवा चरवाको मुक्ति घोषणा हुनु ऐतिहासिक उपलब्धि रहेको औंल्याउँदै अपिलमा मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम तथा बजेटमार्फत स्थानीय तहसँगको समन्वयमा मुक्त हरवा चरवाको तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र वितरण गर्ने व्यवस्था अनुरुप मन्त्रालयले कार्यविधि मस्यौदा गरी मन्त्रिपरिषद्मा पेश गरेको गरेको भएपनि व्यवहारिक कार्यान्वयन हुन नसक्नु राज्यको प्रतिवद्धतामाथि प्रश्न खडा भएको उनले बताए।

संविधानले स्रोत र साधनको न्यायोचित पुनर्वितरण, संरचनागत सुधार, सहभागितामूलक शासन प्रणाली तथा राजनीतिक, आर्थिक र सामाजिक अधिकारको सुनिश्चितताको स्पष्ट व्यवस्था गरेको चर्चा गर्दै अपिलमा भनिएको छ। उनले भने, 'संवैधानिक व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन नहुँदा मधेश प्रदेशका ८ वटै जिल्लाहरुमा रहेका करिब एक लाखभन्दा बढी मुक्त घोषित हरवा चरवा समुदाय अझै आधारभूत अधिकारबाट बञ्चित रहन बाध्य छन्।'

उनले संविधानको धारा २९ को शोषण विरुद्धको हक, धारा ४० को दलित समुदायलाई एक पटक जमिन र आवास उपलब्ध गराउने मौलिक हक, धारा ५१ (ञ) (६) ले मुक्त हरवा चरवा, भूमिहीन तथा सुकुम्वासीको पहिचान गरी घरघडेरी र कृषियोग्य जमिनसहित पुनःस्थापना गर्ने राज्यको दायित्व तथा भूमि सम्बन्धी ऐन, २०२१ र सम्बन्धित नियमावलीले समेत भूमिहीन दलितलाई जमिन उपलब्ध गराउने कानुनी व्यवस्थाको शीघ्र र प्रभावकारी कार्यान्वयन अनिवार्य गरिनु पर्ने माग गरेका छन्।


जाडोमा लिनुपर्ने सावधानीहरू

पानी प्रशस्त पिउने
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ।

Warm Up गर्ने
शारीरिक व्यायाम सुरू गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि ब्यायाम सूरू गर्ने।

हिंडाइको गति कम गर्ने
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ।

मदिरा र चुरोट सेवन नगर्ने
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ।

चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण
जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरूरी छ।

धेरै चिल्लो खानेकुरा नखाने
जाडोमा कोलेस्ट्रोल बढने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ।

चिसोमा हिड्दा छाती दुख्नु
मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरूरी हुन्छ।

औषधिको नियमित प्रयोग
मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ।

व्यायमको बेलामा चिसोबाट सुरक्षा
यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ।

लोहारपट्टी नगरपालिका
लोहारपट्टी, महोत्तरी, मधेश प्रदेश

# पूर्व मेयर सिंह कांग्रेसमा प्रवेश

**टुडे समाचारदाता**

मलंगवा। सर्लाही निर्वाचन क्षेत्र नं. ४ अन्तर्गत बलरा नगरपालिकाका पूर्वमेयर एवं तत्कालिन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता अभयकुमार सिंह नेपाली कांग्रेसमा प्रवेश गरेका छन्।

सिंहलाई कांग्रेसका सभापति गगनकुमार थापाले औपचारिक



रूपमा फुलमाला र टीका लगाई पार्टी प्रवेश गराएका हुन्। सिंहको निजी निवासमा आयोजित कार्यक्रममा निवर्तमान जिल्ला सभापति सुरेन्द्र प्रसाद सिंहलगायत कांग्रेसका केन्द्रीय नेताहरू तथा जिल्ला तहका अगुवाहरूको उपस्थिति रहेको थियो।

२०७४ सालको स्थानीय तह निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) बाट बलरा नगरपालिकाको मेयरमा निर्वाचित भएका सिंहले ४ हजार ३ सय २७ मत प्राप्त गरेका थिए।

२०७९ सालको स्थानीय तह निर्वाचनमा भने राजपाको विभाजनपछि लोसपाबाट मेयरका प्रत्याशी बनेका उनी नेकपा माओवादी केन्द्रका उम्मेदवार रामाशंकर कुशवाहासँग १ हजार १२ मतान्तरले पराजित भएका थिए।

यसअघि सर्लाही-४ का लोसपा नेता तथा पूर्व संविधानसभा सदस्य केदारनन्दन चौधरी, मनिष मिश्रलगायत दर्जनौं नेता कार्यकर्ता पनि कांग्रेसमा प्रवेश गरिसकेका छन्। पछिल्ला प्रवेशले सर्लाही-४ मा कांग्रेसको संगठनात्मक आधार थप सुदृढ बन्दै गएको स्थानीय नेताहरूको दाबी छ।

# जनमतद्वारा प्रदर्शन एवं प्रशिक्षण



**टुडे समाचारदाता**

राजविराज। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा सप्तरी-२ मा चुनावी माहोल ताँतिदै गएको छ। जनमत पार्टी आबद्ध जेनजी युवाले शनिबार राजविराजमा शक्ति प्रदर्शन गरेका छन्।

राजदेवी मैदानबाट सुरु भएको युवाहरुको प्रदर्शन नगरका मुख्य बजार क्षेत्र परिक्रमा गर्दै सम्पन्न भएको थियो। कार्यक्रममा सहभागी युवाले पार्टीको पक्षमा नाराबाजी गर्दै चुनावी माहोल तताएका थिए।

प्रदर्शनअघि पार्टी अध्यक्ष सीके राउतले युवाहरुलाई चुनावलक्षित प्रशिक्षण दिएका थिए। उनले निर्वाचनका बेला बुथ व्यवस्थापन, मतदातासँग समन्वय तथा सुरक्षामा सक्रिय भूमिका निर्वाह गर्न युवा दस्तालाई निर्देशन दिएका थिए। अध्यक्ष राउतले पार्टीभित्र देखिएका असमझदारीलाई तत्कालका लागि थाँती राखेर निर्वाचन जित्ने लक्ष्यमा केन्द्रित हुन कार्यकर्तालाई आग्रह गरे।

उनले जनताको अधिकार स्थापित गर्ने आफ्नो एजेन्डाबाट पार्टी पछि नहट्ने उल्लेख गर्दै गरिब, दलित, मुस्लिम तथा सिमान्तकृत समुदायको पक्षमा निरन्तर काम गर्ने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा बोल्दै पार्टी नेता महेश यादवले रोजगारीलाई केन्द्रमा राखेर अघि सारेको जनमतको चुनावी मुद्दा अन्य दलले पनि अपनाउन थालेको दाबी गरे।

प्रशिक्षणका क्रममा उनले पार्टीलाई जिताउन कार्यकर्ताले सिपाहीको रूपमा सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिएका छन्। राउतले सप्तरीमा अव्यवस्था र गुण्डागर्दीको अवस्था रहेको दाबी गर्दै त्यसको अन्त्यका लागि जनमत पार्टीको विजय आवश्यक रहेको बताए। प्रशिक्षणमा उनले चुनावी अवधिभर मोटरसाइकलमार्फत गाउँस्तरमा गस्ती गर्न तथा अन्य दलबाट हुन सक्ने प्रलोभन रोक्न सचेत रहन आग्रह गरे।

मतदातालाई माछामासु, पैसा वा अन्य सामग्री दिएर प्रभाव पार्ने प्रयास हुन सक्ने भन्दै त्यस्ता गतिविधि निगरानी गर्न उनले कार्यकर्तालाई सचेत गराए। पार्टीका विभिन्न कार्यक्रमबारे जनतालाई जानकारी गराउन पनि उनले निर्देशन दिए। राउतले अन्य दलले मतदातालाई प्रभावित पार्ने प्रयास गर्न सक्ने भएकाले त्यसतर्फ सतर्क रहन कार्यकर्तालाई निर्देशन दिएका छन्।

उनले विकास र निकासलाई नै पार्टीको प्रमुख एजेन्डा रहेको स्पष्ट पार्दै आगामी निर्वाचनमा सकारात्मक परिणाम आउने विश्वास व्यक्त गरे। सप्तरी-२ मा शीर्ष नेताहरु उम्मेदवार रहेकाले चुनावी प्रतिस्पर्धा थप रोचक बन्दै गएको छ भने विभिन्न दलले युवामुखी अभियानलाई तीव्र बनाएको छ।

# धनुषा-३ मा सर्तसहित समर्थन दिने राष्ट्रिय मुक्ति पार्टीको निर्णय

**टुडे समाचारदाता**

जनकपुरधाम। राष्ट्रिय मुक्ति पार्टीले धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा सर्तसहित समर्थन गर्ने निर्णय गरेको छ। पार्टीले विभिन्न १३ बुँदे माग सार्वजनिक गर्दै ती मागहरू सम्बोधन गर्ने स्पष्ट प्रतिबद्धता जनाउने उम्मेदवारलाई मात्र समर्थन गर्ने जनाएको हो।

जनकपुरधाममा सम्पन्न बैठकमा पार्टीका जिल्ला अध्यक्ष राजेश चौधरीको उपस्थिति रहेको थियो भने बैठकको अध्यक्षता क्षेत्रीय समितिका संयोजक दिपक झाले गरेका थिए। बैठकले धनुषा-३ को दीर्घकालीन विकासका लागि ठोस योजना आवश्यक रहेको निष्कर्ष निकाल्दै मागहरू सार्वजनिक गरेको हो।

पार्टीले अघि सारेका प्रमुख मागहरूमा शहीद दुर्गानन्द झा बाल अस्पताल निर्माणको सुनिश्चितता, राज्यद्वारा बेपत्ता पारिएका डा. लक्ष्मी नारायण झाको अवस्था सार्वजनिक गर्नुपर्ने, राजर्षि जनक विश्वविद्यालयको स्थापना फुलगामामा हुनुपर्ने, नमुना दलित आवासीय भवन निर्माणको ग्यारेन्टी,




रामजानकी रंगशाला निर्माणको सुनिश्चितता, जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न पहल, जनकपुरधाममा अन्तर र्राष्ट्रिय विमानस्थल स्थापना, ५०० जनालाई रोजगारी दिने उद्योग ग्राम स्थापना, तिरहुतिया गाछीलाई बोटानिकल गार्डेनको रूपमा विकास, जटही नाकालाई सुख्खा बन्दरगाह घोषणा, जानकी चक्रपथ निर्माण, जनकपुरधाम र अयोध्या जोड्ने भौतिक पूर्वाधार निर्माण तथा युवा स्वरोजगार प्रवर्द्धनका लागि स्टार्टअप अनुदान व्यवस्था समावेश छन्।

पार्टीले यी मागहरूलाई धनुषा-३ को समग्र विकासका आधारभूत एजेण्डा रहेको उल्लेख गर्दै सम्बोधन गर्ने लिखित प्रतिबद्धता दिने उम्मेदवारलाई मात्र समर्थन गर्ने स्पष्ट पारेको छ।

बैठकमा सहभागी नेताहरूले क्षेत्रको शैक्षिक, स्वास्थ्य, पूर्वाधार तथा रोजगारीका सवाल समाधान गर्न यस्ता योजनाहरू अत्यावश्यक रहेको धारणा व्यक्त गरेका थिए।


## चुनावी घोषणापत्रमा शिक्षाः
# लगानी वृद्धि र नयाँ शिक्षा ऐन प्राथमिकतामा

काठमाण्डु। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अधिकांश दलहरूले विगतमा झैँ सार्वजनिक शिक्षाको सुधार र शिक्षामा लगानी वृद्धि लगायतका विषयलाई मुद्दा अघि सारेका छन्।

विघटित प्रतिनिधिसभामा रहेका प्रमुख दल र अन्य दलले गुणस्तरीय, निःशुल्क तथा समावेशी शिक्षामा प्राथमिकता दिएका छन्। नेपालको संविधानको धारा ३१ मा उल्लेखित 'प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक'लाई ती दलले घोषणापत्रमा समेटेका छन्। तर विगतमा पनि यस्ता प्रतिबद्धता आउने गरेकामा किन पूरा भएनन् र अब कसरी पूरा गर्ने भन्नेमा दलहरु स्पष्ट देखिएका छैनन्।

सरकारी तथ्याङ्कअनुसार ५ देखि १७ वर्ष उमेर समूहका १० प्रतिशत (करिब आठ लाख) बालबालिका अझै विद्यालयको पहुँचभन्दा बाहिर छन्। तीमध्ये साढे तीन लाख बालबालिका विद्यालय भर्नामा आएका छैनन्। बाँकीले बीचमै कक्षा छाड्ने गरेका छन्। 'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५' ले २०८५ को वैशाखसम्म कक्षा ८ पूरा नगरेको व्यक्तिलाई सरकारी नियुक्ति, सुविधाल गायतबाट वञ्चित गर्ने व्यवस्था गरेको अवस्थामा दलहरुले मतदातासँग निःशुल्क शिक्षा दिने वाचा दोहोर्‍याएका छन्। यसपटकको निर्वाचनका लागि नेपाली कांग्रेसले सार्वजनिक गरेको प्रतिज्ञापत्रमा प्रतिनिधिसभाको अबको एक वर्षभित्र नयाँ विद्यालय शिक्षा ऐन पारित गर्ने उल्लेख गरेको छ।

शिक्षक सङ्घ, सङ्गठन, निजी विद्यालय र राजनीति दलबीचको खिचातानी र पर्याप्त स्रोतका कारण विघटित संसद्मा विद्यालय शिक्षा लामो समयदेखि विचाराधीन रहेको थियो। कांग्रेसले विद्यालय शिक्षा (गुणस्तर तथा नियमन) ऐन सरोकारवालाहरूको परामर्शमा, कुनै पनि स्वार्थ समूहको दबाबमुक्त भई सबै जायज र उपयुक्त विषयलाई समेटेर विद्यार्थीको सिकाइ र गुणस्तरलाई केन्द्रमा राखी एक वर्षभित्र नयाँ शिक्षा ऐन पारित गर्ने वाचा गरेको छ। सो पार्टीले




बालिका शिक्षालाई प्राथमिकता दिने र शिक्षण पेसालाई सम्मानजनक बनाउने भनेको छ।

यस्तै, शिक्षामा कूल बजेटको २० प्रतिशत राज्यको लगानी सुनिश्चित, नमुना विद्यालयको विस्तार, पाठ्यक्रम परिमार्जन, पठन संस्कृतिको विकास, समावेशी र न्यायपूर्ण शिक्षाको पहुँच, मातृभाषा शिक्षा, प्रविधिमैत्री, प्राविधिक तथा व्यावसायिक शिक्षा, राष्ट्रिय आजीवन सिकाइका विषयलाई सो पार्टीले प्रतिज्ञापत्रमा समावेश गरेको छ।

कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीले विश्वविद्यालयमा प्रधानमन्त्री, मन्त्री कुलपति र सहकुलपतिको व्यवस्था हटाउने भनेको भने भने नेपाली कम्युनिष्ट पार्टी (एमाले) ले प्राज्ञिक स्वायत्तता हुनुपर्नेमा जोड दिएको छ। नेपाली कम्युनिष्ट पार्टी (एमाले) ले प्राविधिक उच्च शिक्षाका लागि विद्यार्थीलाई २० लाख निर्व्याजी ऋण, पारिश्रमिकसहित इन्टर्नशीपको व्यवस्था शिक्षा र अनुभवको ग्यारेन्टीजस्ता विषयलाई घोषणापत्रमा राखेको छ। सरकारी सेवा, निजी क्षेत्र र अध्यापन क्षेत्रमा न्यूनतम पारिश्रमिकसहितको व्यवस्था गर्ने पनि एमालेको सङ्कल्प रहेको छ।

सो पार्टीले सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड र कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध गर्ने वाचा गरेको छ। एमालेले भनेको छ, "मुलुकमा आर्थिक, भौगोलिक वा शारीरिक अवस्थाका कारण कोही पनि बालबालिका विद्यालय शिक्षाबाट र किशोरकिशोरी प्राविधिक वा उच्च शिक्षाबाट वञ्चित हुने अवस्था हामी अन्त्य गर्नेछौं।"

यसैगरी शिक्षा प्रणालीलाई भर्ना र परीक्षाकेन्द्रित मात्र नराखी राष्ट्रप्रेम, उद्यमशीलता, सामाजिक उत्तरदायित्व, नवप्रवर्तनशील सोच र राष्ट्रिय क्षमता अभिवृद्धिमा योगदान गर्नसक्ने जनशक्ति निर्माणतर्फ उन्मुख गराउने एमालेले योजना अघि सारेको छ। उसले उच्च शिक्षामा अनुसन्धान तथा विकासमा राज्यको लगानी बढाई विश्वविद्यालय-उद्योग सहकार्य विस्तार गर्ने, उच्च योग्यताका उत्कृष्ट जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्ने नीति ल्याउने कुरा घोषणापत्रमा राखेको छ। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले संसद्को पहिलो बैठकबाटै संकल्प प्रस्तावका माध्यमबाट विद्यालय शिक्षा ऐन पारित गर्ने विषयलाई महत्व दिएको छ।

सो पार्टीले विश्वविद्यालय अनुदान आयोग र चिकित्सा शिक्षा आयोगलाई एकीकृत गरी पूर्ण स्वायत्त र राजनीतिक हस्तक्षेपमुक्त गरी उच्च शिक्षा आयोग गठन गर्ने घोषणा गरेको छ। एक पालिका एक नमुना स्मार्ट आवासीय विद्यालय, प्राविधिमैत्री शिक्षा र डिजिटल साक्षरताका विषयलाई सो पार्टीले प्राथमिकता दिएको छ। माध्यमिक तहसम्मको पाठ्यक्रम तथा जनशक्ति व्यवस्थापन सङ्घीय सरकारअन्तर्गत रहने र विद्यालयको भौतिक पूर्वाधार तथा सञ्चालन स्थानीय सरकारले गर्ने व्यवस्था मिलाइने सो पार्टीको प्राथमिकता रहेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले विश्वविद्यालयका कुलपति र सहकुलपतिमा प्रधानमन्त्री र शिक्षामन्त्रीको व्यवस्था हटाउने तथा शिक्षक, प्राध्यापकको राजनीतिक आबद्धतालाई पूर्णतः निषेध गर्ने भनेको छ। विश्वविद्यालयलाई पुनःसंरचना गरी अनुसन्धानमुखी र रोजगारउन्मुख बनाउने नीति लिएको रास्वपाले नेपालमा विदेशी विश्वविद्यालयको आङ्गिक क्याम्पस र विदेशी डिग्री कार्यक्रम सञ्चालन गर्न सरल प्रक्रिया बनाउने घोषणा गरेको छ।

विश्वविद्यालय र विद्यालयमा दलीय राजनीतिक गतिविधिको अखडा हुनबाट मुक्त गर्ने, सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र पेसागत विकास र स्पष्ट जवाफदेहीतामा आधारित प्रणाली लागू गर्ने, उच्च शिक्षालाई प्रतिस्पर्धी, अनुसन्धानमुखी तथा रोजगार उन्मुख बनाउन विश्वविद्यालयको पुनःसंरचना गर्ने, नेपाललाई अन्तरराष्ट्रिय शिक्षाको केन्द्र बनाउने रास्वपाको प्रतिबद्धता रहेको छ।

यस्तै, राष्ट्रिय जनमोर्चाले सङ्घीयतामा खर्च भइरहेको अनावश्यक रकममा कटौती गरी शिक्ष निःशुल्क गरिनुपर्ने उल्लेख गरेको छ। स्वास्थ्य जस्तै राज्यले प्रदान गर्ने शिक्षा जीवनोपयोगी र रोजगारमूलक तथा शिक्षाको निजीकरण र व्यापारीकरण बन्द गरिनुपर्ने भनेको छ।

नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले आफूहरुले जुन ढङ्गले शिक्षामा मुद्दा आओस् भनेका थियौँ, त्यसरुपमा आएको नआएको प्रतिक्रिया दिनुभयो। "समय सुहाउँदो विश्वस्तरीय प्राविधिक शिक्षाका लागि लगानी बढाउने, विगतको सहमतिका आधारमा विद्यालय शिक्षा ऐन पारित गर्ने र शिक्षक पेसालाई आकर्षित र सम्मानित बनाउने हाम्रा मुद्दामा मूर्त रुपमा प्रतिबद्धता आएको छैन", अध्यक्ष सुवेदीले राससँग भन्नुभयो।

सार्वजनिक शिक्षाको सुधारका लागि नागरिक क्षेत्रबाट कार्यरत संस्था शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ)नेपालका अध्यक्ष लवराज ओली शिक्षामा कुल बजेटको २० प्रतिशत लगानी गर्ने र विद्यालय शिक्षा ऐन ल्याउने कुरा विगतदेखि उठ्दै आएकामा अहिले घोषणापत्रमा ल्याइनु सकारात्मक भएको बताउनुभयो। रासस

## वैदेशिक व्यापारका सात महिनाः नौ खर्ब पचास अर्ब घाटा

काठमाण्डु। चालु आर्थिक वर्षको प्रथम सात महिनामा रु १२ खर्ब ९१ अर्ब ६३ करोड २० लाख बराबरको वैदेशिक व्यापार भएको छ। भन्सार विभागका अनुसार समीक्षा अवधिमा रु ११ खर्ब २३ अर्ब ४८ करोड ६२ लाखको आयात र रु एक खर्ब ६८ अर्ब १४ करोड ५८ लाख बराबरको निर्यात भएको छ। यो अवधिमा मुलुकले रु नौ खर्ब ५५ अर्ब ३४ करोड तीन लाख घाटा बेहोरेको छ।

भारतसँग बितेका सात महिनामा रु छ खर्ब २९ अर्ब २९ करोड ५९ लाखको आयात र रु एक खर्ब ३७ अर्ब ५१ करोड ७४ लाखको निर्यात हुँदा मुलुकले रु चार खर्ब ९१ अर्ब ७७ करोड ५१ लाख बराबरको व्यापार घाटा बेहोरेको छ। चीनसँग रु दुई खर्ब ३५ अर्ब ३८ करोड २३ लाखको आयात र रु ९० करोड एक लाख बराबरको निर्यात हुँदा रु दुई खर्ब ३४ अर्ब ४८ करोड २२ लाख बराबरको घाटा भएको छ। विभागले सार्वजनिक गरेको विवरणअनुसार अर्जेन्टिनासँग रु ६६ अर्ब ११ करोड ६६ लाख, संयुक्त अरब इमिरेट्ससँग रु ३९ अर्ब ७७ करोड ९८ लाख, इन्डोनेसियासँग रु १२ अर्ब ६४ करोड ४५ लाख बराबरको व्यापार घाटा देखिन्छ।

व्यापार नाफा बढी रहेका मुलुकमा भने रोमानियासँग यो अवधिमा रु पाँच करोड ५२ लाख, नर्वेसँग रु तीन करोड ३३ लाख र आइसल्याण्डसँग रु दुई करोड ५७ लाख बराबरको व्यापार नाफा देखिन्छ। पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ। यो अवधिमा रु ६९ अर्ब ९१ करोड २२ लाखको डिजेल, रु ३८ अर्ब १३ करोड ८६ लाखको पेट्रोल र रु ३१ अर्ब ८५ करोड नौ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ। रासस

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

**मेष :** आज नयाँ काम सुरु गर्ने उत्साह बढ्नेछ।
**वृष :** धैर्य गरे सफलता हात पर्ने दिन छ। कार्यक्षेत्रमा प्रशंसा पाइनेछ।
**मिथुन :** आज निर्णय गर्दा हतार नगर्नु राम्रो। नयाँ चिनजानबाट फाइदा हुन सक्छ।
**कर्कट :** मनमा अलि चिन्ता बढ्न सक्छ। घरपरिवारको सहयोग मिल्नेछ।
**सिंह :** आत्मविश्वास बढ्ने दिन छ। व्यापारमा लाभ हुने संकेत छ।
**कन्या :** आर्थिक योजना सफल हुनेछ। नयाँ अवसर प्राप्त हुन सक्छ।
**तुला :** आज विवादबाट टाढा रहनु राम्रो।
**वृश्चिक :** गोप्य योजना सफल हुन सक्छ। आर्थिक लाभ हुने सम्भावना छ।
**धनु :** शिक्षा र अध्ययनमा प्रगति हुनेछ। नयाँ योजना बनाउन अनुकुल दिन छ।
**मकर :** आज मेहनत अनुसार फल पाइनेछ। कार्यक्षेत्रमा उन्नति हुने संकेत छ।
**कुम्भ:** सृजनात्मक काममा सफलता मिल्नेछ। नयाँ सोचले फाइदा दिलाउनेछ।
**मीन :** धैर्य र संयम आवश्यक छ। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१ ☎☎

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पूर्वअध्यास अन्तर्गत शनिबार सर्लाही सदरमुकाम मलङ्गवा-२ स्थित रहेको खेलकुद मैदानमा निर्वाचनको समयमा मतदान केन्द्रमा हुने झड्प नियन्त्रण गर्दै नेपाली सेनालगायत सुरक्षाकर्मी। अगामी फागुन २१ गतेका दिनका दिन हुने प्रतिनिधिसभा सदस्यको चुनावको लागि पूर्वअध्यास गरिएको हो। *तस्बिरः रासस*

# सिरहामा मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई प्रशिक्षण

सिरहा। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्ला निर्वाचन कार्यालय सिरहाले मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि एकदिने प्रशिक्षण सञ्चालन गर्ने भएको छ।

कार्यालयले शुक्रबार एक सूचना जारी गर्दै शनिबारदेखि प्रशिक्षण सुरु हुने जनाएको हो।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख राजन श्रीवास्तवका अनुसार प्रशिक्षण सदरमुकामस्थित सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहामा सञ्चालन हुनेछ।

प्रशिक्षण बिहान १० बजेदेखि सुरु हुने जनाइएको छ। "निर्वाचनलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित रूपमा सम्पन्न गर्न आवश्यक ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यले प्रशिक्षण आयोजना गरिएको हो," प्रमुख श्रीवास्तवले बताउनुभयो।




कार्यालयका अनुसार निर्वाचन क्षेत्र नं १, २, ३ र ४ का मतदान अधिकृतका लागि फरक-फरक मितिमा प्रशिक्षण सञ्चालन गरिनेछ। त्यसैगरी निर्वाचन क्षेत्र नं १ र २ तथा निर्वाचन क्षेत्र नं ३ र ४ का सहायक मतदान अधिकृतका लागि पनि छुट्टाछुट्टै प्रशिक्षण मिति निर्धारण गरिएको छ। प्रशिक्षण १४ गतेसम्म सञ्चालन हुने जनाइएको छ।

"तोकिएको मिति र समयमा सम्बन्धित सबै अधिकारी अनिवार्य रूपमा उपस्थित हुनुपर्नेछ," कार्यालयद्वारा जारी सूचनामा उल्लेख छ। प्रशिक्षणमा मतदान प्रक्रिया, मतपत्र व्यवस्थापन, मतदान केन्द्र सञ्चालन, आचारसंहिता पालना, मतगणना प्रक्रिया तथा आकस्मिक अवस्थाको व्यवस्थापन लगायतका विषयमा जानकारी दिइने जनाइएको छ। यस प्रशिक्षणले निर्वाचन कार्यलाई थप प्रभावकारी, मर्यादित र विश्वसनीय बनाउन सहयोग पुग्ने विश्वास कार्यालयले लिएको छ।

जिल्ला निर्वाचन कार्यालयले सम्बन्धित सबै मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई समयमै उपस्थित भई प्रशिक्षण सफल बनाउन आग्रह गरेको छ।रासस

# मतपत्र सहित र निर्वाचन सामग्री ढुवानी भइसक्यो : आयोग

काठमाण्डु। निर्वाचन आयोगले देशभरका सबै निर्वाचन क्षेत्रमा मतपत्र सहित अन्य निर्वाचन सामग्री ढुवानी गर्ने कामलाई तीव्र पारेको छ। हालसम्म सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा आयोगले मतपत्र ढुवानी गरिसकेको छ।

अन्य प्रदेशमा पनि नियमित रूपमा मतपत्र तथा निर्वाचन सामग्री ढुवानीको काम गरिरहेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ यसअघि नै सम्पन्न भइसकेको छ।पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ७७ जिल्लाका १६५ निर्वाचन क्षेत्रका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छपाइ तथा प्याकिङ गरेर निर्वाचन क्षेत्रमा पठाइएको छ।

आयोगले गत माघ २९ गतेदेखि कर्णाली प्रदेशबाट मतपत्र ढुवानी सुरु गरेको थियो। त्यसपछि आयोगले सुदूरपश्चिम, कर्णाली र कोशी प्रदेशमा नियमित रूपमा मतपत्र ढुवानी गरेको थियो।यस्तै, वाग्मती सहित र अन्य प्रदेशमा पनि नियमित रूपमा मतपत्र तथा निर्वाचन सामग्री नियमित रूपमा ढुवानी गरिरहेको छ। आयोगले अन्य प्रदेशमा ढुवानीकार्य जारी रहेको जानकारी दिँदै राजधानी काठमाडौँभित्रका मतदान केन्द्रमा पनि केही दिनमा पुऱ्याइने जनाएको छ।

आयोगले मतपत्र बाहेकका अन्य निर्वाचन सामग्री ढुवानी सम्पन्न भइसकेको उल्लेख गरेको छ। निर्वाचनका लागि विभिन्न ५१ प्रकारका सामग्री आवश्यक पर्ने जनाइएको छ। मतपत्र छपाइतर्फ आयोगले तोकेको क्यालेण्डर अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा गत पुस २२ गतेबाट मतदाता शिक्षा प्रयोजनका लागि छपाइ सुरु भएको थियो। आयोगले १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ गरेको थियो।

यस्तै, गत पुस २६ गतेबाट समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी गत माघ १३ गतेसम्म सम्पन्न गरेको छ। समानुपातिकतर्फ दुई करोड आठ लाख ३० हजार समानुपातिक मतपत्र छपाइ गरेको थियो।रासस

# आफ्नो पक्षमा मत पार्न पृथक प्रचार शैली अपनाउँदै प्रत्याशी

काठमाण्डु। प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिएसँगै चुनावी प्रतिस्पर्धामा होमिएका उम्मेदवार पनि प्रचारप्रसारमा व्यस्त छन्। मत आफ्नो पक्षमा पार्न उनीहरू सबै आ-आफ्ना निर्वाचन क्षेत्रमा पुगेका छन्। यसले गाउँघरमा चुनावी चहलपहल बढेको छ।

उम्मेदवारका प्रचार शैली पनि पृथक छन्। प्रत्यक्ष भेट वा चिनजान नै नभएका केही प्रत्याशी मतादाताका खेतबारी जोत्न, मल बोक्न, सागसब्जी केलाउनेदेखि बिरामी बोक्नेसम्मका काममा सक्रिय भएका तस्बिर र भिडियो सामाजिक सञ्जालमा छरपस्ट भएका छन्।

उम्मेदवारहरुले आआफ्नो परिचय दिने क्रममा पहिले पनि भेटेको, 'फलाना'को नाताको मान्छे हुँ भनेर मत मागिरहेको सामाजिक सञ्जालमा हामी सबैले देखेका छौँ। प्रत्याशीहरूले मुलुकको राजनीतिक अवस्था र आगामी मार्गचित्रबारे जनतालाई बुझाउँदै निर्वाचित आफू निर्वाचित भएमा मतदाताका अपेक्षा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरिरहेका छन्।



नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहलगायत उम्मेदवारले मतदाताको विश्वास जित्न अपनाएको फरक शैली र अभिव्यक्तिलाई धैरै राजनीतिक विश्लेषकहरूले बहसको विषय बनाएका छन्।

पूर्वपत्रकार ऋषि धमला, पूर्वमन्त्री महावीर पुन, एमाले नेता सूर्यबहादुर थापा, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई, राप्रपाका ज्ञानबहादुर शाहीलगायत उम्मेदवार फरक शैलीको प्रचारका कारण चर्चामा हुनुहुन्छ। कतिपय उम्मेदवार मतदातासँग साक्षात्कारमा छन् भने केही उम्मेदवारले सामाजिक सञ्जाललाई प्रचारको मुख्य माध्यम बनाएका छन्।

विसं २०७९ को निर्वाचनबाट प्रमुख दलका रुपमा उदाएका नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले देशका विभिन्न स्थानमा आमसभा गरिरहेका छन्। पत्रकार राजेन्द्र दाहाल प्रविधिका कारण उम्मेदवारहरु मतदातामाझ सहजै पुगिरहेका बताउनुहुन्छ।

"समाजको प्रवृत्तिलाई प्रविधिले विस्तार गरिदिएको मात्रै हो। लक्ष्य उही हो, मतदाताको भोट सङ्कलन गर्ने", उहाँ भन्नुहुन्छ। यही फागुन २१ गते १६५ स्थानका लागि हुने निर्वाचनमा तीन हजार ४०६ उम्मेदवार प्रत्याशी भएका छन्। यो निर्वाचनमा एक करोड ८९ लाख तीन हजार ६८९ मतदाताले भोट हाल्ने अपेक्षा निर्वाचन आयोगले गरेको छ। यसका लागि १० हजार ९६७ मतदानस्थल र २३ हजार ११२ मतदान केन्द्र निर्धारण भएका छन्।पूर्वप्रशासक देवकुमारी गुरागाईं सभ्य ढङ्गले प्रचार गर्नुपर्नेमा जोड दिनुहुन्छ। "लोकप्रिय हुने नाममा अहिले अपनाइएका प्रचारका शैली परिपक्वताको कमी देखिएको समाजले महसुस गरिरहेको छ", उहाँ भन्नुहुन्छ, "सरल, शान्त र कूटनीतिक शैलीबाट मतदाताको विश्वास जित्न सकिन्छ।"

आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक)का महासचिव कृष्णमान प्रधान प्रचार र शैली मतदातालाई स्वच्छ मतदानका लागि नभई 'अलमल्याउने' खालको भएको टिप्पणी गर्नुहुन्छ। "मतदातालाई अन्योलमा पार्न हुँदैन, उम्मेदवारले मतदातालाई आफ्नो मार्गचित्र देखाउन सक्नुपर्छ", उहाँ भन्नुहुन्छ।रासस

# पर्सा प्रहरीले मतदानस्थलमा सिसी क्यामेरा जडान गर्ने



वीरगन्ज। जिल्ला प्रहरी कार्यालय पर्साले प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षालाई थप प्रभावकारी बनाउन जिल्लाका १६७ मतदानस्थलमा सिसी क्यामेरा जडान गर्ने भएको छ।

प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक हरीबहादुर बस्नेतले निर्वाचनलाई सुरक्षित, निष्पक्ष तथा व्यवस्थित रूपमा सम्पन्न गराउने उद्देश्यले मतदानस्थलमा सिसी क्यामेरा जडान गरी निरन्तर निगरानी गरिने जानकारी दिनुभएको छ।कार्यालयले फागुन १७ गतेसम्म सबै मतदानस्थललाई सिसी क्यामेरा प्रणालीसँग जोड्ने तयारी गरिएको बताइएको छ।

प्रहरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक बस्नेतका अनुसार सिसी क्यामेरा जडानपछि मतदान प्रक्रियालाई थप सुरक्षित, पारदर्शी तथा मर्यादित बनाउन सहयोग पुग्ने दावी गर्नुभयो। सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक जनशक्ति परिचालन, नियमित अनुगमन तथा सम्बन्धित निकायसँग समन्वयात्मककार्यलाई प्राथमिकतामा राखिएको र शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्न सबै सरोकारवाला तथा आम नागरिकलाई सहयोगका लागि आग्रह गरिएको छ।रासस

# नापतौलमा अनियमितता गर्ने ११ सय व्यवसायीलाई कारबाही

जनकपुरधाम। गुणस्तर तथा नापतौल कार्यालय जनकपुरधामले चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनामा एक हजार १५३ व्यवसायी तथा उद्योगीलाई कारबाही गरेको छ। नापतौल इजाजतपत्र नलिई आफूखुशी नापतौल यन्त्रको प्रयोग गर्ने, उपभोक्तालाई ठग्गी गर्ने, तथा तोकिएको समयमा नवीकरण नगराउनेलाई कारबाही गरिएको कार्यालय प्रमुख सुनिलकुमार यादवले जानकारी दिनुभयो।

सोही अवधिमा कार्यालयले ६२६ व्यवसायीलाई नयाँ नापतौल इजाजतपत्र तथा एक हजार ३९७ व्यवसायीको नापतौल यन्त्रको नवीकरण गरेको छ। सो अवधिमा अनुगमन, नवीकरण, कारबाही तथा इजाजतपत्र प्रदान गरेबापत रु २५ लाख ४६ हजार ६०४ राजस्व सङ्कलन भएको कार्यालय प्रमुख यादवले जानकारी दिनुभयो।

गत आर्थिक वर्षमा ९१७ वटा नयाँ व्यवसायी तथा औद्योगिक प्रतिष्ठानलाई व्यवसायिक कारोबारका लागि नापतौल यन्त्र सञ्चालन गर्न कार्यालयले इजाजतपत्र प्रदान गरेको थियो। धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र रामेछाप गरी पाँच जिल्ला कार्यक्षेत्र रहेको सो कार्यालयले ती जिल्लाका व्यवसायीलाई नयाँ नापतौल इजाजतपत्र प्रदान गर्दै आएको छ। साथै कार्यालयले पाँचै जिल्लामा नापतौलसम्बन्धी अनियमितता गर्नेलाई कारबाही गर्नुका साथै अनुगमन तथा निरीक्षण र नापतौल यन्त्रको इजाजतपत्र दिँदै आएको जनाएको छ।




उक्त अवधिमा नापतौलमा ठगी गर्ने तथा लामो समयदेखि नापतौल यन्त्रको नविकरण नगराउने दुई हजार ४३ उद्योगी तथा व्यवसायिक फार्मलाई कारबाहीका साथै जरिवाना गरिएको कार्यालय प्रमुख यादवले बताउनुभयो। कारबाहीमा परेका व्यवसायी तथा उद्योगीले आफूखुशी जथाभाबी ढक तथा तराजु (डिजिटलसमेत) नापतौल यन्त्रको प्रयोग गरेको पाइएपछि जरिवाना गरी कानुनी दायरामा ल्याइएको उहाँको भनाइ छ।

कार्यालयबाट प्राप्त विवरणअनुसार आव २०८१/८२ को साउनदेखि असारसम्म गरिएको डोर खटनपटन, अनुगमन तथा नापतौल यन्त्रको प्रयोगमा पाइएको कैफियतको आधारमा कारबाही तथा जरिवाना गरिएको यादवले उल्लेख गर्नुभयो। प्राप्त विवरणअनुसार सो अवधिमा दुई हजार ६३० जना व्यवसायीको नापतौल यन्त्रको जाँच गरिएको थियो।

सर्लाहीको लालबन्दी तथा हरिवन नगरपालिका, महोत्तरीको गौशाला, रामेछापको मन्थली नगरपालिका, सिन्धुलीको कमलामाई नगरपालिकामा नापतौल यन्त्रको प्रयोग, नापतौल जरिवाना तथा कानुनी कारबाहीसम्बन्धी चेतनामूलक जानकारी गराइएको प्रमुख यादवले जानकारी दिनुभयो।

उक्त अवधिमा कार्यालयले एकल अनुगमन २९ पटक, व्यवसायिक फार्मको अनुगमन २७२ पटक, संयुक्त अनुगमन १८ पटक तथा व्यवसायिक फार्मको अनुगमन ४९९ पटक गरी विभिन्न शिर्षकबाट रु ५१ लाख एक हजार ९६० राजस्व सङ्कलन गरेको प्रमुख यादवले जानकारी दिनुभयो। आव २०८०/८१ मा कार्यालयले रु ४० लाख ६७ हजार २४२ राजस्व सङ्कलन गरेको थियो।

त्यस्तै पाँच जिल्ला कारोबार रहेको कार्यालयसँग आफ्नो भवन नभएकाले साँघुरो भाडाको भवनबाट सेवा प्रवाह गरिरहेको छ। डोरको खटनपटन र अनुगमनका लागि सवारी सुविधा नभएको तथा कार्यालय सञ्चालनका लागि बजेटको अभाव हुँदा प्रभावकारी कार्यसम्पादनमा समस्या हुँदै आएको यादवले गुनासो गर्नुभयो।रासस

# 'मुलुकको विकासका लागि प्रविधिमूलक शिक्षा आवश्यक छ'

काठमाण्डु। मानवसेवा आश्रमका संस्थापक एवं वरिष्ठ समाजसेवी रामजी अधिकारीले मुलुकको विकासका लागि प्रविधिमूलक शिक्षा आवश्यक रहेको बताउनुभएको छ।

नवोदित विद्या कुञ्ज उच्च माध्यामिक विद्यालयको ३३औँ अभिभावक दिवसका अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा उहाँले मुलुकको विकासका लागि प्रविधि र सीपमूलक शिक्षा आवश्यक रहेको बताउनुभएको हो। उहाँले विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यार्थी, शिक्षक र अभिभावकबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो।

काठमाडौँ महानगरपालिका-२६ का वडाध्यक्ष ख्यामराज तिवारीले नेपाल हरेक वस्तुले धनी मुलुक भएको भन्दै त्यसलाई सही रुपमा उपयोग गर्न व्यावहारिक शिक्षालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। गुणस्तरीय शिक्षाका लागि काठमाडौँ महानगरपालिका लागिरहेको उहाँको भनाइ थियो।उच्च शिक्षालय तथा माध्यामिक विद्यालय सङ्घ (हिसान)का उपाध्यक्ष एवं लिङ्कन कलेजका अध्यक्ष विष्णुप्रसाद पौडेलले किताबको ज्ञानमात्र नभई व्यावहारिक ज्ञान अहिलेको आवश्यकता भएको बताउनुभयो।

नवोदित कलेजका प्राचार्य राजेन्द्र अधिकारी, सहप्राचार्य विकासराज शर्मा, नेपाल सरकारका पूर्वउपसचिव देशबन्धु अधिकारी, नेपाली सेनाका पूर्वजर्नेल धर्म बानियाँलगायतले सामाजिक सञ्जालबाट बालबालिकालाई टाढा राख्न र आफ्ना बाबुनानीलाई अभिभावकले समय दिनुपर्ने बताउनुभएको थियो।रासस

# नेपाल-भारत आर्थिक सहकार्यलाई थप सहज र परिणाममुखी बनाउन अध्यक्ष ढकालको जोड

काठमाण्डु। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल-भारत आर्थिक सहकार्यलाई थप सहज एवं परिणाममुखी बनाउनुपर्नेमा जोड दिनुभएको छ।

भारतको राजधानी नयाँ दिल्लीमा सुरु भएको 'दोस्रो इन्डो-नेपाल व्यापार महोत्सव २०२६' लाई शुक्रबार सम्बोधन गर्दै उहाँले नेपाल-भारतबीच सहज भन्सार प्रक्रिया, मापदण्ड समन्वय, डिजिटल व्यापार प्रणाली सुदृढीकरण तथा साना-मझौला उद्योगलाई वित्तीय पहुँच र प्रविधि हस्तान्तरणमा सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो।

अध्यक्ष ढकालले भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार र प्रमुख लगानीस्रोत रहेको उल्लेख गर्दै खुला सीमा, सांस्कृतिक निकटता र जनस्तरको सम्बन्धले दुई देशबीचको साझेदारीलाई विशिष्ट बनाएको धारणा राख्नुभएको महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।


उहाँले विश्व अर्थतन्त्रमा अनिश्चितता र आपूर्ति शृङ्खलामा अवरोध उत्पन्न भइरहेको उल्लेख गर्दै यस्तो अवस्थामा छिमेकी राष्ट्रबीचको सुदृढ सहकार्य महत्वपूर्ण हुनेमा जोड दिनुभयो। भारतले हालै प्रस्तुत गरेको केन्द्रीय बजेटले पूर्वाधार, 'डिजिटल कनेक्टिभिटी', हरित ऊर्जा तथा साना-मझौला उद्योग प्रवर्द्धनमा दिएको प्राथमिकताले नेपालका लागिसमेत नयाँ अवसर सिर्जना गर्ने उहाँको धारणा थियो।




अध्यक्ष ढकालले नेपाल जलविद्युत्मा समृद्ध रहेको र भारततर्फ विद्युत् निर्यात सुरु भइसकेको जानकारी दिँदै उपयुक्त प्रसारण लाइन र नीतिगत स्थायित्व भएमा नेपाल भारतको विश्वासिलो हरित ऊर्जा साझेदार बन्न सक्ने बताउनुभयो। यस्तै, उहाँले पर्यटन क्षेत्रमा नेपालले प्राकृतिक सौन्दर्य, साहसिक तथा आध्यात्मिक गन्तव्यहरू प्रस्तुत गरेको उल्लेख गर्दै होटल, रिसोर्ट तथा केबलकार परियोजनाहरूमा लगानीको अवसर विस्तार भइरहेको जानकारी पनि गराउनुभयो।

अध्यक्ष ढकालले भन्नुभयो, "नेपालमा ऊर्जा, पर्यटन औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सीमापार लजिस्टिक्स, कृषि प्रशोधन, औषधि उद्योग, शिक्षा र स्वास्थ्य सेवामा प्रशस्त सम्भावना रहेको छ। यस्ता क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्ताहरुलाई आग्रह गर्दछु।" नेपालको निजी क्षेत्रले सधैँ राजनीतिक स्थायित्व र आर्थिक अनुशासनको पक्षमा आवाज उठाउँदै आएको उल्लेख गर्दै उहाँले दीर्घकालीन रुपमा लगानीकर्ताको विश्वास कायम गर्ने पक्षमा नेपालमा नीतिगत सुधारहरु भइरहेको पनि उल्लेख गर्नुभयो।

उहाँले इन्डो-नेपाल व्यापार महोत्सव केवल औपचारिक कार्यक्रम नभई सद्भावनालाई व्यावसायिक साझेदारीमा रूपान्तरण गर्ने छ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सहमति होइन, कारबाही गर

सर्लाही जिल्लामा पटक पटक एउटा समुदायले सनातन धर्मावलम्बी(हिन्दू)हरुमाथि संघातिक आक्रमण गर्दै आएको छ। हिन्दूको देवी देवताहरुको पूजाको बखत अवरोध गर्दै आएको सो समुदायले सर्लाहीमा अब विवाहको जन्तीलगायतका कार्यक्रममा समेत अवरोध गर्न थालेको छ। बाहुल्यता रहेको सो समुदायको वस्तीको सडक प्रयोगमा समेत हिन्दूलाई अवरोध गर्न थालिएको छ। यो एक पटक भएको होइन । सर्लाही जिल्लामा हिन्दूहरुलाई अवरोध गर्ने, ढुंगामुढा गर्ने लगायत संघातिक आक्रमण गर्ने कार्यहरु गर्ने समुदायलाई कडा कारबाही गरिनु पर्छ। उनीहरुले हरेक पटक आक्रमण गर्ने र प्रशासनले सहमति गराउने कारण मनोबल बढेको देखिन्छ । जातिय, सम्प्रदायिक सद्भाव बिगार्नेहरुसित सहमति गर्ने र गराउने होइन । उनीहरुमाथि कडा कारबाही गर्नुपर्छ । हरेक पटक अपराध गर्ने र सहमति गरी कारबाहीबाट उन्मुक्ति पाउने कारणले नियमित रुपमा हिन्दूहरुमाथि आक्रमण गर्दै आएको छ । उनीहरुले सर्लाहीमा मात्र नभइ कयौं जिल्लामा हिन्दूहरुमाथि अनेक समयमा आक्रमण गरेको देखिन्छ। उनीहरुले आक्रमण गर्ने र कारबाहीबाट उन्मुक्ति पाउने गरेका छन् । सामाजिक सद्भावमा खलल पुऱ्याउने अराजक, अपराधी र आतंककारी पृष्ठभूमि भएकाहरुसित सहमति गर्दा त्यसले थप अराजकता सृजना गर्छन् । पछिल्लो केही वर्षदेखि हरेक जिल्लामा त्यस्ता घटनाहरु दोहोरिएका छन् । अल्पसंख्यकको नाममा बहुसंख्यकमाथि आक्रमण गर्दा प्रशासनले कारबाही नगरी सहमतिको नाममा जोगाउने गरेको छ। त्यसले उनीहरुको मनोबल उच्च हुने र पटक पटक घटना गरिरहेको छ । जुनसुकै समुदाय र जातका भए पनि समाजिक सद्भाव बिगार्नेसित प्रशासनले सहमति गर्नु, गराउनु हुँदैन। सामाजिक सद्भाव बिगार्नेहरु अपराधी हुन् । उनीहरुको पृष्ठभूमि आतंककारीको हो। हिन्दूमाथि आक्रमण गरेको भिडियोहरु विभिन्न आतंककारी संगठनहरु सम्बद्ध व्यक्तिलाई पठाएर रकम असुल्ने गरेको समेत बताइन्छ । संख्यात्मक रुपमा कम रहेको प्रचार गर्दै अनेक प्रकारको लाभ लिनेहरुले पटिछल्लो पटक गर्न थालेको गतिविधिले भविष्यमा देशमा नै आतंक मच्चाउन सक्ने सम्भावना छ। कानुनलाई हातमा लिनेलाई छाडेर सहमति गर्नु भनेको राज्यको कमजोर स्थिति हो । सडक प्रयोगमा अवरोध गर्नेहरुलाई छुट दिन हुँदैन । उनीहरुको वस्ती हुँदै गएको बाटोमा हिन्दूहरुले जन्ती लग्न नपाउने, मूर्ति सेलाउन नपाउने हो भने उनीहरुलाई पनि अन्य बाटो प्रयोगको अधिकार रहँदैन । सडक प्रयोगमा अवरोध गर्नेहरुलाई प्रशासनले कडा सजाय दिनुपर्छ । सामाजिक सद्भाव बिगार्नेलाई कारबाही गर्न पर्याप्त कानुन रहेकाले त्यसको कार्यान्वयनबाट प्रशासन पछि हट्न हुँदैन । कुनै व्यक्तिको विषय नभइ समुदाय नै आतंक फैलाउन खोजेकाले झन् कडा कारबाही गर्नुपर्छ । उनीहरुसित सहमति गरेर कारबाहीबाट उन्मुक्ति दिने कारणले नै पटक पटक घटनाहरु दोहोरिने गरेको छ। सद्भाव बिगार्न छुट दिनु हुँदैन।

# 'बंगलादेशको निर्वाचन–सडकको जोस र सत्ताको होस्'



सविन धमला

सन् २०२६ को फेब्रुअरी महिना दक्षिण एशियाको राजनीतिक इतिहासमा एउटा यस्तो मोड बन्यो जसलाई आगामी धेरै वर्षसम्म सम्झिइनेछ । बंगलादेशमा भर्खरै सम्पन्न आम निर्वाचनको नतिजाले सत्ता समीकरण मात्र बदलेको छैन यसले हाम्रो जस्तो विकासोन्मुख र भूराजनीतिक चेपुवामा परेका देशहरूको सोच्ने तरिका नै बदलिदिएको छ ।

लामो समय शासन गरेकी शेख हसिना देश छोडेर हिँडेपछि सडकमा देखिएको त्यो अभूतपूर्व जोस र जेन जी भनिने नयाँ पुस्ताको आन्दोलन देख्दा धेरैलाई लागेको थियो अब बंगलादेश पूरै नयाँ हातमा जान्छ र अब पुरानाको दिन गए। तर जब ब्यालेट बाकस खुल्यो कथाले अर्कै मोड लियो । सडक तताउन जति सजिलो थियो सरकार चलाउने विश्वास दिलाउन त्योभन्दा कयौं गुणा गाह्रो रहेछ भन्ने कुरा यो चुनावले छर्लङ्ग पारिदिएको छ।

१८ वर्षदेखि विदेशमा निर्वासित जीवन बिताएका तारिक रहमानको पार्टीले भारी बहुमत ल्याउनु र क्रान्तिको नेतृत्व गरेका नाहिद इस्लामजस्ता नयाँ अनुहारहरू जम्मा ६ सिटमा खुम्चिनु चानचुने कुरा होइन । यो नतिजाले नेपालको राजनीतिलाई पनि ऐना देखाइदिएको छ र थुप्रै अनुत्तरित प्रश्नहरूको जवाफ दिएको छ।

### नेपालका लागि राजनीति बुझ्ने मौका

बंगलादेशको यो घटनाबाट नेपालले सिक्नैपर्ने पहिलो र गम्भीर कुरा भनेको 'भरोसाको संकट' हो। पुराना नेतालाई गाली गरेर वा उनीहरूको पुत्ला जलाएर वा व्यवस्था खराब भयो भनेर सडकमा मान्छे जम्मा गर्न सकिन्छ त्यो एउटा कला हो । तर भोलि बिहान उठेर देशको अर्थतन्त्र कसरी चलाउने अनि परराष्ट्र सम्बन्ध कसरी सुधार्ने भन्ने स्पष्ट नक्शा नहुँदा जनताले नयाँलाई पनि पत्याउँदा रहेनछन् ।

बंगलादेशका नयाँ पिँढीले आन्दोलन त गरे तर शेख मुजिबुर रहमानको ऐतिहासिक सालिक तोड्ने वा प्रधानमन्त्रीको घर लुट्ने र फरक मत राख्नेमाथि जाइलाग्ने जस्ता काम गरेर उनीहरूले जनतालाई तर्साए। ती दृश्यहरू हेर्दा आम नागरिक र मध्यमवर्गीय परिवारलाई लाग्यो यिनीहरूको हातमा देश पर्यो भने त भोलि झन् भद्रगोल हुन्छ र कानूनको शासन नै रहँदैन । त्यसैले जनताले बरु पुरानै भएपनि वा अलिकति दाग लागेकै भएपनि अनुभव भएको पार्टीलाई भोट दिए।

नेपालमा पनि अहिले उदाएका नयाँ दल वा स्वतन्त्रहरूले यो कुरा बेलैमा बुझ्नुपर्छ । गालीको भरमा र नो नट अगेन भनेर एकपटक ताली त बज्ला तर भोट पाउन र राजनीतिमा टिकिरहन परिपक्वता चाहिन्छ। स्टन्ट र लाइभ भिडियो वा भाइरल कन्टेन्टले मात्रै चुनाव जितिने र देश चल्ने भए बंगलादेशका ती युवाहरूले आज सरकार चलाइरहेका हुन्थे र प्रतिपक्षमा बस्नु पर्दैन थियो ।

### विचारको अस्पष्टता र गठबन्धनको पासो

र्को महत्त्वपूर्ण पाटो भनेको विचार र नैतिकताको हो। चुनाव जित्नकै लागि बंगलादेशको नयाँ पार्टीले आफ्नो आदर्श बिर्सेर कट्टरपन्थी मानिने जमात ए इस्लामीसँग घाँटी जोड्यो । यसले सहरका पढेलेखेका र उदार तथा प्रगतिशील मान्छेहरू भड्किए । उनीहरूलाई लाग्यो हिजो लोकतन्त्रको कुरा गर्नेहरू आज किन अतिवादसँग मिल्दैछन् भन्ने प्रश्न उठ्यो।

नेपालमा पनि सत्ताको लागि जोसँग पनि मिल्ने र जसरी पनि सरकारमा जाने चलन छ। तर जनता लाटा छैनन् । कुरा र काम नमिलेपछि जनताले कसरी ठेगान लगाइदिन्छन् भन्ने यो राम्रो उदाहरण हो। नयाँ शक्तिहरूले आफ्नो मौलिकता गुमाउनु हुँदैन । पुराना दलको विकल्प दिन्छु भनेर आएकाहरूले पुरानै शैली र गलत तत्त्वसँग सम्झौता गरे भने उनीहरूको आयु लामो हुँदैन । राजनीतिमा सर्टकट खोज्दा गन्तव्यमा पुग्न सकिँदैन भन्ने पाठ ढाकाको नतिजाले सिकाएको छ।

### युनुसको आक्षेप र तारिकको कुटनीतिक परिपक्वता

यही राजनीतिक संक्रमणका बीचमा अन्तरिम सरकार चलाएका नोबेल पुरस्कार विजेता मोहम्मद युनुसको भुमिका र उनको बोलीको पनि समीक्षा हुन जरुरी छ। उनी अर्थशास्त्रका विद्वान त हुन् तर राजनीतिज्ञ होइनन् भन्ने कुरा उनको राजीनामा दिने बेलाको बोलीले देखायो । देशको आन्तरिक सुरक्षा र व्यवस्थापन सम्हाल्न नसकेपछि उनले निकै घुमाउरो तर आपत्तिजनक पाराले छिमेकी देश भारतलाई दोष दिएर उम्किन खोजे।

नेपालको राजनीतिमा पनि नागरिक सरकारका मन्त्रीहरुले दिएको अभिव्यक्तिहरु जिम्मेवार देखिँदैनन्। बंगलादेशको सरकार प्रमुख भएको/जिम्मेवार पदमा बसेको मान्छेले आफ्नो असफलता र कमजोरी लुकाउन छिमेकीलाई गाली गर्नु वा षड्यन्त्रको सिद्धान्त अघि सार्नु कुटनीतिक अपरिपक्वता थियो । उनको त्यो बोलीले दुई देशको सम्बन्धमा अनावश्यक चिसोपना ल्यायो । तर ठिक यसको विपरित चुनाव जितेर आएका अनुभवी नेता तारिक रहमानले भने गज्जबको परिपक्वता देखाए।

उनले जितेलगत्तै दिएको अभिव्यक्ति निकै सन्तुलित थियो। उनले हाम्रा लागि दिल्ली र पिण्डी अर्थात भारत र पाकिस्तान दुवैसँगको सम्बन्ध उत्तिकै महत्वपूर्ण छ तर हाम्रो पहिलो प्राथमिकता भनेको बंगलादेशको हित हो भने । उनले भारतसँगको तितो इतिहास वा सीमाको समस्या कोट्याएर सम्बन्ध बिगार्न चाहेनन् न त पाकिस्तानसँगको निकटता देखाएर भारतलाई चिढ्याउन नै चाहे । नेपालका नेताहरूले सिक्नुपर्ने मुख्य कुरा यही हो । भोट माग्नलाई र कार्यकर्ता उचाल्नलाई भारतलाई गाली गर्ने अनि सत्तामा पुगेपछि लम्पसार पर्ने हाम्रो बानीले राष्ट्रको हित गर्दैन। तारिकले जस्तै शब्द चयनमा संयमित र व्यवहारमा सन्तुलित हुन सक्नुपर्छ।

### भूगोलको बाध्यता र छिमेकीको यथार्थ

हामीले बिर्सन नहुने अर्को ठूलो र पेचिलो सत्य के हो भने छिमेकी फेर्न सकिन्न। नेपाल होस् वा बंगलादेश वा भूटान होस् वा श्रीलंका हामी सबै दक्षिण एशियाको यो भूगोलमा भारतको प्रभाव क्षेत्र भित्र वा वरिपरि छौं। हाम्रो क्षेत्रमा राजनीति फेरिएको छ । भारत र भूटान बाहेकक देशमा सरकारहरु फेरिएका छन्। नयाँ र फरक प्राथमिकता आएका छन् तर छिमेक फेरिएको छैन।



यो कसैको रहर होइन भूगोलले कोरिदिएको बाध्यता हो। श्रीलंकाले चीनतिर ढल्किएर भारतलाई चिढ्याउँदा कस्तो आर्थिक संकट भोग्नुपर्यो वा माल्दिभ्समा इण्डिया आउट भन्दा पर्यटन र अर्थतन्त्रमा कस्तो असर पऱ्यो हामीले आफ्नै आँखाले देखिसकेका छौं। बंगलादेश पनि तीन तिरबाट भारतले घेरिएको छ। उसले भारतसँग मिलेर नहिँडी वा भारतको सुरक्षा चासोलाई सम्बोधन नगरी सुखै छैन । यो सत्यलाई बंगलादेशका जनताले बुझेका छन् । सम्भवतः बिएनपीलाई रोज्नुको पछाडी भूगोल र छिमेकको यथार्थ बुझेर पनि हो।

नयाँ शक्ति भनेकाले सम्बन्ध बनाउनुको साटो बिगार्ने देखे पछि मत बदलिएको हुनुपर्छ । नेपालको सत्यता पनि ठ्याक्कै त्यही हो। हामीले जतिसुकै चर्को स्वरमा राष्ट्रवादको कुरा गरे पनि अन्ततः हाम्रो भान्सामा पाक्ने नुनदेखि सुनसम्म र बिरामीले खाने औषधिदेखि गाडी चल्ने इन्धनसम्म भारतकै बाटो भएर आउने हो। त्यसैले भारतको जायज सुरक्षा चासोलाई बेवास्ता गरेर वा उसलाई जिस्क्याएर हामीले विकास गर्न सक्दैनौं।

छिमेकीसँग झगडा गरेर घरमा शान्ति हुँदैन र व्यापार पनि चल्दैन भन्ने यथार्थ बुझ्न अब ढिला गर्नुहुँदैन । भारतसँग हाम्रा समस्या छन् र सीमाका विवाद छन् तर ती समस्यालाई टेबुलमा बसेर हल गर्ने हो सडकमा टायर बालेर वा सामाजिक सञ्जालमा गाली गरेर होइन।

### त्रिपक्षीय साझा मुद्दा र क्षेत्रीय सहकार्यको बाटो

दक्षिण एशियाको बदलिँदो राजनीतिक परिदृश्यमा नेपाल भारत र बंगलादेशले एक्लाएक्लै हिँड्नसक्ने अवस्था छैन। त्रिपक्षीय सहकार्यमा जोड दिनु अपरिहार्य भइसकेको छ। यी तीन देशहरू भूगोल संस्कृति नदीनाला र अर्थतन्त्रले एकअर्कासँग यसरी जोडिएका छन् कि एउटाको समस्या अर्कोको समस्या बन्न पुग्छ । यस्तो अवस्थामा एकअर्काको समस्यालाई अवसरमा परिणत गर्दै साझा हितमा अगाडि बढ्नु नै बुद्धिमानी हो। त्रिपक्षीय सहकार्यको शुरुवात ऊर्जा क्षेत्रबाट हुनुपर्छ किनभने यो क्षेत्रले तीनै देशको अर्थतन्त्रलाई सीधै असर गर्छ।

ऊर्जा सहकार्य तीन देशको लागि सबैभन्दा महत्वपूर्ण साझा मुद्दा पनि हो । नेपालसँग जलविद्युतको अपार सम्भावना छ भने बंगलादेशमा ऊर्जाको चरम अभाव छ र यी दुई देशको बीचमा भारत अवस्थित छ। भारतको प्रशारण लाइन प्रयोग नगरी नेपालको बिजुली बंगलादेश पुग्न सक्दैन। तसर्थ नेपालले भारतलाई विश्वासमा लिएर बंगलादेशसम्मको ऊर्जा व्यापारलाई त्रिदेशीय रणनीतिको मुख्य अंग बनाउनुपर्छ । यसले नेपाललाई आफ्नो जलविद्युतको बजार विस्तार गर्न मद्दत गर्छ बंगलादेशलाई विश्वसनीय ऊर्जा आपूर्ति सुनिश्चित गर्छ र भारतलाई क्षेत्रीय ऊर्जा हबको रूपमा स्थापित गर्न सहयोग पुग्छ।

यो त्रिपक्षीय ऊर्जा सहकार्यले तीनै देशलाई आर्थिक लाभ प्रदान गर्नुका साथै क्षेत्रीय विकासको नयाँ आयाम थप्नेछ। पारवहन र सम्पर्क सञ्जाल दोस्रो महत्वपूर्ण मुद्दा हो। नेपाल जस्तो भूपरिवेष्टित देशका लागि बंगलादेशका मोंगला र चट्टोग्राम बन्दरगाहहरू समुद्रसम्म पुग्ने वैकल्पिक मार्ग हुन सक्छन् । यसका लागि भारतको फुलबारी बंगलाबन्ध कोरिडोरलाई सहज बनाउनुपर्छ।

जब नेपालका अन्न र व्यापारिक वस्तुहरू बंगलादेशका बन्दरगाहहरू हुँदै विश्व बजारसम्म पुग्नेछन् तब नेपालको अर्थतन्त्रले नयाँ गति लिनेछ । यस्तै बंगलादेशले पनि नेपाललाई आफ्नो प्राकृतिक बजारको रूपमा उपयोग गर्नसक्छ। यो सम्पर्क सञ्जालले तीनै देशको व्यापारलाई विस्तार गर्नुका साथै क्षेत्रीय एकीकरणलाई पनि बलियो बनाउनेछ। जलवायु परिवर्तन तेस्रो महत्त्वपूर्ण साझा मुद्दा हो।हिमाल पग्लिएर आउने बाढीले नेपाल भारतको बिहार र बंगलादेशलाई डुबाउँछ। यो साझा प्राकृतिक चुनौतीको सामना गर्न संयुक्त संयन्त्रको आवश्यकता छ । जलवायु परिवर्तनको असर कुनै एक देशसम्म सिमित नरही तीनै देशलाई समान रूपमा प्रभावित गरिरहेको छ।

बाढी नियन्त्रण सिंचाई व्यवस्थापन र वातावरण संरक्षणमा तीनै देशले मिलेर काम गर्नुपर्छ । यस्तो संयुक्त प्रयासले मात्र यस क्षेत्रको जलवायु परिवर्तनको चुनौतीलाई प्रभावकारी ढंगले सम्बोधन गर्न सकिन्छ। यी मुद्दाहरूमा प्रसिद्ध भारतीय कूटनीतिज्ञ र विद्वानहरूले पनि बारम्बार दक्षिण एशियाको समृद्धि कनेक्टिभिटीमा निर्भर छ भन्दै भारतले ठूलो दाइको हेपाहा प्रवृत्ति त्यागेर जेठो दाइको उदार भूमिका खेल्नुपर्नेमा जोड दिँदै आएका छन्।

### ढाका दिल्ली मित्रतामा नेपालको समृद्धि

पालको लागि एउटा विशेष स्वार्थ छ भारत र बंगलादेशको सम्बन्ध जति राम्रो भयो त्यति धेरै फाइदा नेपाललाई हुन्छ। कतिपयलाई लाग्ला कि भारत र बंगलादेशको सम्बन्ध बिग्रिएमा वा उनीहरू बीच तनाव बढेमा नेपालले फाइदा लिनसक्छ। तर यो एकदमै गलत र आत्मघाती सोच हो। यदि भारत र बंगलादेशको सम्बन्धमा अविश्वास पैदा भयो भने भारतले आफ्नो सुरक्षाको कारण देखाउँदै चिकेन नेक वा सिलिगुडी करिडोरमा कडाइ गर्नसक्छ।

यस्तो अवस्थामा नेपालले बंगलादेशमा बिजुली बेच्ने जुन सपना देखेको छ वा उनीहरूको मोंगला र चट्टोग्राम बन्दरगाह प्रयोग गरेर समुन्द्रसम्म पुग्ने सोचेको छ ती सबै कुरा धरापमा पर्न सक्छन् । हाम्रो भूराजनीतिक यथार्थ के हो भने नेपाल भूपरिवेष्टितबाट भूजडित बन्दै समुन्द्रसम्मको पहुँच र ऊर्जा व्यापारको विविधिकरण गर्न चाहन्छ र यसका लागि ढाका र दिल्लीबीचको सम्बन्ध पानी र दुध जस्तै कसिलो हुनु अपरिहार्य छ । नेपालले बंगलादेशको मोंगला र चट्टोग्राम बन्दरगाह प्रयोग गर्ने होस् वा आफ्नो जलविद्युत बंगलादेशको बजारमा बेच्ने त्यसको एकमात्र मार्ग भारतीय भूमि नै हो।

बीबीआईएन जस्तो संरचानाले क्षेत्रीय यातायात र पारवहनलाई पनि मद्दत गर्नेछ। सम्झौता भएर पनि निस्क्रिय जस्तै रहेको यो संरचनालाई बंगलादेशको नयाँ सरकारले प्राथमिकतामा राख्नसक्छ । यसको सक्रियताले नेपालमा पर्यटनको बजारलाई सहयोग पुग्नेछ। नेपालको समृद्धिको एउटा सपना तब मात्र जीवन्त हुन्छ जब छिमेकका दुई ठूला खम्बाहरू भारत र बंगलादेश एकै लयमा हिँड्छन्।

### दलहरूको मौनता र कुटनीतिक अपरिपक्वता

बंगलादेशमा नयाँ सरकार नयाँ प्राथमिकताको कुरा गरे पनि हामीले एक गल्ति गरिरहेका छौं। बंगलादेशको शान्ति र स्थिरतामा हामीले समृद्धि देखे पनि त्यहाका जनताले दिएको नयाँ र स्पष्ट जनादेशलाई नेपालका प्रमुख राजनीतिक दलहरूले अहिलेसम्म औपचारिक रूपमा सम्मान गरेको वा बधाई दिएको पाइएन। हामी आफैं पनि निर्वाचनको संघारमा छौं र हाम्रा दलहरू बहुमत ल्याएर सरकार चलाउने एजेण्डा फलाकिरहेका छन् । तर भोलि चुनाव जितेर सरकारमा पुगेपछि यिनै दलले ऊर्जा व्यापार वा पारवहनका लागि बंगलादेशसँग द्विपक्षीय हितको कुरा गर्नुपर्ने हुन्छ।

छिमेकीको घरमा आएको यत्रो परिवर्तनलाई सम्मान गर्न नसक्नु वा बधाई दिन समेत कञ्जुस्याइँ गर्नुले हाम्रो कुटनीतिक अपरिपक्वता छर्लङ्ग पारेको छ । हामीले यो पनि हेर्नुपर्छ कि हामीभन्दा चिसो सम्बन्ध भएको र सरकार परिवर्तनले सबैभन्दा ठूलो धक्का लागेको भारतले समेत नयाँ जनादेश र नेतृत्वसँग सम्बन्ध अगाडि बढाउन कत्रो गरमजोशी देखाइसक्यो । दिल्लीले ढाकालाई न्यानोपन दिन खोजिरहँदा भूगोल नजोडिए पनि मन र सम्बन्ध जोडिएको हाम्रो जस्तो नजिकको मित्रले बंगलादेशको परिवर्तनलाई यसरी बेवास्ता गर्नु सर्वथा गलत हो । यो गल्तीलाई समयमै नसच्याउने हो भने भोलि सहकार्यको हात बढाउँदा हामीलाई नै नैतिक संकट पर्नसक्छ।

### बिमस्टेक, सार्क र बहुपक्षीय कुटनीतिको बाटो अनि भारत

अबको दुनियाँमा एक्लै हिँडेर वा दुईपक्षीय सम्बन्धमा मात्र अल्झिएर पार लाग्दैन । दक्षिण एशियामा शक्ति राष्ट्रहरूको खेल बढिरहेको छ । यस्तो बेला हामी जोगिनको लागि र आफ्नो बार्गेनिङ पावर बढाउनको लागि सार्क र बिमस्टेक जस्ता क्षेत्रीय मञ्चहरूलाई ब्युँताउनुपर्छ र सक्रिय बनाउनुपर्छ । यति मात्र होइन हामीले ग्लोवल साउथ वा साङ्घाई सहयोग संगठन जस्ता धेरै ढोकाहरू वा मल्टी डोर कुटनीति खुल्ला राख्नुपर्छ। हामीसँग जति धेरै विकल्प हुन्छन् र जति धेरै मञ्चमा हामी आफ्ना कुरा राख्नसक्छौं त्यति नै हामी बलियो हुन्छौं।

एउटा शक्तिले पेल्न खोज्यो भने अर्को ठाउँमा बोल्ने र सहयोग माग्ने बाटो हुन्छ। यसले कुनैपनि एउटा देशलाई नेपालमाथि मनपरी गर्न दिँदैन । यसको लागि भारतले पनि अब ठूलो दाइको अहङ्कार छोडेर जेठो दाइको जस्तो अभिभावकीय र उदार भुमिका खेल्नुपर्छ। साना छिमेकीलाई साथमा लिएर र उनीहरूको चित्त बुझाएर हिँड्दा नै भारतको पनि भलो हुन्छ । नत्र आफ्नै आँगनमा आगो लाग्दा घर सुरक्षित हुँदैन भन्ने कुरा दिल्लीले पनि बुझ्नुपर्छ।

### अन्त्यमा मन बदलिए पनि मत नबदलौं

अहिले एउटा गम्भीर प्रश्न हाम्रो अगाडि उभिएको छ 'भोट' कसलाई दिने केवल सत्ता जित्न खोज्नेलाई कि 'राजनीति र देशको भविष्य' जित्न सक्नेलाई यो छुट्याउने बेला आएको छ। हामी भित्र पुराना दलहरूप्रति रिस र कुण्ठा छ। उही पुराना अनुहार र उही घ्यारघ्यार सुनिने भाषणले हामीलाई वाक्क बनाएको छ। हामीलाई एक किसिमको दृष्टि थकान भएको छ। तर यो संगीन घडीमा नेपाली जनताले एकछिन रोकिएर अडिएर र ठण्डा दिमागले सोचेर निष्कर्ष निकाल्नुपर्ने आवश्यकता छ।

भावावेश र आक्रोशलाई एकैछिन रोक्नुपर्ने अवस्था छ। मैले मन बदले पनि मत बदल्दा भोलि देशको अवस्था के हुन्छ र के हुँदैन भन्ने कुराको गहिरो हेक्का राख्नैपर्छ। बंगलादेशका जनताले यही बुद्धिमानी तरिकाले व्यवहारमा उतारे । उनीहरूको मन बदलिएको थियो उनीहरू पनि पुराना अनुहारसँग खुशी थिएनन् होला। तर उनीहरूले मत बदल्दा देश दुर्घटनामा जानसक्छ भन्ने बुझे।

मन बदलिए पनि मत नबदलेको कारण आज बंगलादेश फेरि विकासको बाटोमा निस्कने तरखरमा छ। त्यहाँ अब राम्रो नै हुन्छ नराम्रो हुने गुञ्जायस छैन। त्यसैले हामीले पनि भावनामा बगेर होइन विवेक प्रयोग गरेर निर्णय लिनु नै बुद्धिमानी हुनेछ। (लेखक सविन धमला न्युज एजेन्सी नेपालसँग आवद्ध हुनुहुन्छ। लेखक धमला समयामयिक राजनीति, नीति पैरवी, विश्लेषण, संसदीय मामिलामा नियमित लेख्दै आउनुभएको छ।)रातोपाटी

# भारतको केआईआईटीमा मैले देखेको त्यो रात...



समीप गौतम




२० वर्षीय नेपाली विद्यार्थी प्रकृति लम्साल आफ्नै कोठामा झुन्डिएको अवस्थामा मृत फेला परिन्।

लम्सालको मृत्युपछि क्याम्पस प्रशासनले उनको गुनासोमाथि समयमै कारबाही नगरेको आरोप लाग्यो।

घटनापछि नेपाली विद्यार्थीहरूले विरोध जनाए भने नेपाल सरकारले कूटनीतिक पहल ग७शधव;यो।

१६ फेब्रुअरी ०२५ को रात, हाम्रो क्याम्पसको छात्रावासमा २० वर्षीया नेपाली विद्यार्थी प्रकृति लम्साल आफ्नै कोठाभित्र मृत अवस्थामा फेला परिन् । प्रहरीका अनुसार उनी झुन्डिएको अवस्थामा भेटिएकी थिइन् । र, घटनालाई प्रारम्भिक अनुसन्धान तथा पोस्टमार्टमपछि आत्महत्या नै मानिएको थियो । त्यो रात क्याम्पसमा वार्षिक महोत्सवको समापन भइरहेको थियो ।

प्रकृति लम्सालको मृत्युले संस्थागत उत्तरदायित्व र विद्यार्थी सुरक्षासम्बन्धी गम्भीर प्रश्न उठाएको थियो । उनका परिवार र साथीहरूका अनुसार, उनले आफ्नो मृत्युभन्दा करिब एघार महिना अघि, मार्च ०२४ मा आफ्ना सहपाठी अद्विक श्रीवास्तव विरुद्ध दुर्व्यवहार, मानसिक उत्पीडन तथा ह्यारासमेन्टसम्बन्धी गुनासो क्याम्पस प्रशासनसमक्ष दर्ता गराएकी थिइन् ।

तर ती गुनासोमाथि समयमै प्रभावकारी र पर्याप्त कारबाही भएको देखिएन । घटनापछि भारतीय प्रहरीले सम्बन्धित व्यक्तिलाई आत्महत्यामा दुरुत्साहन गरेको अभियोगमा पक्राउ गरी अनुसन्धान सुरु गरेको थियो ।

म त्यो रात आफ्ना साथीहरूसँग क्याम्पस बाहिरबाट फर्किरहेको थिएँ । होस्टल परिसरमा प्रवेश गर्दा असामान्य चहलपहल देखिन्थ्यो । केही समयपछि एक नेपाली विद्यार्थी मृत अवस्थामा भेटिएको खबर फैलियो । त्यसपछि नेपाली विद्यार्थीहरूबिच पीडा, आक्रोश र अन्योलको वातावरण सिर्जना भयो ।

त्यही रात नेपाली विद्यार्थीहरूले क्याम्पस परिसरमै शान्तिपूर्ण रूपमा विरोध जनाए । स्थिति संवेदनशील बनेपछि क्याम्पस परिसरमा ओडिशा प्रहरीका दुई प्लाटुन तैनाथ गरिए । प्रहरीको उपस्थितिले परिस्थितिको गम्भीरता स्पष्ट देखाउँथ्यो ।

भोलिपल्ट परिस्थिति अप्रत्याशित रूपमा बदलियो । नेपाली विद्यार्थीहरूलाई क्याम्पस छाड्न भनियो र सुरक्षाकर्मीहरूको उपस्थितिमा विद्यार्थीहरूलाई होस्टलबाट बाहिर पठाइयो । आफ्नो साथीको मृत्युको शोकबिच क्याम्पस छाड्न बाध्य हुनु अत्यन्त पिडादायी अनुभव थियो ।

यस घटनाले नेपालमा पनि व्यापक प्रतिक्रिया निम्त्यायो । नेपाल सरकारले कूटनीतिक माध्यमबाट चासो व्यक्त गऱ्यो र विद्यार्थी सुरक्षाको विषयमा संवाद भयो । भारतको विदेश मन्त्रालयले विदेशी विद्यार्थीहरूको सुरक्षाप्रति आफू सचेत रहेको जनायो । विश्वविद्यालय प्रशासनले पनि घटनाप्रति दुःख व्यक्त गर्दै अनुसन्धानमा सहकार्य गरिरहेको बताएको थियो ।

यो घटनाले एउटा महत्त्वपूर्ण प्रश्न उठाएको छ- विद्यार्थीहरूले उठाएका गुनासोलाई शैक्षिक संस्थाहरूले कत्तिको गम्भीर रूपमा लिन्छन् ? त्यसमा पनि नेपाली विद्यार्थीहरूले उठाएको विषयलाई झन् कत्तिको गम्भीर रूपमा लिन्छन् ? शैक्षिक संस्थाहरू केवल शिक्षणका केन्द्र मात्र होइनन्, ती विद्यार्थीहरूको सुरक्षा, सम्मान र विश्वासका आधार पनि हुन् । विशेषगरी विदेशी विद्यार्थीहरूका लागि, संस्थागत संवेदनशीलता र उत्तरदायित्व झन् महत्त्वपूर्ण हुन जान्छ ।

प्रकृति लम्साल अब फर्केर आउन सक्दिनन् । तर उनको घटनाले हामीलाई एउटा स्पष्ट सन्देश दिएको छ- विद्यार्थीहरूको गुनासोलाई समयमै सुन्न सकिएन भने, उनीहरूको सुरक्षा सुनिश्चितता गर्न सकिएन भने र संस्थागत जवाफदेहिता बलियो बनाइएन भने सबै प्रयासहरू आश्वासन जस्ता लाग्दा रहेछन् ।(गौतम भारतको ओडिसास्थित कालिङ्गा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) भुवनेश्वरमा अध्ययनरत नेपाली विद्यार्थी हुन् ।)रातोपाटी

# राजनीतिक दलका चुनावी घोषणापत्रः निःशुल्क स्वास्थ्यमा जोड

काठमाण्डु । आसन्न प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक दलले जनताको स्वास्थ्य सेवालाई मुख्य एजेण्डा बनाएका छन् । राजनीतिक दलले जारी गरेका घोषणापत्रमा मुख्यतः नागरिकको स्वास्थ्य उपचार निःशुल्क बनाउनेमा जोड दिएका हुन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले जारी गरेको घोषणापत्रमा सबै विद्यालयका किशोरीलाई निःशुल्क 'प्याड' उपलब्ध उल्लेख गरेको छ । साथै स्वास्थ्य स्वयंसेविकालाई रु २० हजार भत्ता र सामाजिक सुरक्षासमेत उपलब्ध गराउने उल्लेख छ ।एमालेद्वारा सुत्केरी महिला भत्ता २० हजार र पाँच लाखसम्मको निःशुल्क जीवन बिमा उपलब्ध गराउने घोषणापत्रमा उल्लेख गरिएको छ । सबै तहमा अस्पतालको पूर्वाधार निर्माण, आधुनिक उपकरणको व्यवस्था, सेवाको गुणस्तर निर्धारण तथा जनशक्ति व्यवस्थापन गरी विश्वस्तरीय स्वास्थ्य सेवा स्वदेशमा उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ ।

एमालेले प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तिमा एक जना 'जनरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसिन' (एमडीजिपी) चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराउने उल्लेख गरेको छ । जिल्ला अस्पतालको स्तरोन्नति गरी न्यूनतम सेवा उपलब्ध गराउने र प्रदेशस्तरमा प्रभावकारी 'रिफरल' प्रणालीको व्यवस्था गर्ने उल्लेख छ ।त्यस्तै नेपाली कांग्रेसले जारी गरेको 'प्रतिज्ञापत्र'मा स्वास्थ्य उपचारमा नागरिकले खल्तिबाट पैसा तिर्नुपर्ने अवस्थाको अन्त्य गर्ने र निःशुल्क तथा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने उल्लेख गरेको छ । साथै प्रतिज्ञापत्रमा सबै प्रतिज्ञापत्रमा उल्लेख गरिएको छ ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) जारी गरेको 'प्रतिवद्धतापत्र' मा २०८८ सम्म सतप्रतिशतलाई स्वास्थ्य बिमामा आबद्ध गर्ने उल्लेख छ । साथै स्वास्थ्य खर्च हाल करिब ५४ प्रतिशत रहेको अवस्थालाई २०८८ सम्म ३५ प्रतिशतभन्दा कममा झार्ने लक्ष्य राखिएको छ ।हरेक वडा, समुदाय र विद्यालयमा 'मिडलेभल' ( मध्यमस्तर) स्वास्थ्य टोली परिचालन गरिने घोषणापत्रमा उल्लेख गरिएको छ । ती टोलीमार्फत नियमित स्वास्थ्य जाँच, जीवनशैली परामर्श तथा रोग रोकथामसम्बन्धी सेवा प्रदान गरिने जनाइएको छ ।

साथै सरकारी अस्पतालमा बहिरङ्ग सेवा (ओपिडी) वर्षभरि बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म दुई सिफ्टमा सञ्चालन गरिने र स्वास्थ्य चौकीमा पनि ३६५ दिन सेवा विस्तार गरिने उल्लेख छ । प्रतिबद्धतापत्रमा वैदेशिक रोजगारीमा जाने युवाको स्वास्थ्य परीक्षण निःशुल्क गरिने उल्लेख छ । नेकपाले औषधि खरिदमा हुने अनियमितता अन्त्य गर्न केन्द्रीय फ्रेमवर्क सम्झौता तथा सरकारी सरकारी खरिद प्रणाली लागू गरिने उल्लेख गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सार्वजनिक गरेको 'वाचापत्र' मा स्वास्थ्यसँग सम्बन्धित सबै सामाजिक सुरक्षाका कार्यक्रमलाई एकद्वार प्रणालीमा लैजाने उल्लेख छ । वाचापत्रमा क्यान्सरलगायत नसर्ने रोगलाई उपचारभन्दा पनि रोकथाममुखी रणनीति अवलम्बन गर्ने, जलन पीडितको निःशुल्क र गुणस्तरीय उपचार सुनिश्चित गर्न जलन उपचार कोष स्थापना र एक विश्वस्तरीय विशेष जलन




तहका सरकारले कूल बजेटको स्वास्थ्य क्षेत्रमा १० प्रतिशत छुट्याउनुपर्ने व्यवस्था कार्यान्वयन गरिने उल्लेख गरेको छ ।


कांग्रेसले सबै उपचार स्वास्थ्य बिमाबाट गरिने उल्लेख गर्दै स्वास्थ्य बिमाका लागि आम्दानी नहुनेले प्रिमियम तिर्न राज्यले व्यहोर्ने प्रतिज्ञापत्रमा उल्लेख गरेको छ । सबै स्थानीय तहबाट प्रथम सेवा विन्दु सञ्चालन गर्ने, तीन वर्षमुनिका बालबालिका र ७३ वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क उपचारको व्यवस्था गर्नेलगायत स्वास्थ्यसम्बन्धी विषय अस्पताल निर्माण गर्ने उल्लेख छ ।

मानसिक स्वास्थ्य सेवालाई नागरिकको सहज पहुँचमा पुऱ्याउन छुट्टै अधिकार सम्पन्न महाशाखा स्थापना गर्ने, प्रथामिक स्वास्थ्य सेवा प्रवाहमा मानसिक प्राथमिक उपचार सबै जिल्ला अस्पतालमा विशेष चिकित्सकको व्यवस्थासहित २४सैं घण्टा सञ्चालन हुने हेल्पलाइनमार्फत सेवा प्रवा गर्ने उल्लेख छ । योग र ध्यान कार्यक्रम सञ्चालन गर्ने र वैज्ञानिक अध्ययनमा आधारमा वैकल्पिक उपचार पद्धतिलाई संस्थागत रूपमा सञ्चालन गर्ने वाचापत्रमा उल्लेख गरिएको छ ।रासस

# आगामी निर्वाचनमार्फत देश र लोकतन्त्रले जित्नुपर्छ : पूर्वप्रमुख निर्वाचन आयुक्त

काठमाण्डु । पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले लोकतन्त्रको स्थायित्व र सुशासनका लागि हुन गइरहेको निर्वाचनको महायज्ञलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउने वातावरण बनाउन सबै राजनीतिक दल र उम्मेदवारलाई अपिल गर्नुभएको छ ।उहाँले राजनीतिक दल र उम्मेदवारबाट हुने शान्तिपूर्ण चुनावी प्रचारप्रसार र चुनावमा मतदाताको उत्साहपूर्ण सहभागिताले मात्र लोकतन्त्र फस्टाउने र मुलुकले समृद्धि हासिल गर्ने बताउनुभयो ।पूर्वप्रमुख निर्वाचन आयुक्त उप्रेतीले भन्नुभयो, "राजनीतिलाई स्थिरता दिन नसके पनि निर्वाचन गराउने सिलसिलामा हामी अनुभवी छौँ । विगतका चुनौतीपूर्ण अवस्थामा पनि मतदाताको उत्साहपूर्ण सहभागितामा शान्तिपूर्ण रूपमा थुप्रै निर्वाचन गरिसकेका छौँ ।"उहाँकै नेतृत्वमा निर्वाचन आयोगले विसं २०७० मा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गरेको थियो । सोही संविधानसभाले नेपालको संविधान जारी गरेको थियो ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका विषयमा केन्द्रित रही राष्ट्रिय समाचार समिति (रासस)का समाचारदाता नारायण न्यौपानेले पूर्वप्रमुख निर्वाचन आयुक्त उप्रेतीसँग गरेको अन्तर्वार्ताको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ ।



आगामी निर्वाचनबाट सकेसम्म विधिसम्मत रूपमा सम्पूर्ण वर्ग, क्षेत्र, समूह र लैङ्गिक प्रतिनिधित्व हुन सकोस् । निर्वाचनपछि बनेको सरकारले पूरा अवधि पाँच वर्ष सरकार चलाओस् । सदन पनि पूरा चलोस् । पाँच वर्षका लागि भनेर चुनाव गर्ने अनि विगतको जस्तो १७ वर्षमा १७ वटै सरकार ब्यहोर्नु नपरोस् ।

**मुलुक निर्वाचनको सम्मुखमा छ, यो निर्वाचनलाई कसरी हेर्नुभएको छ ?**

आवधिक निर्वाचन प्रत्येक पाँच वर्षमा हुन्छ । त्यो कुन दिन, कुन मिति, कुन महिनामा हुन्छ भन्ने विषय पनि मतदातालाई पहिल्यै थाहा हुनुपर्छ । लोकतन्त्र र राजनीतिक स्थायित्व भएका देशमा यस्तो खालको व्यवस्था छ । प्रजातन्त्रको स्थायित्वका लागि आवधिक अवधि नपुगी बीचैमा निर्वाचन गराउन पर्ने अवस्था सकेसम्म आउन दिनुहुन्न । नेपालमा जुन अवस्थाका कारण निर्वाचन घोषणा भयो, त्यो वातावरण नआएको भए विसं २०८४ मा नियमित निर्वाचन हुन्थ्यो । योबीचमा सरकारले राम्रो काम गर्न सकेन, फलस्वरुप जेनजी आन्दोलनको बलमा बीचमै निर्वाचन गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो । यद्यपि, जेनजी आन्दोलनमा निर्वाचनको माग उठेको थिएन । तत्कालीन सरकारको बहिर्गमनका सन्दर्भमा लोकतान्त्रिक प्रक्रियामा जानका लागि मध्यावधि निर्वाचन आवश्यक र अनिवार्य हुन पुग्यो । आजसम्म आइपुग्दा निर्वाचन तयारी अन्तिम चरणमा पुगेको छ । प्रजातन्त्रमा निर्वाचनको विकल्प र अर्को उपायको खोजी गर्न नपरोस् भन्ने सोचिन्छ । हामी लोकतान्त्रिक अभ्यासमा निकै अगाडि आइसक्यौँ । निर्वाचन गर्न र गराउने सिलसिलामा हामी अनुभवी छौँ । मतदाताको उत्साहपूर्ण सहभागितामा थुप्रै निर्वाचन गरिसकेका छौँ । तथापि, राजनीतिले स्थायित्व र सरकार स्थिर नहुँदा दुःख लाग्छ । यस पाटोमा सुधार गर्दै लैजानुपर्ने छ । जहाँसम्म यही फागुन २१ को निर्वाचनको विषय छ, यो त आइनै सक्यो । अब यसलाई शान्तपूर्ण वातावरणमा अवतरण गराउनुपर्छ ।निर्वाचनलाई शान्तिपूर्ण बनाउने र विधिपूर्वक सम्पन्न गराउन मतदाताले मन परेको असल व्यक्ति र दललाई मत दिनुपर्छ । निर्वाचन परिणामका आधारमा गठन हुने सरकारले जनभावनाअनुरुप विकास र सुशासन प्रदान गर्न सक्नुपर्छ । त्यसका लागि प्रत्येक मतदाताको पनि उत्तिकै दायित्व छ । निर्वाचनमा राजनीतिक दल र उम्मेदवार विजयी तुल्याउन दर्शन र सिद्धान्तभन्दा ठूलो भूमिका मतदाताको रहन्छ, किनभने मतदाताको मतबिना निर्वाचनको अर्थ हुँदैन । मतदान शुद्ध हुनुपर्छ, मतमा स्वस्तिक चिह्न लगाउँदा यताउति हुनुभएन । विगत देखिकै प्रायः सबै निर्वाचनमा नेपाली मतदाताको उत्साहपूर्वक सहभागिता हुने गरेको छ । यस पटक पनि त्यही खालको वातावरण तयार गर्नुपर्छ । निर्वाचन आयोग, सरकार, राजनीतिक दल, उम्मेदवार र मतदाता सबै मिलेर निर्वाचनको महायज्ञको जिम्मेवारी र दायित्वलाई हामीले पूरा गर्नुपर्छ ।

**निर्वाचनमा के कस्ता कुरालाई बढी चासोका साथ हेरिने गरिएको छ ?**

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारको प्रतिनिधित्वको विषयलाई नै बढी चासो राखिन्छ । त्यो भनेको जसले चुनाव जित्ने हो, उसैलाई चासो दिइन्छ । निर्वाचनमा उठेका सबै उम्मेदवारले जित्न कोसिस गरे पनि त्यसको परीक्षा र मूल्याङ्कन मतदाताले गर्छन् । सुदूरपूर्व र पश्चिमका मतदाताले आपसमा सरसल्लाह नगरे पनि सामूहिक विद्वताबाट एउटा दर्शन बोकेको राजनीतिक दल र उम्मेदवार विजयी हुनसक्दछ ।चुनावमा सबै उम्मेदवारलाई जित्ने निर्वाचन गर्न सकिन्न । जति निर्वाचन क्षेत्र र स्थान छ त्यसमा मात्र उम्मेदवारले जित्ने हो । सबै जित्ने होइन, तर नेपाल र लोकतन्त्रले जित्नैपर्छ । आगामी निर्वाचनबाट सकेसम्म विधिसम्मत रूपमा सम्पूर्ण वर्ग, क्षेत्र, समूह र लैङ्गिक प्रतिनिधित्व हुन सकोस् । निर्वाचनपछि बनेको सरकारले पूरा अवधि पाँच वर्ष सरकार चलाओस् । सदन पनि पूरा चलोस् । पाँच वर्षका लागि भनेर चुनाव गर्ने अनि विगतको जस्तो १७ वर्षमा १७ वटै सरकार ब्यहोर्नु नपरोस् । छोटो अवधि र संयुक्त सरकारले ठीक ढङ्गले कार्य सम्पादन गर्न नसक्दा नेपाली जनताको सुशासन, विकास र समृद्धिको चाहना ओझेलमा परिरहेको छ । निरन्तर सरकार परिवर्तन भएमा राजनीतिले पनि स्थायित्व प्राप्त गर्न कठिन हुन्छ । राजनीतिक स्थायित्व नभई विकासको प्रक्रिया अगाडि बढ्न सक्दैन । यो पटक मतदाताको सामूहिक विद्वताले असल नतिजा दिलाउन सक्नुपर्छ । त्यसका लागि विश्वास लागेको पात्र र दललाई मतदान गर्नुपर्छ, जसबाट मुलुकमा स्थायी सरकार दिलाउन सकियोस् ।

**निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र निष्पक्ष गराउन कसको कस्तो भूमिका रहन्छ ?**

निर्वाचन खर्चिलो भयो भनिन्छ । हुन त राज्यको लागि पनि निर्वाचन खर्चिलो छ । निर्वाचन प्रक्रिया, विधि र प्रणालीका कारणले पनि निर्वाचन खर्चिलो भएको छ । राजनीतिक दल र उम्मेदवारबीच ज्ञान, विद्वता, अनुभव र दर्शनमा प्रतिस्पर्धा भए निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी हुन्छ । सिद्धान्त, प्रतिबद्धता र सङ्कल्पअनुसार जान सक्ने उम्मेदवार चुन्ने कि जसरी पनि जित्ने भन्नेलाई ? यो विषय महत्त्वूर्ण छ । जसरी पनि निर्वाचन जित्ने र संसद्मा पुग्ने अनि यसलाई व्यवसाय र जागिर बनाउने मानसिकता त्याग्नुपर्छ । जनताले यो विषयलाई ध्यानपूर्वक सोच्नुपर्छ ।

**पछिल्लो समय निर्वाचन पैसाले होइन, निष्ठा र सिद्धान्तले जित्नुपर्छ भन्ने मान्यता हराउदै गएको छ भनिन्छ नि !**

निर्वाचनमा मतदाताले लोकतान्त्रिक सोच भएका, समाजसेवामा लागेका, सिद्धान्तप्रति प्रतिबद्ध र निष्ठावान उम्मेदवार पहिल्याउन सक्नुपर्छ । निर्वाचन खर्च तोकिएको सीमाभित्र रहेर गरिनुपर्छ । निर्वाचनमा अथाह खर्च गर्ने अनि कागजी प्रतिवेदनमा भने ठिक्क हिसाब देखाउने प्रवृत्ति रोक्नुपर्छ । चुनावमा बढी खर्च र तडकभडक प्रचारप्रसार गर्नेलाई अयोग्य घोषणा गर्ने अधिकार निर्वाचन आयोगलाई छ । राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसारका क्रममा मतदातासमक्ष राखेका विषय दिगो विश्वासनीय हुनुपर्छ । प्रसारप्रसारलाई शान्तिपूर्ण ढङ्गबाट नै लैजानुपर्छ । एकअर्कालाई आरोप प्रत्यारोप गर्नहुन्न । निर्वाचलाई निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सुरक्षालाई चुस्त बनाउनुपर्छ । निर्वाचनमा मतदान गर्नु सबै मतदाताको कर्तव्यलाई बिर्सनुहुन्न । सोचेर मतदान गर्नुपर्छ । मत खेर फाल्नुहुन्न । घरको कामको चापलाई पनि समयको व्यवस्थापन गरी मतदान गर्नुपर्छ । मतदान भनेको भगवानलाई अर्चना र अर्पण गरेजस्तै देशको भविष्य र हितका लागि अमूल्य दान हो । यसमा कोही पनि छुट्नु र कसैलाई पनि छुटाउनुहुन्न । राजनीतिक दल र उम्मेदवारले पनि मतदान गर्ने विधि र प्रक्रिया ठीक ढङ्गले सिकाउन र बुझाउन जरुरी छ ।

**निर्वाचन प्रचारप्रसारमा राजनीतिक दल र उम्मेदवारले के कस्ता कुरामा बढी ध्यान दिनुपर्छ ?**

आवधिक निर्वाचन नौ महिना वा एक वर्ष सरकार चलाउनका लागि भएको होइन । निर्वाचनमा अब स्थायी सरकार बनाउँछु भनेर मतदाताले कसरी थाहा पाउने ? त्यो सबैभन्दा ठूलो प्रश्न छ । सरकारमा जाने र पाँच वर्षसम्म निरन्तर काम गर्न नसक्ने स्थिति कसले सिर्जना गरेको हो ? मतदाताले मतहाल्नुअघि विश्लेषण गर्नुपर्छ । हुन त त्यसमा केही हदसम्म राजनीतिक दल, मतदाता स्वयं र निर्वाचन प्रणालीको पनि दोष भनिन्छ । सदनमा धेरै राजनीतिक दल भए भने स्थायित्व हुन्न भन्ने मत पनि छ । यसमा मतदाताको विद्वताको परीक्षण पनि हुन्छ । उहाँहरूको विद्वताले कसको सरकार गठन हुने र विकासको मार्ग कसरी अगाडि बढ्छ भन्ने निर्धारण गर्छ । निर्वाचनपछि गठन हुने सरकारले सम्पूर्ण देशको क्षमता र अवस्थाका आधारमा सुझबुझपूर्ण ढङ्गले मुलुकलाई समृद्धितर्फ लैजान सक्नुपर्छ ।

**मुलुक निर्वाचनमय भएको छ, यसबेला सरकार र आयोगको भूमिका कस्तो रहन्छ ?**

सरकारले निर्वाचन आयोगलाई निर्वाचन प्रक्रियाका लागि आवश्यक पर्ने सबै खालको स्रोतसाधन र शान्ति सुरक्षाका हिसाबले राजनीतिक दल, उम्मेदवार र मतदातालाई निर्वाचनमा ढुक्कसँग भाग लिने वातावरण मिलाउनुपर्छ ।सरकारले मुलुकको समग्र सुरक्षा अवस्थाको मूल्याङ्कन गरी कुन निर्वाचन क्षेत्र, कुन ठाउँ र कुन मतदान केन्द्रमा सुरक्षा चुनौती छ, त्यसको विश्लेषण गरी आवश्यक प्रबन्ध मिलाउनुपर्छ । हामी निर्वाचनमा अनुभवी छौँ । चुनावी प्रचारप्रसारदेखि मतदान, मतपेटिका ढुवानी, मतगणना र विजय जुलुस निस्कने बेलासम्मको सुरक्षा व्यवस्था चुस्त हुनुपर्छ । त्यसका लागि प्रत्यक्ष सरोकार भएका पक्ष राजनीतिक दल र उम्मेदवारले आवश्यक वातावरण बनाउन सहयोग पुऱ्याउनुपर्छ ।

**निर्वाचनमा प्रचारप्रसारको समयमा राजनीतिक दल र उम्मेदवारले अपनाउनुपर्ने सजगताबारे के भन्नुहुन्छ ?**

यस पटक यही फागुन ४ देखि १८ गतेसम्मका लागि निर्वाचन प्रचारप्रसारको समय तोकिएको छ । यस अवधिमा के के गर्न पाइन्छ, के गर्नुहुन्छ, के गर्नुहुँदैन भन्ने विषयमा निर्वाचन आचारसंहितामा स्पष्ट लेखिएको छ । निर्वाचनमा सबै राजनीतिक दल र उम्मेदवारले भद्र ढङ्गबाट चुनाव प्रचारप्रसार गर्न पाउनुपर्छ । आफ्नो पक्षमा चुनाव प्रचारप्रसार गर्दा अर्को पक्षको विरोध गर्न पाइन्न । हाल निर्वाचन प्रचारप्रसारको सन्दर्भमा प्रविधिको प्रयोगको अभ्यास बढेको छ । अर्को पक्षलाई आरोपप्रत्यारोप मात्र होइन, द्वेष र घृणा फैलाउने तथा अनर्गल प्रचार गर्नुहुन्न । आफ्ना राम्रा पक्ष र उद्देश्य मात्र प्रचारप्रसार गरिनुपर्छ । यसका लागि मतदाता शिक्षा र चुनाव प्रसारप्रसारको माध्यम सामाजिक सञ्जाल अत्यन्त प्रभावकारी देखिएको छ ।

**निर्वाचनमा मौन अवधिलाई अलि पेचिलो र विशेष रूपमा किन हेरिन्छ ?**

चुनावी प्रचारप्रसार जतातत्तै भइरहेको छ । कतिपय स्थानमा एकअर्का दलका उम्मेदवार आपसमा अङ्कमाल गर्दै भोट मागिरहेको पनि देखिन्छ । यो असल पक्ष हो । निर्वाचन प्रचारप्रसारको अन्त्यतिर वातावरणलाई शान्त तुल्याउन र मतदातालाई कुन उम्मेदवारलाई मत प्रदान गर्न ठीक होला भनी सोच विचार गर्नका लागि मौन अवधिको व्यवस्था गरिएको हो । जोडतोडमा भइरहेको प्रचारप्रसार सकेर निर्वाचनको ठूलो महायज्ञको वातावरण बनाउन मौन अवधिको अत्यन्त महत्त्व छ । त्यो समयमा राजनीतिक दल र उम्मेदवारले निर्वाचन आचारसंहिताविपरीत कुनै पनि कार्य गर्नहुन्न । शान्तपूर्वक बस्नपर्छ । मतदातालाई प्रभाव पार्ने ढङ्गबाट कुनै पनि कुरा गर्न पाइन्न । निर्वाचनको पवित्रतामाथि आक्षेप र प्रभाव पार्ने कुनै कार्य गरिनुहुन्न ।

**अन्त्यमा मतदातालाई यहाको केही सन्देश छ ?**

लोकतन्त्र बचाउने जिम्मेवारी मतदाता, राजनीतिक दल र उम्मेदवारको हो । हामीले नै लोकतन्त्रलाई स्थिर र स्थायी बनाउनुपर्छ । मतदाताको विद्वता र विचारका आधारमा असल उम्मेदवार छनोट गर्न सक्नुपर्छ । दर्शनमा फरक भए पनि मतदान शुद्ध र स्वच्छ भावनाले हुनुपर्छ । तोकिएको समयावधिभित्र मतदान केन्द्रमा पुगी मतखेर नजाने ढङ्गबाट मतदान गर्नुपर्छ ।रासस

# गृहमन्त्रीद्वारा काठमाडौं र मकवानपुरको मतदानस्थलको अनुगमन

काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुने बताउनुभएको छ ।

शनिबार काठमाडौं र मकवानपुरको विभिन्न मतदान केन्द्रको स्थलगत निरीक्षण तथा अनुगमनको क्रममा गृहमन्त्री अर्यालले निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सबै पक्षको सहयोग रहने विश्वास व्यक्त गर्नुका साथै निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सफल बनाउन आम नागरिकको सक्रियता जरुरी रहेको उल्लेख गर्नुभयो ।

सरकारका प्रवक्तासमेत रहनुभएका गृहमन्त्री अर्यालले सामाजिक सञ्जालमा चलाइने गलत, मिथ्या र दुष्प्रचारका सूचना तथा खबरबाट सचेत भएर आ-आफ्नो निर्वाचन क्षेत्रको तयारीमा जुट्न सम्बन्धित सबै पक्षमा अनुरोध गर्नुभयो । निर्वाचनको



तयारी र सुरक्षा व्यवस्थापनसम्बन्धी विषयमा गृहमन्त्री अर्यालसँगै गृह सचिव राजकुमार श्रेष्ठ, सुरक्षा समन्वय महाशाखा प्रमुख सहसचिव एवं प्रवक्ता आनन्द काफ्ले, काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल, काठमाडौं प्रहरी प्रमुख (एसएसपी) रमेश थापालगायत उच्च पदाधिकारी सहभागी हुनुहुन्थ्यो ।

मन्त्री अर्यालसहितको टोलीले दक्षिणकाली नगरपालिका-९ फर्पिङस्थित सेतीदेवी माविको मतदान केन्द्रको स्थलगत निरीक्षण गर्नुभएको हो । साथै, गृहमन्त्री अर्यालले कीर्तिपुरस्थित सशस्त्र प्रहरीबल नेपाल दङ्गा नियन्त्रण रेजिमेन्ट गणको अनुगमन र निर्देशनसहित जिल्लाको समग्र सुरक्षा व्यवस्थापनको जानकारी लिनुभएको थियो ।

यस्तै, गृहमन्त्री अर्यालले मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-१८ को मतदान केन्द्रको अनुगनम गर्नुभएको छ । सो क्रममा मकवानपुर जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीसहित गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीसहितको उपस्थितिमा अनुगमन तथा निर्वाचन सुरक्षासम्बन्धी विषयमा छलफल भएको थियो ।

त्यसैगरी मन्त्री अर्यालसहितको टोलीले इन्द्रसरोवर नगरपालिकाको चौकी निरीक्षण गरी जिल्लाको सुरक्षा अवस्थाबारे जानकारी लिएको थियो । काठमाडौं र मकवानपुर जिल्लाका जिल्ला सुरक्षा प्रमुखसहितको संयुक्त टोलीले स्थलगत अनुगमन तथा निरीक्षण गर्नुभएको थियो । दुबै जिल्लाका सीमा आसपासका क्षेत्रको सुरक्षा, मतदान केन्द्रलगायत सुरक्षाकर्मीको परिचालन गरिरहेको ब्रिफिङ लिनुका साथै सुरक्षा व्यवस्थापन र परिचालनसम्बन्धी आवश्यक निर्देशन दिनुभयो ।रासस

# 'बहुभाषिकता सामूहिक चेतनाको प्रतीक'

काठमाण्डु । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका अध्यक्ष रेसम गुरुङले मातृभाषा संरक्षण केवल सांस्कृतिक विषय मात्र नभइ शैक्षिक रूपमा पनि प्रभावकारी र दिगो उपाय भएको बताउनुभएको छ ।

अन्तरराष्ट्रिय मातृभाषा दिवसका अवसरमा प्रतिष्ठानद्वारा शनिबार आयोजित कार्यक्रममा उहाँले मातृभाषा संरक्षणप्रति अघात प्रतिबद्धता र सामूहिक चेतनाको प्रतीकका रूपमा दिवसलाई ग्रहण गरिएको उल्लेख गर्नुभयो । उहाँका अनुसार बहुभाषिक शिक्षा केवल शिक्षण पद्दति मात्र नभइ समानता, समावेशिता र सांस्कृतिक न्यायको आधार हो । बहुभाषिक शिक्षा लागूभएका देशहरूमा बालबालिकाको सिकाइ उपलब्धि, आत्मविश्वास र विद्यालयमा निरन्तरताको दर बढेको अध्ययनले देखाएको उहाँले बताउनुभयो ।

यस वर्षको नारा 'बहुभाषिक शिक्षामा युवाहरूको आवाज'ले युवालाई सहभागी मात्र नभइ



सहनिर्माताका रूपमा अघि बढाउनुपर्ने सन्देश दिएको उहाँको भनाइ थियो । "विविधता हाम्रो कमजोरी होइन, हाम्रो शक्ति, पहिचान र गौरव हो," उहाँले भन्नुभयो । लोपउन्मुख भाषाको संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्ने उहाँको जोड थियो । अध्यक्ष गुरुङले मातृभाषामा प्रारम्भिक शिक्षालाई गुणस्तरीय बनाउन, भाषासम्बन्धी अनुसन्धानलाई प्रोत्साहन गर्न, समुदाय सरकार र शैक्षिक संस्थाबीच सहकार्य सुदृढ गर्न तथा डिजिटल युगअनुकूल सामग्री विकासलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा मातृभाषा संरक्षण, विकास र उत्थानका लागि समुदायले गरेका असल अभ्यास, उपलब्धि र नवप्रयोग सार्वजनिक गरिएको थियो । डिजिटल प्रविधि, सामाजिक सञ्जाल, साहित्य, सङ्गीत, चलचित्र, अनुसन्धान र उद्यमशीलतामार्फत मातृभाषालाई आधुनिक युगसँग जोड्नुपर्नेमा जोड दिइएको थियो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १२४ भाषा रहेको र तीमध्ये केही भाषा लोपउन्मुख अवस्थामा रहेको छन् । मातृभाषामा पठनपाठन भइरहेका विद्यालयका शिक्षकलाई प्रशिक्षण, शब्दकोष तथा पाठ्यसामग्री निर्माण, लिपि विकास र अभिलेखीकरणजस्ता कार्य प्रतिष्ठानले गर्दै आएको छ ।

प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा माझी, सुनुवार, थामी, तामाङ, दुरा, नेवार, ह्योल्मो, राई, लिम्बू, मगर, थारु, भोटे, छन्त्याल, शेर्पा र सुरेल समुदायका प्रतिनिधिले आ-आफ्ना भाषासम्बन्धी अनुभव प्रस्तुत गर्नुभएको थियो । प्रतिनिधिहरूले आदिवासीसम्बन्धी ऐन, कानुन र नियमावली बहुभाषिक बनाउन तथा कार्यक्रममा अनुवाद र प्रविधिको व्यवस्था गर्न सुझाव प्रस्तुत गर्नुभएको थियो ।

अन्तरराष्ट्रिय मातृभाषा दिवसको पृष्ठभूमिमा सन् १९५२ फेब्रुअरी २१ मा बङ्गलादेशको ढाकामा विद्यार्थीले बङ्गाली भाषालाई राष्ट्रभाषाको मान्यता दिन माग गर्दै गरेको आन्दोलनलाई स्मरण गरिन्छ । बङ्गलादेशकै पहलमा संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक एवं सांस्कृतिक सङ्गठन (युनेस्को)ले सन् १९९९ मा २१ फेब्रुअरीलाई अन्तरराष्ट्रिय मातृभाषा दिवस घोषणा गरेको हो । सन् २००० देखि यो दिवस विश्वभर मनाइँदै आएको छ ।रासस

# हिटलरको घर अब प्रहरी चौकी

एएफपी

ब्राउनाउ एम इन । नाजी तानाशाह एडोल्फ हिटलर जन्मिएको घरलाई अस्ट्रियाले प्रहरी चौकीमा रूपान्तरण गरेपछि उहाँको गृहनगर ब्राउनाउ एम इनमा बहस र मिश्रित प्रतिक्रिया चुलिएको छ । सरकार उक्त भवनलाई अति-दक्षिणपन्थी चरमपन्थीहरूको आकर्षण केन्द्र बन्न नदिने उद्देश्यले नयाँ प्रयोगमा ल्याउन अग्रसर भएको हो ।

सन् १८८९ अप्रिल २० मा हिटलर जन्मिएको उक्त घर सहरको केन्द्रमा साँघुरो पसलहरूले घेरिएको सडकमा अवस्थित छ । भवनअगाडि राखिएको स्मारक ढुङ्गामा 'शान्ति, स्वतन्त्रता र लोकतन्त्रको रक्षा गरौँ । फासीवादी शासन फेरि कहिल्यै दोहोरिन नदिऔँ । लाखौँ मानिसको मृत्यु यसका लागि चेतावनी हो' लेखिएको छ । यसै साता एएफपीले अवलोकन गर्दा जीर्णोद्धारको अन्तिम काम भइरहेको देखिएको थियो । गृह मन्त्रालयका अनुसार सन् २०२६ को दोस्रो त्रैमासिकभित्र प्रहरी त्यहाँ सर्ने तयारीमा छ ।

कब्जा गरिएको थियो र नरसंहारमा आफ्नो भूमिकाबारे विगतमा पर्याप्त आत्मस्वीकृति नगरेको आरोप खेप्दै आएको छ । नाजी शासनकालमा करिब ६५ हजार अस्ट्रियाली यहुदी मारिएका थिए भने एक लाख ३० हजार निर्वासनमा पठाइएका थिए ।

स्थानीय बासिन्दा सिबिले ट्रेइब्लमेयरले यो निर्णयलाई 'दुई धारको तरबार' भएको प्रतिक्रिया दिनुभयो । उहाँका अनुसार यसले अति-दक्षिणपन्थी समूहलाई भेला हुन निरुत्साहित गर्न सक्छ, तर भवनलाई फरक ढङ्गले पनि उपयोग गर्न सकिन्थ्यो । नरसंहार पीडितहरूको प्रतिनिधित्व गर्ने मौथौसेन कमिटी अस्ट्रियाका सदस्य लेखक लुडविग लहरले प्रहरी चौकी बनाउने निर्णयलाई 'समस्यापूर्ण' बताउनुभयो । उहाँका अनुसार प्रहरी राज्यको संरचनाअनुसार चल्ने भएकाले स्मृति र शान्ति संवादका लागि छुट्टै केन्द्र उपयुक्त हुने थियो ।

यसअघि भवनलाई शान्ति निर्माण र ऐतिहासिक सचेतनाका कार्यक्रम सञ्चालन गर्ने स्थल



सरकारले सन् २०१६ मा निजी मालिकबाट भवनको नियन्त्रण लिन विशेष कानून पारित गर्दै यसलाई 'बेअसर' बनाउने नीति अघि सारेको थियो । अस्ट्रिया सन् १९३८ मा नाजी जर्मनीद्वारा

बनाउने प्रस्तावले व्यापक समर्थन पाएको बताइएको छ । स्थानीय पसल व्यवसायी जस्मिन स्ट्याडलरले हिटलरको जन्मलाई 'ऐतिहासिक सन्दर्भमा राखेर प्रस्तुत गर्नु रोचक हुने छ ।

# युक्रेनी सीपमा युरोपको लगानी



एपी

वार्सा ।रुस-युक्रेन युद्धले बदलिएको आधुनिक युद्ध प्रविधिबाट सिक्दै पाँच युरोपेली राष्ट्रले सस्तो र प्रभावकारी ड्रोन रक्षा प्रणाली विकास गर्न संयुक्त पहल अघि सारेका छन् । फ्रान्स, पोल्यान्ड, जर्मनी, बेलायत र इटाली सम्मिलित 'इ५' समूहले युक्रेनको युद्धमैदानमा विकसित अनुभव र प्रविधि उपयोग गर्दै कम लागतका हवाई प्रतिरक्षा प्रणाली र स्वायत्त ड्रोन उत्पादनमा लगानी गर्ने घोषणा गरेका छन् ।

यस पहलको लक्ष्य युरोपेली हवाई क्षेत्र उल्लङ्घन गर्ने ड्रोनहरूलाई छिटो पत्ता लगाउने, ट्र्याक गर्ने र निष्क्रिय पार्ने क्षमता विकास गर्नु हो । युरोपेली देशहरूले पछिल्ला वर्षहरूमा सीमाक्षेत्र र विमानस्थल वरिपरि शङ्कास्पद ड्रोन गतिविधि देखेपछि सुरक्षा संरचना बलियो बनाउने प्रयास तीव्र पारेका छन् । केही घटनाका लागि रुसलाई दोष लगाइएको भए पनि मस्कोले संलग्नता अस्वीकार गर्दै आएको छ ।

युद्धलाई 'प्रयोगशाला' का रूपमा प्रयोग गर्दै रुस र युक्रेन दुवैले अत्याधुनिक ड्रोन युद्ध क्षमता विकास गरेका छन् । पोल्यान्डले यसअघि नै युक्रेनसँग संयुक्त तालिम र उत्पादन परियोजनामा सहकार्य गरिरहेको छ । अब 'लो-कोस्ट इफेक्टर्स एन्ड अटोनोमस प्लेटफर्म' (एलइएपी) नाम दिइएको कार्यक्रममा ड्रोन-आधारित आक्रमण क्षमता विकास, कम लागतमा उत्पादन तथा संयुक्त खरिदमा सहमति गरिएको पोल्यान्डका रक्षामन्त्री भ्लाडिस्लाभ कोसिनियाक-कामिजले बताउनुभयो । उहाँका अनुसार कृत्रिम बौद्धिकता (एआई) सहितका लडाकू पेलोड विकासमा समेत साझेदारी हुनेछ ।

बेलायतका रक्षा तयारी तथा उद्योगमन्त्री ल्युक पोलार्डले नाटोको सुरक्षा कवच सुदृढ बनाउन नयाँ पुस्ताका हवाई प्रतिरक्षा र स्वायत्त प्रणालीमा लगानी आवश्यक रहेको बताउनुभयो । उहाँले कम लागतका ड्रोन र मिसाइलविरुद्ध महँगा लडाकू जेट प्रयोग गर्नु दिगो समाधान नभएको उल्लेख गर्दै 'खतराको लागत र प्रतिरक्षाको लागतबीच सन्तुलन मिलाउनुपर्ने' धारणा राख्नुभयो ।

सेप्टेम्बर २०२५ मा रूसी ड्रोनहरू पोल्यान्डको हवाई क्षेत्रमा प्रवेश गर्दा तिनलाई रोक्न करोडौँ डलर मूल्यका जेट प्रयोग गरिएको थियो भने ती ड्रोनको लागत तुलनात्मक रूपमा निकै कम थियो । त्यस्ता अवस्थालाई ध्यानमा राख्दै सस्तो काइनेटिक वा इलेक्ट्रोनिक प्रतिरोध प्रणाली विकासमा जोड दिइएको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नाटो र युरोपेली रक्षा खर्चबारे गरेको आलोचनापछि युरोपेली मुलुकहरू आफ्नै सुरक्षा संरचना मजबुत बनाउन थप सक्रिय भएका छन् । युरोपेली सङ्घ (इयु) ले रक्षा क्षेत्रमा लगानी बढाएको छ र गहिरा सैन्य सहकार्यबारे खुला छलफल सुरु गरेको छ ।

इयुकी विदेश नीति प्रमुख काजा कल्लासले रुसको आक्रामकता, मध्यपूर्वको अस्थिरता, चीनसँगको प्रतिस्पर्धा र अमेरिकासँग पुनर्परिभाषित सम्बन्धलाई उद्धृत गर्दै 'युरोपको सुरक्षा दशकौँयताकै सबैभन्दा अनिश्चित अवस्थामा' रहेको बताउनुभयो । उहाँले कम लागतको इन्टरसेप्टर कार्यक्रमलाई युरोपेली प्रतिबद्धताको उदाहरणका रूपमा प्रस्तुत गर्नुभयो र बलियो युरोपले नाटोलाई समेत सुदृढ बनाउने धारणा राख्नुभयो ।

यद्यपि ३२ सदस्यीय नाटो गठबन्धन ट्रम्प प्रशासनसँगका तनावका कारण दबाबमा छ । डेनमार्कको अर्ध-स्वायत्त क्षेत्र ग्रिनल्यान्ड कब्जा गर्ने अमेरिकी अभिव्यक्ति र अफगानिस्तानमा नाटो सहयोगी सेनाबारे टिप्पणीले सम्बन्धमा चिसोपना ल्याएको थियो ।

# सहाराले १२ वर्षपछि चुम्यो आहा रारा पोखरा गोल्डकपको उपाधि



कास्की । मोफसलको पुरानो र प्रतिष्ठित राष्ट्रिय तथा अन्तरराष्ट्रिय आमन्त्रित आहा रारा पोखरा गोल्डकपको २५औँ संस्करणको उपाधि आयोजक सहारा क्लब पोखराले जितेको छ ।

पोखरा रङ्गशालामा शनिबार सम्पन्न फाइनल खेलमा जावलाखेल युथ क्लबलाई २-० गोलले हराउँदै सहाराले १२ वर्षपछि उपाधि चुम्यो । च्याम्पियन बनेको सहाराले ट्रफीसहित रु १४ लाख एक हजार पुरस्कार पाउँदा उपविजेता जावलाखेलले रु सात लाख एक हजार र ट्रफीमा चित्त बुझायो । सहाराले विसं २०७० मा पहिलोपटक उपाधि जितेको थियो ।

सहारालाई च्याम्पियन बनाउने क्रममा खेलको २५औँ मिनेटमा फरवार्ड मुकुन्दकुमार निउरेले गोल गरे । सुशील लामाको कर्नर बललाई निउरेले उत्कृष्ट हेड गर्दै गोल गरे । पहिलो हाफमा एक गोलको अग्रता बनाएको घरेलु टोलीले दोस्रो हाफमा पुनः एक गोल थप्न सफल भयो । खेलको ७३ औँ मिनेटमा सहाराका विदेशी खेलाडी टाय डिनियल बादारुले हेडमार्फत गोल गरेपछि टोलीको जित पक्का गरे ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीको उपाधि सहाराका मुकुन्दकुमार निउरे घोषित हुँदै एक थान इलेक्ट्रिक स्कुटर पाए । यसैगरी उत्कृष्ट डिफेन्डर सहाराका बादारु घोषित, सर्वाधिक गोलकर्ता प्लानिङ ब्वाईजका पापा आईबोउ केबे, उदियमान खेलाडी सहाराका मुकुन्दकुमार निउरे, स्ट्राईकर जावलाखेल युथ क्लबका धर्वेन्द कुँवर, गोलकिपर सहाराका टीकेन्द्र थापा, मिडफिल्डर जावलाखेलका बाउबकर सिसिको, प्रशिक्षक सहाराका सुनिल रानामागर र ' फेयर प्ले अवार्ड' आभा फुटबल क्लब उज्वेकिस्तानले पाए ।

उनीहरूले जनही नगद रु २५ हजार पुरस्कार पाएका छन् । सहारा क्लब पोखराको आयोजनामा गत माघ २७ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा विदेशी तीन र नेपालका नौ गरी १२ टोलीले प्रतिस्पर्धा गरेका थिए । विजेता खेलाडी गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापा, मुख्य प्रायोजक हिमश्री फड्सका कार्यकारी निर्देशक प्रकाश केसी लगायतले पुरस्कार वितरण गर्नुभयो । रासस

# नेपालमा "शक्ति सन्तुलन फेरिन सक्ने" भारतीय आकलन, दिल्लीको नेपालनीति के होला

बीबीसी

काठमाण्डु ।नेपालमा दुई सातापछि हुन लागेको निर्वाचनअघि कतिपय भारतीय विश्लेषकहरूले कसैको पनि बहुमत आउने अवस्था आफूले नदेखेको भन्दै आवश्यक पर्दा भारतको नीतिमा परिमार्जन गर्न सक्ने सामर्थ्य दिल्लीको रहेको टिप्पणी गरेका छन्।भारतीय सेनाका अवकाशप्राप्त एक जेनरलले कतिपय सरकारी अधिकारीहरूले वामपन्थी दलहरूको सीट घट्ने विश्लेषण गरिएको जनाएका छन्।



परराष्ट्रनीतिमा 'छिमेक पहिलो'को मान्यता अङ्गीकार गरेको भारतले फाल्गुन २१ गतेको चुनावपछिको अवस्थामा आफ्नो नेपालनीतिमा खासै ठूलो परिवर्तन नगर्ने भन्दै विज्ञहरूले जुनसुकै दल सत्तामा आए पनि सङ्क्रमणकालको व्यवस्थापनमा दिल्लीले सघाउने टिप्पणी गरे। दिल्लीले नेपालमा सत्तामा आउने जुनसुकै शक्तिसँग सहकार्य गर्ने र नेपाले चाहेअनुसार 'शान्ति, विकास र स्थायित्व'का लागि सहयोग गर्ने अर्का विज्ञले बताए। हालैका वर्षहरूमा नेपालमा राजसंस्थासहितको हिन्दूराष्ट्र पुनर्स्थापनाको माग बढेको छ भने भारतमा सत्ताधारी हिन्दू राष्ट्रवादी दल भारतीय जनता पार्टीप्रति झुकाव राख्ने एउटा तप्काको उक्त मुद्दाप्रति सहानुभूति रहेको धारणा राख्ने गरेको पाइन्छ।

भारतीय अधिकारीहरूले ती मुद्दाहरूबाट आफूलाई टाढै राख्ने प्रयत्न गरेको देखिन्छ र मतदानको मिति नजिकिँदै गर्दा दिल्लीले निर्वाचन गराउन आवश्यक कतिपय बन्दोबस्तीका सामग्रीहरू नेपाल सरकारलाई उपलब्ध गराउने क्रम जारी राखेको छ। विदेश मामिलासम्बन्धी विज्ञहरूले गत भदौ महिनामा नेपालमा भएको जेन जी प्रदर्शनमा अभिव्यक्त युवाहरूको आक्रोशको सम्बोधनका लागि निर्वाचन अपरिहार्य रहेकोमा जोड दिइरहेका छन्। यसै साता भारतको मनोहर पर्रिकर रक्षा अध्ययन एवं विश्लेषण संस्थानको वेबसाइटमा नेपालको निर्वाचनसम्बन्धी एउटा टिप्पणी प्रकाशित भएको छ। त्यसमा चुनावमा कसैको पनि बहुमत नआउने विश्लेषण गरिएको छ।

उक्त संस्थानका रिसर्च फेलो निहार आर नायकले लेखेका छन्, "कुनै पनि दलले स्पष्ट बहुमत ल्याउने सम्भावना कम छ र निर्वाचनपछिको (सरकार गठन सम्बन्धी) छलफल नेकपा-एमाले वा रास्वपा (राष्ट्रिय स्वतन्त्र पार्टी)मध्ये एकमा केन्द्रित हुने अपेक्षा गरिएको छ।" सो टिप्पणीमा नेकपा एमालेलाई देशभरि बलियो सङ्गठन रहेको र गठबन्धन निर्माण गर्न अनुभव रहेको शक्तिका रूपमा चित्रण गरिएको छ भने रास्वपालाई पछिल्लो पुस्ताको असन्तोष प्रकट गरिने मूल माध्यम भनिएको छ।

"विभाजित विधायिकी वातावरणमा यी दुई दल प्रतिस्पर्धी गठबन्धन प्रयासको नेतृत्व गर्ने अवस्थामा देखिन्छन्,"उक्त टिप्पणीमा उल्लेख छ।

नेपाल मामिलालाई नजिकबाट पछ्याउने भारतीय सेनाका अवकाशप्राप्त जेनरल अशोक मेहता आगामी चुनावबाट नेपालको शक्ति समीकरणमा उल्लेख्य फेरबदल आउने अपेक्षा कतिपय भारत सरकारका अधिकारीहरूले गरिरहेको बताउँछन्। मेहताको विश्लेषणमा यसपालिको निर्वाचनमा रास्वपाको सीट सङ्ख्या उल्लेख्य वृद्धि हुन सक्छ। नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीको पनि सीट घट्न सक्ने विभिन्न व्यक्तिहरूसँगको कुराकानीपछि आफूलाई लागेको मेहताले जनाए।

"हुन त यस्ता कुराहरू सरकारले कहिल्यै पनि सार्वजनिक रूपमा भन्ने गर्दैन। तर हाम्रो सरकारभित्र के विश्लेषण छ भने नेपालको संसद्‌मा विगतमा झन्डै ६० प्रतिशतसम्म रहेको कम्युनिस्ट दलहरूको उपस्थिति यसपाली कम भएर जाने छ। निर्वाचनबाट उनीहरू ४० देखि ४७ प्रतिशतमा सीमित हुने छन्।" उनले त्यस्तो परिणामबाट भारत र अमेरिका दुवै खुसी हुने उल्लेख गर्दै भारतीय सेनामा नेपाली गोर्खाहरूको भर्तीमा देखिएको समस्या सम्बोधन गर्न पनि त्यसले सघाउ पुऱ्याउन सक्ने विश्लेषण गरे।

"माओवादी र अरू वामपन्थी दलहरूले भारतीय सेनामा नेपाली युवाहरूको भर्तीको विपक्षमा आफूलाई उभ्याउने गरेको पाइन्छ। यहाँ के अपेक्षा छ भने गैर कम्युनिस्ट सरकार बन्यो भने त्यसले अग्निवीरको अनुमोदनका लागि सहजीकरण गर्न सक्ने छ," उनले भने।'अग्निपथ' योजनामा सामेल भएर भर्ती हुने 'अग्निवीर'हरूमध्ये ७५ प्रतिशतलाई चार वर्षको सेवापछि निश्चित रकम दिएर बहिर्गमन गर्ने अनि २५ प्रतिशतले मात्र निवृत्तिभरण पाउने गरी स्थायी सैन्य सेवामा लाग्न पाउने नियम भारत सरकारले लागु गरेपछि नेपालले असन्तुष्टि व्यक्त गर्दै आएको छ।

सन् २०२२ को जुनमा उक्त योजना लागु गरिएपछि नेपालबाट भारतीय सेनामा हुने भर्ती स्थगित भएको छ। भ्रष्टाचारको अन्त्य र सुशासनको माग गर्दै भएको जेन जी आन्दोलनका कारण उत्पन्न असहज परिस्थितिमा घोषणा भएको प्रतिनिधिसभा निर्वाचन तोकिएको मितिमा नै सम्पन्न गर्न भारतीय अधिकारीहरूले जोड दिएका खबरहरू यसअघि प्रकाशमा आएका थिए।

औपचारिक रूपमा चुनावी अभियान थालिनुअघि नै आसन्न निर्वाचनलाई नयाँ र पुराना शक्तिहरूबीचको प्रतिस्पर्धाका रूपमा हेरिएको छ।भारतको अब्जर्भर रिसर्च फाउन्डेशनका अध्ययन तथा विदेशनीतिसम्बन्धी उपाध्यक्ष हर्ष भी पन्त जेन जी प्रदर्शनका क्रममा अभिव्यक्त आक्रोशलाई सम्बोधन र कतिपय नीतिगत सुधारहरू गर्न निर्वाचनको परिणाम महत्त्वपूर्ण हुने ठान्छन्।

उनले बीबीसीसँग भने, "मलाई लाग्छ यो अत्यन्तै महत्त्वपूर्ण निर्वाचन हो किनभने ,जेन जीप्रदर्शनले राजनीतिक सम्भ्रान्तहरूलाई धक्का दिएको छ। युवाहरूले सडकमा अभिव्यक्त गरेको आक्रोशले ठोस नीतिगत सुधार निम्त्याउने छ भन्ने एक किसिमको अपेक्षा छ। राजनीतिक सुधार, निर्वाचन प्रक्रियामा सुधार र नीतिगत सुधारसँग जोडिएकाले यो निर्वाचनको परिणाम महत्त्वपूर्ण हुने छ।"

"अन्ततः निर्वाचित सरकारले मात्रै यी सुधारका कदमहरू चाल्न सक्ने छ। सुशीला कार्की नेतृत्वको सरकारले केही काम थालेको छ तर त्यसको विश्वसनीयता नयाँ निर्वाचित सरकारबाट मात्रै प्राप्त हुन्छ। मलाई लाग्छ, नयाँ सरकारले जिम्मेवारी सम्हालेपछि नीतिहरू तय गर्दा त्यस बेला उठेका मुद्दाहरूलाई विचार गरिने छ।" सामाजिक सञ्जालको प्रतिबन्धका माझ युवाहरूले भ्रष्टाचार र सुशासनको माग गर्दै राजधानीमा गरेको प्रदर्शनमा प्रहरीले गोली चलाउँदा कम्तीमा १९ जनाको ज्यान गएको एक दिनपछि स्थिति नियन्त्रणमा दिन विफल भएपछि तात्कालिक प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका थिए।ओलीसहित कैयौँ मुख्य दलका नेताहरूलाई सेनाको हेलिकप्टरमा उद्धार गरेर सुरक्षित स्थानमा लगिएको थियो। त्यस बेला दुई दिनमा ७७ जनाको मृत्यु भएको थियो भने ८४ अर्ब रुपैयाँभन्दा बढीको भौतिक क्षति भएको एउटा सरकारी प्रतिवेदनमा उल्लेख छ।उक्त राजनीतिक सङ्कटका माझ गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले प्रतिनिधिसभा विघटन गर्दै फाल्गुन २१ गते निर्वाचन गर्न सिफारिस गरेको थियो।

भारतको बनारस हिन्दू विश्वविद्यालयको नेपाल अध्ययन केन्द्रमा आबद्ध एक प्राध्यापक एनपी सिंह विशेष परिस्थितिमा निर्वाचन हुन लागेको भन्दै यस पटकको चुनाव 'निर्णायक' हुने ठान्छन्।उनले भने, "नेपालमा दलहरूले विगत १७-१८ वर्षमा आफ्नो निहितत स्वार्थलाई मात्रै ध्यान दिए। पाँच महिनामा एउटा सरकार र त्यसको पाँच महिनापछि अर्को सरकार बन्ने खालको परिस्थिति थियो। लोकतन्त्रलाई सम्हाल्न नसक्ने खालको परिस्थिति बन्यो।"

"ठूलो विध्वंसपछि यो निर्वाचन घोषणा भएको हो त्यही भएर चुनाव निर्णायक हुने देखिन्छ। जनताले आफ्ना सरोकारहरूप्रति प्रतिबद्ध दलहरू निर्वाचित हुन् भन्ने कुरालाई ध्यान दिनुपर्छ। सरकारविरुद्ध नै विद्रोह भएको थियो त्यही भएर सरकारप्रति नागरिकको भरोसा कायम हुनु जरुरी छ। त्यसो भएन भने लोकतन्त्र टिक्न सक्दैन।" निर्वाचनलाई स्वाभाविक राजनीतिक प्रक्रियाका रूपमा चित्रण गर्दै आएका भारतीय विज्ञहरूले निर्वाचित सरकार नेपाल र भारत दुवैको हितमा रहेको बताउने गरेका छन्।भारतीय सेनाका अर्का जना अवकाशप्राप्त मेजर जेनरल एसबी अस्थानाले भने, "भारतले कुनै पनि छिमेकीको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति अङ्गीकार गर्दै आएको छ र त्यही भएर पनि मलाई लाग्छ प्रदर्शनहरूका बाबजुद औपचारिक स्रोतहरूबाट (नेपालबारे) खासै वक्तव्यहरू दिइएको छैन।"

"हामी स्थायित्वसहितको नेपाल चाहन्छौँ र त्यहाँ लोकतान्त्रिक विधिबाट सरकार बनेको हेर्न चाहन्छौँ। तर सम्बन्ध कसरी अघि बढ्छ भन्ने कुरा को शक्तिमा आउँछ र उसको झुकाव कस्तो छ भन्ने कुराले निर्धारण गर्छ।" सन् २००६ मा भएको दोस्रो जनआन्दोलनपछि भारतले राजसंस्था र संसदीय बहुदलीय व्यवस्थालाई समेट्ने 'दुईखम्बे' नेपालनीतिलाई त्यागेको थियो।

सन् २००८ मा नेपालको संविधानसभाले राजसंस्थाको औपचारिक बिदाइ गरेयताका वर्षहरूमा नेपालमा १५ पटक सरकार बनिसकेको छ।नेपालको शान्तिप्रक्रिया र विभिन्न समयमा भएका आन्दोलनप्रति समर्थन गरेको दिल्लीले 'स्थिर र समृद्ध' नेपाल आफूले हेर्न चाहेको बताउने गरेको पाइन्छ।अब्जर्भर रिसर्च फाउन्डेशनका अध्ययन तथा विदेशनीतिसम्बन्धी उपाध्यक्ष हर्ष भी पन्त निर्वाचनबाट सत्तामा आउने जुनसुकै पक्षसँग भारतले सहकार्य गर्ने भन्दै दिल्लीको नेपालनीति खासै परिवर्तन नहुने ठान्छन्।

उनले भने, "नेपालको घरेलु राजनीति भारतले नियन्त्रण गर्न सक्ने खालको कुरा होइन। एउटा मित्रवत् छिमेकीका नाताले नेपाली नागरिकको म्यान्डेट पाएको सरकारसँग काम गर्नुपर्ने भूमिकामा भारत रहने छ। नेपाल सङ्क्रमणकालबाट गुज्रिरहेको छ र त्यसमा भारतले सघाउने छ।" नेपालका पुराना शक्तिहरूलाई नयाँ शक्तिहरूले आधारभूत ढङ्गले नै चुनौती दिइरहेको बताउँदै नयाँ पुस्ताको नेतृत्वको उदय नभइसकेको उनले सुनाए।

आफ्ना निश्चित स्वार्थहरूप्रति नेपालले ध्यान दिएको भारतले हेर्न चाहने स्मरण गर्दै उनले भने, "आप्रवासन, सीमा वा स्रोतहरूको व्यवस्थापनमा फरक मत हुन सक्छ। ती मुद्दाहरू पहिले पनि थिए, अहिले पनि हुने छन्। दुई देशबीच गहिरो सांस्कृतिक र सामाजिक सम्बन्ध छ र यिनको भविष्य पनि साझा छ। आपसी सम्बन्धको समग्र भावी पाटोमा आँच नपुऱ्याउने गरी द्वन्द्व वा विवादको व्यवस्थापन गरिनुपर्छ। मलाई अपेक्षा पनि त्यस्तै हुने छ भन्ने लाग्छ। "पन्त चुनावपछि पनि कमजोर सत्ता गठबन्धन बन्ने परिस्थिति देखिए नेपाल भारत सम्बन्धमा हालैका समयमा देखिएका उतारचढावले निरन्तरता पाउन सक्ने ठान्छन्।

"यदि चर्चा गरिएजस्तै गठबन्धनको सरकार बन्यो तर गठबन्धनभित्रको कलह वा जेन जी आन्दोलनका अजेन्डा अघि बढाउन विफल भएका कारण उसले राम्रोसँग काम गर्न सकेन भने नेपाल-भारत सम्बन्धमा विगतकै जस्तो हलचल देखिन सक्छ। देशभित्र स्पष्ट र स्थिर निर्णय लिन सक्ने सरकार नबनेको अवस्थामा विदेशनीति पनि अस्तव्यस्त बन्न सक्छ।" भूपरिवेष्टित नेपालको खुला सीमा तीन दिशाबाट भारतका विभिन्न पाँचवटा राज्यसँग जोडिन्छ। उत्तरमा तिब्बतको पठारसँग सिमाना जोडिने भएकाले नेपालको रणनीतीक भूराजनीतिक अवस्थिति र यहाँ बढिरहेको देखिएको चिनियाँ प्रभावलाई लिएर पश्चिमा देशहरूले पनि चासो प्रकट गर्ने गरेको पाइन्छ।

सन् २०१७ मा तात्कालिक प्रधानमन्त्री पुष्पकमल दाहालको सरकार रहँदा चिनियाँ परियोजना 'बेल्ट एन्ड रोड इनिशटिभ'मा आबद्ध भएको नेपालले सन् २०२४ को अन्त्यमा केपी ओलीले सत्ताको नेतृत्व गर्दा बीआरआई कार्यान्वयन फ्रेमवर्कमा हस्ताक्षर गरेको थियो। दुवै समयमा नेपाली कांग्रेस सत्ता गठबन्धनमा सामेल थियो।बनारस हिन्दू विश्वविद्यालयका एनपी सिंह कतिपय नेताहरूमा "चीनमुखी चरित्र" रहेको बताउँछन्।

उनी भन्छन्, "जब ओली या प्रचण्डको सरकार बन्छ, उनीहरू वैचारिक रूपमा नै चीनसँग जोडिन पुग्छन्। चीनले उनीहरूलाई संरक्षण गर्छ र मद्दत पनि गर्छ। हामीले चीनसँग सम्बन्ध खराब बनाउन कहिल्यै पनि भन्दैनौँ। तर नेपालले सधैँ के सम्झनुपर्छ भने हामीसँगको सम्बन्ध यस्तो होइन कि हामी ऋणको पासोमा नेपाललाई पार्नेछौँ। हामी विकासमा सहयोगी हुन चाहन्छौँ। हाम्रो सम्बन्ध यस्तो होइन कि अब के गर्ने भनेर उनीहरूले सधैँ हाम्रै मुख ताकिराख्नुपरोस्। "भारतीय सेनाका अवकाशप्राप्त मेजर जनरल एसबी अस्थाना कतिपय नेपाली नेताहरूका "भारतविरोधी अभिव्यक्ति"लाई त्यहाँ सकारात्मक रूपमा नलिइएको उल्लेख गर्दै आफ्ना सुरक्षा स्वार्थहरूलाई लिएर दिल्ली संवेदनशील रहेको बताउँछन्।

उनले भने, "नेपालको जुन किसिमको सम्बन्ध चीनसँग छ त्यसले द्वन्द्व निम्त्याइरहेको छ भन्ने मलाई लाग्दैन। यदि त्यो सम्बन्धले हाम्रो भूगोलको दाबीमाथि अतिक्रमण गरेको खण्डमा भारत त्यसको खिलाफमा खडा हुने छ। चीनको सहयोगमा नेपालमा रेलमार्ग निर्माण गरिँदा भारतलाई आपत्ति हुने छैन। नेपालले दिने कुनै पनि सहुलियतले भारतको सुरक्षालाई असर पुऱ्याउँछ भने त्यहाँ मात्रै हाम्रो केही चिन्ता हुने छ।" पूर्वप्रधानमन्त्री ओलीलाई कतिपय भारतीय सञ्चारमाध्यमहरूले "चीननिकट" नेताका रूपमा चित्रण गर्ने गरेको पाइन्छ ।

## ट्रम्पको विश्वव्यापी आयात शुल्कमा अदालतको अङ्कुशपछि नयाँ १० प्रतिशत ट्यारिफ घोषणा

बीबीसी

काठमाण्डु । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले लगाएका विश्वव्यापी ट्यारिफ अर्थात् आयात शुल्क अमेरिकी सर्वोच्च अदालतले खारेज गरिदिएपछि ट्रम्पले नयाँ १० प्रतिशत करको घोषणा गरेका छन्।

ह्वाइट हाउसले गत वर्ष घोषणा गरेका अधिकांश ट्यारिफ अवैध रहेको ठहर गरेका न्यायाधीशहरूको पनि ट्रम्पले आलोचना गरेका छन्।अदालतमा बहुमत न्यायाधीशहरूले ट्रम्पले आफ्नो अधिकारहद पार गरेको ठहर गरेका थिए। छ जना न्यायाधीशले ट्यारिफ अवैध भएको ठहर गर्दा बाँकी तीन जना विपक्षमा उभिएका थिए।


यो आदेशलाई अमेरिकी व्यवसायी र नयाँ आयात शुल्कविरुद्ध अदालत पुगेका अमेरिकी राज्यहरूको जितका रूपमा चर्चा गरिएको छ। यसले नयाँ ट्यारिफ बापत जम्मा भएको अर्बौं डलर फिर्ता हुने बाटो पनि खोल्ने ठानिएको छ। तर शुक्रवार ह्वाइट हाउसमा बोल्दै ट्रम्पले कानुनी लडाइँ बिना कर फिर्ता नहुने सङ्केत गरेका छन्। ट्यारिफलाई निरन्तरता दिन अब अरू कानुनको सहारा लिनसक्ने समेत उनले बताएका छन्।

आयात शुल्कले अमेरिकामा लगानी र उत्पादन बढ्न सहयोग पुग्ने ट्रम्पको दाबी छ।अमेरिकी अदालतको फैसलाले विश्वव्यापी व्यापारमा भने नयाँ अनिश्चय थपेको छ। गत वर्ष मेक्सिकोलाई लक्षित गरेर लागु गर्न सुरु गरिएको ट्यारिफ पछि क्यानडा चीन सहित दर्जनौं अमेरिकी व्यापारिक साझेदार देशहरूबाट आयात हुने सामग्रीमा बिस्तार गरिएको थियो। अदालती लडाइँ ट्रम्पले गत वर्ष विश्वका प्रायजसो सबै देशबाट अमेरिका भित्रिने सामानमा लगाएको आयात करमा केन्द्रित थियो।

ट्रम्पले गत एप्रिलमा यस्ता करहरू घोषणा गर्दै 'लिबरेसन डे' अर्थात् मुक्ति दिवस भनेका थिए।यस्ता कर लगाउन ह्वाइट हाउसले सन् १९७७ को एउटा कानुनको सहारा लिएको थियो। आईईईपीए नामको उक्त कानुनले राष्ट्रपतिलाई आपत्कालीन अवस्थामा व्यापारलाई "नियमन"गर्ने अधिकार दिन्छ।

तर अमेरिका भित्रिने सामानमा व्यापक कर बढेपछि स्वदेश र विदेशका कम्पनीहरूले यसको विरोध गरे। जसकारण बजारमा सामान महँगो हुने चिन्ता पनि थपियो।अदालतमा पुगेका अमेरिकाका विभिन्न राज्य र साना व्यवसायीका वकिलहरूले गत वर्ष बहसका क्रममा राष्ट्रपतिले कर लगाउन प्रयोग गरेको छ ।

# ट्राफिक प्रहरीद्वारा सात महिनामा ७६ लाखभन्दा बढी राजस्व सङ्कलन



बागमती । जिल्ला ट्राफिक प्रहरी कार्यालय हेटौंडा मकवानपुरले चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनाको अवधिमा रु ७६ लाख ४६ हजार राजस्व सङ्कलन गरेको छ । कार्यालय प्रमुख प्रहरी निरीक्षक बच्चुराम फुयाँलका अनुसार उक्त अवधिमा ट्राफिक नियम उल्लङ्घन गर्ने आठ हजार ४१४ सवारीसाधन चालकमाथि कारबाही गरिउको छ।

कार्यालयले अघिल्लो आव २०८१/८२ मा ट्राफिक नियम उल्लङघन गर्ने ३० हजार ३४ सवारीसाधन चालकमाथि कारबाही गरी रु दुई करोड ४१ लाख ४५ हजार ५४ राजस्व सङ्कलन गरेको थियो ।प्रहरी निरीक्षक फुयाँलका अनुसार मकवानपुर जिल्लामा चालु आवमा भएका १९६ सवारी दुर्घटनामा परी ३२ जनाको मृत्यु भएको छ भने ३८६ जना घाइते भएका छन् । अघिल्लो आव २०८१/८२ मा मकवानपुरमा ४०७ सवारी दुर्घटनामा परी ५० जनाको मृत्यु भएको थियो भने ९६५ जना घाइते भएका थिए।

पछिल्लो समय सञ्चालन गरिएको ट्राफिक सचेतना र नियमति ट्राफिक चेकजाँचका कारण सवारी दुर्घटनामा हुने मानवीय क्षतिमा कमी आउनुको साथै ट्राफिक नियम उल्लङ्घनकर्ताको सङ्ख्यासमेत घट्दै गएको प्रहरी निरीक्षक फुयाँलले बताउनुभयो।

"हामीले ट्राफिक नियम र दुर्घटना न्यूनीकरणसम्बन्धी सचेतना कार्यक्रमसँगै सडकमा ट्राफिक जाँचमा कडाइ गरेका छौं", उहाँले भन्नुभयो, "आव २०८२/८३ मा मात्रै विद्यार्थी, नयाँ चालक, व्यवसायी, कर्मचारीलगायत गरी ५४७ पटक ट्राफिक नियमसम्बन्धी सचेतनामूलक सहजीकरण गरेका छौं। त्यसबाट ३९ हजार २४६ जनालाई सचेतना दिइएको छ।"

यसबाहेक ठाउँ ठाउँमा पर्चा, पम्पलेट, स्टिकर टाँस र समय समयमा चालकहरूको निःशुल्क स्वास्थ्य परीक्षणसमेत गर्दै आएको फुयाँलले बताउनुभयो । बढ्दो सवारीसाधनको चाप, साँघुरो सडक, चालकको लापर्वाही तथा सडकमा छाडिने पशुचौपायाका कारण सवारी दुर्घटना हुने गरेकाले यसबारे पनि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो ।रासस


# नेपाल–पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्रको बैठक लिस्बनमा सम्पन्न

लिस्बन । नेपाल-पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्र 'बिसिएम'को पहिलो बैठक पोर्चुगलको राजधानी लिस्बनमा सम्पन्न भएको छ।

लिस्बनस्थित परराष्ट्र मन्त्रालयमा शुक्रबार सम्पन्न बैठकमा द्विपक्षीय व्यापार, लगानी, पर्यटन, संस्कृति, शिक्षा तथा विज्ञान-प्रविधिको क्षेत्रमा सहयोग अभिवृद्धि र सहकार्य गर्ने सहमति भएको छ।

बैठकमा नेपाल-पोर्चुगल सम्बन्धका राजनीतिक, आर्थिक तथा कन्सुलर मामिलालगायत समग्र पक्षहरूको समीक्षा गरिएको थियो। दुवै पक्षले जलवायु परिवर्तन तथा साझा चासोका क्षेत्रीय तथा बहुपक्षीय मुद्दामा समेत विचार-विमर्श गरेका थिए।

बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र सचिव अमृतबहादुर राईले गर्नुभएको थियो भने पोर्चुगलको तर्फबाट पोर्चुगलका परराष्ट्र तथा सहकार्य मामिला सचिव डा आना इसाबेल जेभियरले नेतृत्व गर्नुभएको थियो। नेपाली प्रतिनिधिमण्डलमा पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेल, परराष्ट्रका सहसचिव एवं युरोप महाशाखा प्रमुख गणेशप्रसाद ढकाल, उपसचिव उत्तम घिमिरेसहित दूतावासका वरिष्ठ अधिकारीहरूको सहभागिता रहेको थियो।



बैठकमा नेपाल-पोर्चुगलबीचको समग्र द्विपक्षीय सम्बन्धको समीक्षा गरिनुका साथै साझा चासो, आपसी हित, थप सहकार्य र सहयोग अभिवृद्धिबारे गहन विमर्श र छलफल भएको पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले राससलाई जानकारी दिनुभयो। पोर्चुगलवासी नेपालीले भोगिरहेका कागजात प्रमाणीकरणसम्बन्धी समस्याको समाधानका लागि सहजीकरण गरिदिन पोर्चुगिज पक्षसँग विशेष आग्रह गरिएको उहाँले बताउनुभयो।

"नेपालमा पोर्चुगलको दूतावास स्थापनाका लागि समेत आग्रह गरिएको छ। बैठकले दुई देशबीच नयाँ सम्भावनाको ढोका खुलेको छ", राजदूत पौडेलले भन्नुभयो।

त्यस अवसरमा परराष्ट्र सचिव राईले पोर्चुगलमा बसोबास गर्ने नेपाली समुदायप्रतिको सद्भावका लागि पोर्चुगल सरकारलाई धन्यवाद व्यक्त गर्नुभयो। परराष्ट्र मामिला सचिव डा जेभियरले पोर्चुगलको अर्थतन्त्रमा नेपाली समुदायले पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो । बैठकपश्चात् डा जेभियरले पोर्चुगल भ्रमणमा रहेका नेपाली प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोजको आयोजना गर्नुभएको थियो।

यस्तै, परराष्ट्र सचिव राईले पोर्चुगिज व्यापार तथा लगानी एजेन्सीमा नवीकरणीय ऊर्जा क्षेत्रसँग सम्बन्धित अधिकारीसँग अन्तर्क्रिया गर्नुभएको थियो। उहाँले जलविद्युत् उत्पादन, प्रसारण र वितरणलगायत ऊर्जा क्षेत्रमा पोर्चुगिज लगानीकर्ताहरूसँग नेपालमा लगानीका लागि नेपालको लगानी बोर्डसँग छलफल गर्न सुझावसमेत दिनुभयो।

यसअघि परराष्ट्र सचिव राईले पोर्चुगलको परराष्ट्र मन्त्रालयका महासचिव फ्रान्सिस्को मारिया डि सौसा रिबेरो टेलेससँग शिष्टाचार भेटवार्ता गर्नुभएको थियो । उक्त भेटमा द्विपक्षीय कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको दूतावासले जनाएको छ। भ्रमण सम्पन्न गरी परराष्ट्र सचिव राई नेतृत्वको प्रतिनिधिमण्डल आज स्वदेश फर्कने कार्यक्रम रहेको छ । नेपाल-पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्रको सन् २०१८ मा स्थापना भएको हो ।रासस

## बाघ गणनामा प्रयोग राखिएका ६० क्यामेरा हराए

चितवन । चितवन र पर्सा राष्ट्रिय निकुञ्ज कम्प्लेक्समा बाघ गणनामा प्रयोग गरिएका ६० वटा क्यामेरा हराएका छन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरले ८५ क्यामेरामध्ये ६० वटा हराएका र २५ वटा बिग्रेका छन् । उहाँले चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा एक हजार ७८० वटा क्यामेरा प्रयोग गरिएको बताउनुभयो ।

गत पुस ३ गतेदेखि सुरु गरिएको बाघ गणना बिहीबार सम्पन्न भएको छ। थापा मगरका अनुसार दुई वटा राष्ट्रिय निकुञ्जलाई एउटा कम्प्लेक्स र एउटा कम्प्लेक्सलाई तीन ब्लकमा विभाजन गरी बाघ गणना गरिएको थियो। यस कम्प्लेक्सलाई ९५८ वटा ग्रिड बनाएर बाघ गणना गरिएको थियो। ती ग्रिडमा प्रयोग गरिएका क्यामेरामध्ये ८५ क्यामेरा समस्याग्रस्त भएका थापा मगरले बताउनुभयो।

उहाँका अनुसार एउटा ब्लकमा १७ रात क्यामेरा राखेर काम गरिएको हो। दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिएको हो। यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३५५ वटा वयस्क बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो। उक्त गणनामा चितवनमा १२८, बर्दिया निकुञ्जमा १२५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएका थिए ।रासस

# बदलियो चुनाव प्रचार शैली: घरदैलो र डिजिटल प्रयोगमा जोड

गलेश्वर । म्याग्दीका राजनीतिक दल र उम्मेदवारहरूले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पुराना चुनावी शैली परिवर्तन गरेका छन् ।विगतका निर्वाचनमा भित्तामा टाँसिने ठूलाठूला पोस्टर-पम्प्लेट र ठूला चनावी सभाभन्दा यसपटक उम्मेदवारहरूले टोल-बस्तीमा पुगेर मतदातासँग छलफल, घरदैलो र साना कार्यक्रम सञ्चालन गर्ने नीति लिएका छन् । यसबाहेक सामाजिक सञ्जालमार्फत 'डिजिटल प्रचार सामग्री' को प्रयोगलाई व्यापक प्राथमिकता दिइएको छ।



हाल उम्मेदवारसँगै नेता र कार्यकर्ताहरूले घरदैलो र प्रत्यक्ष भेटघाटमा बढी जोड दिएका छन् । नेताहरूलाई आ–आफ्नो पालिकामा चुनाव प्रचार गर्ने जिम्मा दिइएको छ। यसरी जिम्मेवारी पाएकाहरूले मतदातासँग प्रत्यक्ष भेटघाट र सामाजिक सञ्जालमार्फत आफ्नो पार्टी तथा उम्मेदवारको प्रचार गरिरहेका छन्। क्यामेराम्यानसहित फेसबुक, टिकटक, युट्यूबमा दैनिक भिडियो सामग्री बनाएर पोस्ट गर्ने, प्रत्यक्ष प्रसारण गर्ने शैली अपनाइएको छ । त्यतिमात्र होइन स्वतन्त्र उम्मेदवार महावीर पुनले त टोलटोलमा घुम्दै हाते माइकमार्फत जनतालाई कटुवाल कराउने शैलीमा 'लौ है जनता हो ! महावीर आयो' भन्दै आफ्ना कुरा सुनाइरहनुभएको छ।

नेपाली कांग्रेस म्याग्दीका चुनाव प्रचारप्रसार समिति सदस्य निर्मल खत्री यसपटक सामाजिक सञ्जालमार्फत भिडियो सन्देश, प्रत्यक्ष प्रसारण र डिजिटल सामग्रीमार्फत मतदातासँग जोडिने प्रयास गरिएको बताउनुहुन्छ । कांग्रेस उम्मेदवार कर्णबहादुर भण्डारीको सचिवालयले प्रत्यक्ष भेटघाट र डिजिटलप्रचारप्रसारलाईप्राथमिकतादिएकोउहाँले बताउनुभयो। नेकपा (एमाले) का उम्मेदवार हरिकृष्ण श्रेष्ठले पनि यस्तै शैली अपनाउँदै मतदाताको घरदैलोमापुगिरहनुभएकोछ।एमाले नेता प्रकाश पौडेलका अनुसार एमालेले विगतमा गरेका विकास कार्य र उम्मेदवारका प्रतिबद्धताहरू मतदातासम्म पुऱ्याउन भिडियो, गीत, टिकटक र पोडकास्टमार्फत प्रचार गरिरहेको छ।

यस्तैगरी स्वतन्त्र उम्मेदवार महावीर पुनको सचिवालय पनि पोष्टकार्ड, रिल र भिडियो सामग्रीमार्फत डिजिटल प्रचारमा सक्रिय छ। पुनका सहयोगी चित्र तिलिजाले निर्वाचन प्रचारप्रसारका लागि मतदातासँग प्रत्यक्ष भेटघाट र डिजिटल प्रविधिको भरपुर प्रयोग गरिएको बताउनुभयो । यस्तै, नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार अर्जुन थापाको सचिवालयले पनि डिजिटल प्रचारलाई प्राथमिकता दिएको छ । भेटघाट, प्रत्यक्ष संवाद र मतदाताका प्रतिक्रियालाई फेसबुकमा लाइभ गर्दै प्रचार प्रसारलाई तीव्रता दिइएको नेकपाका नेता गोविन्द पौडेलले जानकारी दिनुभएको छ।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका डम्बर सुवेदी, राष्ट्रिय जनमोर्चाका छेमबहादुर विश्वकर्मा, नेकपा (माओवादी) का क्षेत्रबहादुर घिमिरेलगायत उम्मेदवारले पनि सामाजिक सञ्जालमार्फत प्रचार गरिरहेका छन् । यहाँ एक स्वतन्त्र र ११ राजनीतिक पार्टीका गरी १२ जना उम्मेदवार चुनावी प्रतिष्पर्धा छन् ।

यहाँका सबैजसो उम्मेदवारले राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर कालोपत्र गर्ने, अन्य सडक निर्माण, खानेपानी, शिक्षा, कृषि क्षेत्रको प्रवर्द्धन, सुलभ स्वास्थ्य सेवा, रोजगारीलगायतका मुद्दालाई प्राथमिकतामा राखेका छन् ।नयाँ उम्मेदवारको उपस्थिति, दलीय राजनीतिको बिचमा स्वतन्त्र उम्मेदवारको उपस्थिति र बदलिँदो प्रचार शैलीले यसपटक निर्वाचनलाई अझ रोचक बनाएको स्थानीय बुद्धिजीवी राजु केसीले बताउनुभयो।

निर्वाचनको मिति नजिकिँदै जाँदा डिजिटल प्रविधिको प्रयोग गरी प्रचार कार्य बढेसँगै साइबर सुरक्षा चुनौती पनि बढ्दै गएको छ । उम्मेदवारको सामग्रीमा अर्का समर्थकहरूले गाली-गलौज र नकारात्मक टिप्पणी गर्दा द्वन्द्व बढेको देखिएको छ । सामाजिक सञ्जालको दुरुपयोग रोक्न कडाइका साथ निगरानी भइरहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

एक निर्वाचन क्षेत्र, छ पालिका र ४५ वटा वडा रहेको म्याग्दीमा ८६ हजार ३९७ मतदाता रहेका छन् । निर्वाचनका लागि जिल्लामा ८२ वटा मतदानस्थल र १२० मतदान केन्द्र कायम गरिएका छन् ।रासस

# खोलामा पक्की पुल निर्माण सुरु

दमौली । यहाँको भिमाद नगरपालिका-५ स्थित वानटाङ खोलामा पक्की पुल निर्माण सुरु भएको छ। निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको सामाजिक उत्तरदायित्वअन्तर्गत १३० मिटर लम्बाइको पुल निर्माण कार्य सुरु गरिएको हो।

पुलको डिजाइन स्वीकृत भएसँगै निर्माण व्यवसायीबाट नदीको बायाँ किनारतर्फ पुलको जग खन्ने काम सुरु गरिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो।

आयोजनाको जलाशयका कारण डुबानमा पर्ने भिमाद ऋषिङ खण्डअन्तर्गत पर्ने वानटाङ खोलामा स्थायी पुल डिजाइन तथा निर्माण ढाँचा बनाउन विसं २०८१ फागुन २८ गते सपना निर्माण प्रालिसँग सम्झौता गरिएको थियो। ठेक्का सम्झौता भएको ३० महिनाभि पुलको निर्माण सम्पन्न गर्ने कार्यतालिका छ । निर्माण व्यवसायीले नै पुलको डिजाइन र निर्माण गर्ने (डिजाइन एण्ड बिल्ड) गरी रु २३ करोड सात लाख (मूल्य अभिवृद्धि करसहित)मा ठेक्का सम्झौता भएको थियो।

भिमाद नगरपालिका प्रमुख दधिराज सुवेदीले भिमाद हुँदै ऋषिङ गाउँपालिकाका विभिन्न वडा जाने उक्त खोलामा पुल नहुँदा वर्षायाममा यस भेगका हजारौं नागरिकले सास्ती भोग्नुपरेको बताउनुभयो । वानटाङ सेती नदीको सहायक खोला हो । आयोजनाले व्यास नगरपालिका-५ र ऋषिङ गाउँपालिका-१ को सिमानामा निर्माण गर्ने १४० मिटर अग्लो बाँध निर्माण गर्दैछ । समुद्र सतहबाट ४१५ मिटरसम्म बन्ने जलाशयका कारण त्यस भेगका बासिन्दाको आवतजावतमा अवरोध हुनेभएपछि आवागमनलाई सहज बनाउन पक्की पुल निर्माण गर्न लागिएको आयोजनाले जनाइएको छ ।रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बर्दिबास, महोत्तरीको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| भिखारी राय यादवको बुहारी, विरेन्द्र यादवको पत्नी, महोत्तरी जिल्ला, साविक औरही न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा./गा.पा. वडा नं. २ बस्ने **वविता देवी यादव** (ना.प्र.नं. १८३०६४/६१७, जारी मिति २०६३/१०/२४, जि.प्र.का. महोत्तरी)। | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. सोन्फी यादवको नाति, भिखारी राय यादवको छोरा, महोत्तरी जिल्ला, साविक औरही न.पा./गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २ बस्ने **विरेन्द्र यादव** (ना.प्र.नं. ०३३५२८७७ जारी मिति २०५२/०८/०४, जि.प्र.का. महोत्तरी)। | २. भिखारी राय यादवको नातिनी, विरेन्द्र यादवको छोरी, महोत्तरी जिल्ला, औरही न.पा वडा नं. २ बस्ने **निशा यादव** (ना.प्र.नं. १८२०६४/१८५६ जारी मिति २०७५/०१/३०, जि.प्र.का. महोत्तरी)। |
| ३. भिखारी राय यादवको नाति, विरेन्द्र यादवको छोरा, महोत्तरी जिल्ला, औरही न.पा वडा नं. २ बस्ने **हिमांसु कुमार यादव** (ना.प्र.नं. १८२०६४/२११३ जारी मिति २०७५/०७/२९, जि.प्र.का. महोत्तरी)। | |
| **धितोको विवरण** | |
| १. वविता देवी यादव (ना.प्र.नं. १८३०६४/६१७ जारी मिति २०६३/१०/२४, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको, महोत्तरी जिल्ला, साविक विजलपुरा गा.वि.स., वडा नं ४, नक्सा सिट नं ४ख स्थित कि.नं. ५८८ को क्षेत्रफल ०-०-१५-० (बि-क-धु) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |
| २. वविता देवी यादव (ना.प्र.नं. १८३०६४/६१७ जारी मिति २०६३/१०/२४, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको, महोत्तरी जिल्ला, साविक २५ नं. बहादुरगंज गा.वि.स वडा नं १, नक्सा सिट नं १ग, स्थित कित्ता नं १७८० को क्षेत्रफल ०-०-५ (बि-क-धु) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank

शाखा कार्यालय : बर्दिबास, महोत्तरी
फोन नं. ०४४-५५०६४०
Website: www.siddharthabank.com


# धौलागिरि आइसफल जोड्ने पदमार्ग निर्माण

म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवादेखि धौलागिरि आइसफल जोड्ने पदमार्ग निर्माण थालिएको छ। अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा बिनियोजन गरेको रु १० लाख बजेटबाट उपभोक्ता समितिमार्फत पदमार्ग निर्माण थालिएको हो। उपभोक्ता समितिका अध्यक्ष विकास पुनले फागुन पहिलो सातासम्म गरेकदेखि गुन्थली भिर, देउराली डाडा, ठूलोखानी, भित्रे वन, ठुलो घैरा भ्याङ हुँदै भिरखर्कसम्म पदमार्ग निर्माण भइसकेको जानकारी दिनुभयो।

प्राविधिक नक्साअनुसार तीन किलोमिटर पदमार्ग निर्माण सकिएको र थप एक किलोमिटर निर्माणाधिन रहेको उहाँले बताउनुभयो। दोवाका करिब २० जना स्थानीयबासी पदमार्ग निर्माणका लागि जङ्गलमै बास बसेर काम गरिरहेका छन्। वस्तिदेखि टाढा रहेको ठाउँमा घरबाट जान, आउन टाढा हुने भएकाले निर्माणस्थलमै त्रिपालको गोठ बनाएर बास बसेका हुन्। चालु आर्थिक वर्षको बजेटबाट खोलाखर्कसम्म पदमार्गले जोडिने उपभोक्ता समितिले जनाएको छ। परापुर्व कालमा दोवा बासीले घुम्ती पशुगोठ लेक बेशी गर्दा प्रयोग गरेको गोरेटो बाटो पहिचान गरेर पदमार्गको रूपमा विकास गर्न लागिएको अन्नपूर्ण गाउँपालिका-१ दोवाका वडा अध्यक्ष दिलिप गर्बुजाले बताउनुभयो। रासस

# 'इला शर्मा : नारी सङ्घर्षका स्मृतिहरू' लोकार्पण

काठमाण्डु । पूर्व निर्वाचन आयुक्त इला शर्मामाथि विभिन्न क्षेत्रका व्यक्तिले लेखेका आलेखको सङ्कलन 'इला शर्मा : नारी सङ्घर्षका स्मृतिहरू' पुस्तक शनिबार एक समारोहकाबीच लोकार्पण भएको छ।

पुस्तकको विमोचन सर्वोच्च अदालतकी न्यायाधीश सपना प्रधान मल्ल, पूर्व प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल, नेपाल पत्रकार महासङ्घकी अध्यक्ष निर्मला शर्मा र पुस्तकका सम्पादक डा अलका आत्रेय चुँडालले गर्नुभयो। न्यायधीश मल्लले इला शर्मा एक आँटिली र साहसी व्यक्तित्व भएको बताउँदै महिला भएकै नाताले उहाँले भोगेका अभिव्यक्ति र उहाँले देखाउनु भएको साहसको पनि स्मरण गर्नुपर्ने बताउनुभयो।



पूर्व प्रमुख निर्वाचन आयुक्त पोखरेलले शर्मालाई जतिसुकै कठिन चुनौतीलाई पार गर्न सक्ने र सहनशील व्यक्तित्वको रूपमा सम्झिनुभयो । उहाँकाअनुसार शर्मा बहुप्रतिभाशाली व्यक्तित्व हुनुका साथै महिलाको प्रतिनिधित्व र सीमान्तकृत वर्गका लागि लड्नुहुन्थ्यो।

पत्रकार शर्माले इला शर्माले गरेको मेहनत, सङ्घर्ष र योगदान सबैको लागि प्रेरणाको स्रोत रहेको बताउँदै उहाँले देखेका जति सपना छन् ती नीति नियममार्फत परिवर्तन ल्याउन सके सच्चा श्रद्धासुमन हुनसक्ने बताउनुभयो । पुस्तकका सम्पादक डा चुँडालले नेपाली महिलाको योगदान र इतिहास लिपिबद्ध गर्ने यो पुस्तक नेपाली नारी सङ्घर्षको ज्वलन्त दस्तावेज भएको बताउनुभयो।

शर्माका स्मृतिहरूमा आधारित विभिन्न लेखहरूको सङ्कलन तथा संयोजन अमृता लम्सालले गर्नुभएको हो भने पुस्तक अक्षर क्रिएसन्सले बजारमा ल्याएको हो । प्रकाशक डा अर्चना थापाले यो पुस्तक इला शर्माले गरेको न्याय, निष्ठा, सङ्घर्ष र समाजका लागि गरेको योगदानको स्मरण रहेको प्रकाश पार्नुभयो। रासस

## फिल्म फेस्टीवल जारी

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा दोस्रो संस्करणको जनकपुर अन्तरराष्ट्रिय फिल्म फेस्टीवल सुरु भएको छ। चलचित्रकर्मी, कलाकार तथा सांस्कृतिक क्षेत्रका व्यक्तिहरूलाई एकै मञ्चमा ल्याउने उद्देश्यले आयोजना गरिएको महोत्सव प्रारम्भ भएको हो।

आयोजक सम्बाद फाउन्डेशनका अनुसार महोत्सवको उद्घाटन फागुन ८ गते बिहान १० बजेदेखि गरिएको हो। चार दिनसम्म चल्ने महोत्सव फागुन ८ देखि ११ गतेसम्म सञ्चालन हुनेछ।

महोत्सव मैथिली विकास कोषको परिसरमा आयोजना गरिएको छ। कार्यक्रममा स्वदेशी तथा विदेशी चलचित्र प्रदर्शन, अन्तरक्रिया, कलाकारसँग संवाद तथा सांस्कृतिक गतिविधि समावेश गरिने आयोजकले जनाएको छ।

महोत्सवमा मैथिली, नेपालीसहित विदेशी भाषाका ६० फिल्म प्रदर्शन गरिनेछ। साथै, समूहगत छलफल लगायत विविध गतिविधि हुने महोत्सवका अध्यक्ष कुमार भास्करले जानकारी दिएका छन्। महोत्सवको सुरुआत नानी सरा वाकर निर्देशित फिल्म 'शक्ति' प्रदर्शनबाट गरिएको छ।

आयोजकले चलचित्रकर्मी, कलाकार, साहित्यकार तथा सांस्कृतिक क्षेत्रका सरोकारवालाहरूको सहभागिताले महोत्सव थप अर्थपूर्ण हुने विश्वास व्यक्त गरेको छ। महोत्सवले जनकपुरधामको सांस्कृतिक पहिचान प्रवर्द्धन गर्नुका साथै स्थानीय तथा अन्तर्राष्ट्रिय फिल्मकर्मीबीच सहकार्यको वातावरण सिर्जना गर्ने विश्वास गरिएको छ।

### प्रतिनिधिसभा सदस्य निर्वाचन

# रास्वपा प्रति असन्तुष्टि बढ्दो, चुनाव नजिकिँदै जाँदा राजीनामा दिनेको लर्को





**टुडे समाचारदाता**

जनकपुरधाम । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा मधेशसहित देशव्यापी रुपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रभावशाली नेता-कार्यकर्ताहरुले पार्टीबाट राजीनामा दिनेको लर्को नै लागेको देखिन्छ।

मधेश प्रदेशको बारा जिल्लाबाट रास्वपा मधेश प्रदेशकी संस्थापक सभापति ममता शर्माले आफ्नो असन्तुष्टि पोख्दै राजीनामा दिएपछि अहिले नेताहरूले राजीनामा घोषणा गर्नेहरुको संख्या दिनानुदिन बढ्दै गएको देखिन्छ।

शर्माले पार्टीभित्र अपारदर्शीता बढ्दै गएको, बाहिर पारदर्शीताको कुरा गरिए पनि व्यवहार उल्टो देखिएको भन्दै दैनिक रूपमा पार्टी छाड्नेको संख्या बढिरहेको दाबी गरिन् । उनले भनिन्, 'जान्नेलाई छान्ने' पार्टीको नारा उल्ट्याएपछि आफूले पनि पार्टी छाडेको हुँ।' उनले अघि थप्दै भनिन्, 'पार्टीले पारदर्शीताको कुरा गर्थ्यो, तर भित्र अपारदर्शीता धेरै देखियो । त्यसैले रास्वपामा लागेका साथीहरू दैनिक रूपमा पार्टी छाड्दै छन्।'

रास्वपा परित्याग गरेका नेता-कार्यकर्ताहरूले प्रतिनिधि सभा सदस्य निर्वाचनमा विचार गरेर मात्र मतदान गर्न आग्रह गर्न थालेका छन् । उनीहरूले चटकदार अनुहारभन्दा पनि देश र समाज बुझेका जिम्मेवार राजनीतिक व्यक्तित्व र दल रोज्न मतदातालाई आग्रह गर्न थालेका छन् ।

देश अहिले गम्भीर अवस्थामा पुगेको भन्दै उनीहरूले सामाजिक सञ्जालको भ्रमबाट बाहिर निस्केर सोचविचार गर्न अपिल समेत गरेका छन् । अध्ययन-विश्लेषण गरेर मात्र मतदान गर्न र स्थायी सरकार निर्माणका लागि विवेकपूर्ण निर्णय लिन आह्वान गरेका छन्।

त्यस्तै बागमती प्रदेशका उपसभापति रहेर हालै रास्वपा छाडेका दिनेश हुमागाईले भावनात्मक प्रचारभन्दा नीतिगत स्पष्टता र देशबोधका आधारमा मतदान गर्न आग्रह गरे । चुपचाप नभइ गहन अध्ययन गरेर मात्रै मतदान गर्न उनले सुझाए। देशले निकास पाउने र स्थायी सरकार बन्ने गरी मत दिनुपर्नेमा उनको भनाइ छ ।

उनले रास्वपा आफ्नो सिद्धान्तबाट विचलित भएको आरोप पनि लगाए। समयमा पार्टीले अधिवेशन गर्न नसकेको, निर्वाचनमा उम्मेदवार छनोट प्रक्रिया सही नभएको र नेतृत्वमा जवाफदेहिता अभावका कारण आफूले पार्टी छाडेको प्रस्ट्याए। उनले नयाँको नाममा नेपाली जनता र जेन-जी आन्दोलनमाथि नै धोका हुन लागेको आरोप लगाए। त्यस्तै रास्वपाबाट अलग भएका प्रणय शमशेर राणाले पार्टी नेतृत्वमाथि संगठनात्मक पारदर्शीता र आन्तरिक लोकतन्त्र कमजोर बनाएको आरोप लगाए।

उनले उम्मेदवारी छनोट प्रक्रिया संगठनको आधारमा प्राइमरी निर्वाचनबाट हुने भनिए पनि व्यवहारमा भने लागु नभएको आरोप लगाए ।

पार्टी सदस्यलाई धोकाधडी' गरेको दाबी गर्दै उनले आन्तरिक लोकतन्त्रमा विश्वासघात भएको दाबी गरे। त्यस्तै रास्वपा बारा जिल्ला संगठन विभाग प्रमुख पवन चौधरी, कलैया उपमहानगरपालिका नगरसभापति सञ्जिव यादव र देवताल गाउँपालिका सभापति कमरुद्धिन मियाँले पनि सामाजिक सञ्जालमार्फत राजीनामा दिएका छन्।

उनीहरूले पार्टीले उम्मेदवारी दिन इच्छुक व्यक्तिलाई अनलाइन फाराम भर्न लगाए पनि टिकट वितरण प्रक्रियाप्रति असन्तुष्टि व्यक्त गरे ।

कलैया उपमहानगरपालिका नगरसभापति सञ्जिव यादवले अनलाइन फाराम भर्ने क्रममा उम्मेदवारहरूसंग प्रत्यक्षतर्फ २५ हजार रुपैयाँ र समानुपातिकतर्फ ५० हजार रुपैयाँ संकलन गरिएको बताउँदै उक्त रकम फिर्ता गर्न माग गरेका छन्।

बारामा ५० जनाभन्दा बढीले अनलाइनमार्फत प्रत्यक्ष तथा समानुपातिकतर्फ उम्मेदवारी दर्ता गराएका थिए । स्थानीय नेताहरू पार्टी सदस्यता लिएर अनलाइनमार्फत उम्मेदवारी दिएका व्यक्तिहरूलाई समावेश नगरिएको बताउँछन्।

समानुपातिकतर्फ पनि रकम बुझाएर फाराम भरेका व्यक्तिहरूलाई बाराबाट समावेश नगरिएको यादवले आरोप लगाए । देवताल गाउँपालिका सभापति कमरुद्धिन मियाँले पार्टीले निर्वाचनका लागि अपनाएको नीति र कार्यशैलीप्रति असहमति जनाए। जिल्ला संगठन विभाग प्रमुख पवन चौधरीले पनि पार्टीभित्रको प्रक्रिया प्रति असहमति जनाए।

चौधरी २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा बारा क्षेत्र नम्बर-४ बाट उम्मेदवार बनेका थिए। उनले ३ हजार ८८४ मत प्राप्त गरेका थिए । यसपटक पनि उनी उम्मेदवारका आकांक्षी रहेको जिल्ला सभापति स्वर्णकारले बताए।

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा मधेश प्रदेशका २५ उम्मेदवारमध्ये चौधरीले सर्वाधिक मत प्राप्त गरे पनि उम्मेदवारीबाट भने वञ्चित भए ।जिल्ला सभापति चन्दन स्वर्णकारले जिल्ला संगठन प्रमुख तथा पालिका सभापतिहरूको राजीनामाले निर्वाचनमा असर पर्न सक्ने भन्दै पार्टी केन्द्रीय नेतृत्वलाई गम्भीरतापूर्वक लिनुपर्ने बताए।

यसअघि बारा क्षेत्र नम्बर-३ का उपसभापति रोशन अधिकारी, बारा क्षेत्र नम्बर-४ का उपसभापति दिलीप पण्डित, परवानीपुर गाउँपालिका सभापति मनोज साह र गढीमाई नगरपालिकाका सचिव प्रदीप गुप्ताले पनि असन्तुष्टि जनाउँदै राजीनामा दिइसकेका छन्।

# मतदानस्थलको अनुगमन र सुरक्षा परिचालन तीव्र



**टुडे समाचारदाता**

मलंगवा । खुला सीमाका कारण संवेदनशील मानिएको महोत्तरीमा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदानस्थल अनुगमन र सुरक्षा परिचालन तीव्र पारिएको छ।

नेपाल-भारतबीचको खुला सीमाका कारण निर्वाचन व्यवस्थापन चुनौतीपूर्ण बन्दै आए पनि जिल्ला सुरक्षा समितिले यसपटक बहु-तह सुरक्षा रणनीति अवलम्बन गरी उच्च सतर्कता अपनाइएको जनाएको छ।

भारतको बिहार राज्यअन्तर्गत सीतामढी र मधुबनी जिल्लासँग करिब ३९ किलोमिटर खुला सीमा जोडिएको महोत्तरीमा सीमा पारिबाट हुन सक्ने अवाञ्छित गतिविधि नियन्त्रणलाई मुख्य चुनौतीका रूपमा लिइएको छ। खुला आवागमन, आपराधिक गतिविधि र निर्वाचन आचारसंहिता उल्लंघनको सम्भावनालाई दृष्टिगत गर्दै सीमा नाकामा निगरानी बढाइएको छ।

महोत्तरीमा कायम २५८ मतदानस्थलमध्ये १६३ स्थललाई अतिसंवेदनशील, ८९ स्थललाई संवेदनशील र ६ स्थललाई सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ । सोही आधारमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र म्यादी प्रहरीको संयोजनमा सुरक्षा घेरा तयार पारिएको जिल्ला सुरक्षा समितिले जनाएको छ।

मतदानस्थलको जोखिम मूल्यांकन गर्दा विगतका निर्वाचन अनुभव, भौगोलिक दुर्गमता, राजनीतिक प्रतिस्पर्धाको अवस्था, सीमा नजिकको अवस्थिति तथा सामाजिक सांस्कृतिक संवेदनशीलतालाई आधार बनाइएको बताइएको छ। अतिसंवेदनशील स्थलमा अतिरिक्त सुरक्षा फौज, नियमित गस्ती तथा विशेष निगरानीको व्यवस्था गरिएको छ।

महोत्तरीका १५ वटै स्थानीय तहअन्तर्गत रहेका मतदानस्थलको भौतिक संरचना, पहुँचमार्ग, सुरक्षा संवेदनशीलता, विद्युत् आपूर्ति, खानेपानी र शौचालयलगायत आधारभूत सुविधाबारे विस्तृत अनुगमन गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जनाएको छ।

उनका अनुसार दुर्गम र सीमावर्ती क्षेत्रका मतदानस्थलमा समयमै सामग्री पुर्याउने गरी वैकल्पिक मार्गको समेत पहिचान गरिएको छ । सीमा सुरक्षालाई प्रभावकारी बनाउन भारतीय प्रशासनसँग समन्वय बैठकलाई निरन्तरता दिइएको छ । पुस २४ गते रौतहटको चन्द्रनिगाहपुरमा सीतामढी जिल्लाका अधिकारीहरूसँग संयुक्त सुरक्षा बैठक सम्पन्न भएको थियो।

मधुबनी जिल्लासँग जनकपुरधाममा अर्को चरणको सीमा सुरक्षा बैठक गर्ने तयारी भइरहेको जनाइएको छ। सीमापार आपराधिक गतिविधि, अवैध चलखेल तथा निर्वाचन प्रभावित गर्न सक्ने गतिविधि रोक्न दुवै देशका सुरक्षा निकायबीच सूचनाको आदान प्रदान सुदृढ पारिएको छ।

प्रमुख जिल्ला अधिकारी यादवसहित मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारी, सशस्त्र प्रहरी र नेपाल प्रहरीका प्रहरी उपरीक्षकद्वय शेरबहादुर अधिकारी र हेरम्ब शर्मा, जिल्ला निर्वाचन अधिकारी रञ्जिता झा तथा इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी विकास बमलगायतको संयुक्त टोलीले दक्षिणी सीमावर्ती क्षेत्रदेखि खयरमाराको विकट डाँडाछोड्केसम्मका मतदानस्थलको स्थलगत अनुगमन गरेको छ।

अनुगमनका क्रममा सुरक्षा प्रबन्ध, मतदान कक्षको व्यवस्थापन, प्रवेश निष्क्रमण मार्ग, अपांगमैत्री पहुँच र आपतकालीन व्यवस्थापन योजनाबारे समेत समीक्षा गरिएको जनाइएको छ । निर्वाचनको वातावरण शान्त र विश्वसनीय बनाउन जिल्लाका चारै निर्वाचन क्षेत्रमा राजनीतिक दल, उम्मेदवार, जनप्रतिनिधि तथा नागरिक समाजसँग समन्वयात्मक अन्तरक्रिया गोष्ठी आयोजना गरिएको थियो।

ती कार्यक्रममार्फत आचारसंहिता पालन, मतदाता सचेतना र शान्तिपूर्ण मतदानका विषयमा छलफल गरिएको प्रमुख जिल्ला अधिकारी यादवले जानकारी दिए। उनका अनुसार संयुक्त सुरक्षा परिचालन, सीमा समन्वय र बहुपक्षीय सहकार्यका माध्यमबाट महोत्तरीमा स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा मतदान सम्पन्न गराउने तयारी अन्तिम चरणमा पुगेको छ।

# मातृभाषाको विरोध गर्ने अपराधी हो




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा २६ औं अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइएको छ । मातृभाषा मधेश प्रदेश सघर्ष समितिले सो दिवस मनाएका हुन्।

सन् २००० मा सन्युक्त राष्ट्र सघले प्रत्येक बर्ष २१ फेब्रुअरीको दिन अन्तरराष्ट्रिय मातृभाषा दिवस मनाउने निर्णय गरेको थियो । सोही अनुसार प्रत्येक वर्ष २१ फरवरीका दिन अन्तर्राष्ट्रिय मैथिली भाषा दिवस मनाइदै आएको छ।

कार्यक्रममा उपस्थित वक्ताहरूले मधेश प्रदेश सरकार र यहांका मातृभाषा विरोधी सांसदहरूलाई घोर विरोध गरेका थिए। कार्यक्रमका आयोजक रामरिझन यादबले विश्वमा मातृभाषाको आन्दोलनलाई विस्तृत रूपमा जानकारी दिदै प्रत्येक विद्यार्थीलाई मातृभाषामा प्राथमिक शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई नेपालका खस अहंकारवादी शासकहरूले हरण गरेको आरोप लगाए।

तर, अहिले सघीय शासन व्यवस्थामा प्राप्त अधिकारलाई समेत मधेश प्रदेश सरकारले समेत लागु गर्न नसकेकोमा दुख व्यक्त गरे। उनले मातृभाषा विरोधी मधेश प्रदेश सरकार र सांसदहरूलाई अपराधीको संज्ञा समेत दिए।

कार्यक्रममा मैथिली साहित्यकार सभाका अध्यक्ष अरबिन्द यादव, नागरिक समाज सिरहाका अगुवा धनिकलाल यादव, शिक्षकहरू उमेश यदव, विमल यादव, दीपेन्द्र यादव लगायतका वक्ताहरुले पनि आ आफ्ना विचार राखेका थिए। यसअघि जुलुस समेत प्रदर्शन गरिएको थियो । जनकपुरधामको जनक चोकबाट विभिन्न नाराहरू लगाउदै रेल्बे स्टेसनमा कोण सभामा परिणत भई जुलुस सम्पन्न भएको थियो।

# मदिराजन्य पदार्थ बिक्रीमा रोक



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै मौन अवधिभर मदिराजन्य पदार्थको बिक्री, वितरणमा पूर्ण रोक लगाउने निर्णय गरिएको छ। शान्तिपूर्ण र मर्यादित वातावरणमा निर्वाचन सम्पन्न गराउने उद्देश्यले जिल्ला प्रशासन कार्यालयले यस्तो निर्णय गरेको हो।

जिल्ला प्रशासन कार्यालय सर्लाहीमा बसेको सुरक्षा अधिकारी तथा होटल तथा पर्यटन व्यवसायी संघ सर्लाहीका पदाधिकारीहरूको संयुक्त बैठकले फागुन १८ गते राति १२ बजेदेखि फागुन २१ गते राति १२ बजेसम्म मदिराजन्य पदार्थको बिक्री, वितरण तथा सेवनसमेतमा रोक लगाउने निर्णय गरेको जनाइएको छ।

निर्वाचनसँगै नजिकिँदै गरेको फागु पूर्णिमा (होली) पर्वलाई मध्यनजर गर्दै फागुन १५ गतेदेखि १८ गतेसम्म होटल व्यवसाय बेलुका ८:३० बजेसम्म मात्र सञ्चालन गर्न पाइने व्यवस्था गरिएको छ। यस निर्णयले सम्भावित झै-झगडा तथा अवाञ्छित गतिविधि नियन्त्रणमा सहयोग पुग्ने प्रशासनको विश्वास छ।

बैठकमा सहभागी व्यवसायीहरूले प्रशासनको निर्णय कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले अनाधिकृत रूपमा सञ्चालनमा रहेका मदिरा पसलहरूमा अनुगमन तथा सर्च अभियान सञ्चालन गरिने र नियम उल्लंघन गर्नेलाई कानुनी कारबाही गरिने चेतावनी दिएका छ्न ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन प्रशासनले विभिन्न सुरक्षा तथा निगरानीका उपायहरू अघि बढाएको जनाएको छ । यसअघि नै राजनीतिक दलहरूको उपस्थितिमा फागुन १५ गतेदेखि २२ गतेसम्म जिल्लामा दुई पाङ्ग्रे तथा चारपाङ्ग्रे विदेशी सवारी साधन सञ्चालनमा रोक लगाउने निर्णय यसअघि नै गरिसकिएको छ।

# परिक्रमा आज ध्रुव कण्डमा



**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला माध्यमिकी परिक्रमा शनिवार छठौ दिन महोत्तरी जिल्लाको मडई पुगेको छ भने आइतवार ध्रुव कुण्ड पुग्नेछ । मडईमा मुनेश्वर महादेवको मन्दिरमा परिक्रमामा सहभागीहले दर्शन तथा पूजापाठ गरेका छन् ।

फागुन ४ गतेदेखि शुरु भएको मिथिलाञ्चलका महाकुम्भ मानिने सांस्कृतिक उत्सव तथा संसारकै लामो धार्मिक पदयात्राको रुपमा रहेको मिथिला माध्यमिकी परिक्रमा यसअघि हनुमानगढीबाट कल्याणेश्वर, भारतको गिरिजास्थान, महोत्तरीको मटिहानी, जलेश्वर हुँदै मडई पुगेका हुन । मडईमा विश्रामपछि धुवकुण्डका लागि प्रस्थान गर्नेछ।

प्राचीन मिथिलाको राजधानी जनकपुरधामको अग्निकुण्डबाट किशोरीजी अर्थात् माता जानकी र मिथिलाबिहारी नगरपालिकाको कचुरी मठबाट मिथिला विहारी भगवान् रामचन्द्रको दुई प्रमुख डोलाको नेतृत्वमा धार्मिक झाँकी भजन, कीर्तनसहित परिक्रमाको डोलासहित जनकपुरधामबाट सुरु भएको मिथिला परिक्रमा विधिवत रुपमा १५ दिने यात्रा तय गरिरहेका छन् ।

महाशिवरात्रिलगत्तै सुरु भएको मिथिलाको सर्वाधिक लोकप्रिय १५ दिने परिक्रमाका कारण मिथिलाञ्चलमा यसपालीको फागुन महिना उल्लास एवं भक्तीमय हुने भएको छ।

ध्रुव कुण्ड पश्चात कञ्चनवन, पर्वता, धनुषाधाम, औरही, विशौल, कल्याणेश्र र फागुन पूर्णिमाको जनकपुर फर्कनेछ । मिथिला विहारीको नेतृत्वमा पारम्पारिकरुपले आयोजना हुँदै आएको यो परिक्रमामा हजारौं सहभागिता रहने गरेको छ।

परिक्रमावासी राति गाउँभन्दा टाढा खुला चौर, बगैंचा वा पोखरीको डिलमा विश्राम गर्छन् । स्थानीय बासिन्दाले पनि सहभागीका लागि अन्न, दाउरा तथा परिक्रमामा सहभागी गोरुका लागि परालसमेत उपलब्ध गराउने गर्दछन् ।

सहभागी दिनभरि यात्रा गर्छन् र भजन, कीर्तन तथा सत्संग गरेर रात बिताउँछन्। नेपाल भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सद्भावका प्रतीक बनेको परिक्रमा यात्रामा नेपालको धनुषा र महोत्तरीको १३ तथा भारतको दुई गरी १५ विश्रामस्थल छन् ।

मिथिला महात्म्यअनुसार १८ औ शताब्दीदेखि यो धार्मिक यात्रालाई माध्यमिकी परिक्रमाकारुपमा मनाइँदै आएको हो । यस यात्राका सहयात्रीले नेपालका १०७ एवं भारतको २६ गरी १३३ किलोमिटर भूमिका पैदलयात्रा तय गर्नुपर्ने परम्परा छ। परिक्रमामा सहभागी हुनाले मन, वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने तथा मोक्षप्राप्ति हुने धार्मिक मान्यता रहेको छ।

प्राचीन मिथिलाको राजधानी जनकपुरको चारै कुनामा स्थापना भएका चार शिवालय कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथलाई आधार मानी परिक्रमा गर्ने परम्परा रहेको छ । मिथिला महात्मयमा माध्यमिकी परिक्रमा गर्न नसक्नेले छोटो दूरीको अन्तगृह परिक्रमा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। अन्तगृह परिक्रमाको सीमा क्षेत्र जनकपुरधाम नगर क्षेत्रको परिक्रमा गर्नेछ।

**शिक्षासम्बन्धी संवैधानिक हक**

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत शिक्षामा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई साँकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

शिक्षासम्बन्धी हकको उपयोग गरौं।
निःशुल्क, अनिवार्य, समान पहुँचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८